सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ फागुन २०८२, सोमबार (23 Feb 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



गौरमा आज बिहान सद्भाव च्याली

सद्भाव बिथोल्ने गरी भएको घटनामा २३ पक्राउ, कानुनी कारबाही गर्न प्रहरी प्रशासनलाई आग्रह गर्ने सर्वपक्षीय बैठकको निर्णय

रौतहटमा **अशोक पहाडी**

सामाजिक सद्भाव बिथोल्ने गरी झडप र तोडफोड भएपछि रौतहट सदरमुकाम गौरमा शनिबारदेखि जारी कर्फ्युका विषयमा सोमबार बिहान निर्णय हुने भएको छ। रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालका अनुसार कर्फ्युबारे निर्णय लिनुपूर्व गौर नगरपालिका- ६, सबगढामा बिहान साढे सात बजे सद्भाव च्याली आयोजना हुनेछ।

'आइतबारको सर्वपक्षीय बैठकको पाँचबुँदे निर्णयअनुसार सद्भाव च्याली हुन्छ। च्यालीमा जनसहभागिता र त्यसअवधिसम्मको सुरक्षाको विश्लेषण गरेर कर्फ्युका विषयमा निर्णय हुन्छ,' उनले भने, 'शान्तिसुरक्षा कायम गर्न कर्फ्यु लगाउनुपरेको हो, हामी धेरै नलम्बियोस् भन्ने पक्षमा छौं।'

कर्फ्युका कारण आइतबार गौरमा अदालतसहित सरकारी सेवा ठप्प रह्यो भने उद्योग, कलकारखाना र बजार बन्द थियो। गौरमा शनिबार दिउँसो १ बजेदेखि कर्फ्यु छ, आइतबार बिहान साढे दुई घण्टा खुकुलो पारिए पनि त्यसपछि कडाइ गरिएको थियो।

आइतबार दिउँसो बसेको सर्वपक्षीय बैठकले पाँचबुँदे सहमति गर्नुका साथै सबै मिलेर सौहार्दपूर्ण वातावरण कायम गर्दै

» पृष्ठ २ मा क्रमशः

■ सरकारी थिंक ट्यांकको सुझाव

पूर्णसमानुपातिक निर्वाचन, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री

प्रतिवेदनका मुख्य सिफारिस

- १६ सदस्यीय संघीय र सात-सात सदस्यीय प्रदेश मन्त्रिपरिषद्
- आकांक्षी उम्मेदवारबिच प्रारम्भिक मतदान गराई त्यसको नतिजाका आधारमा मात्र उम्मेदवार चयन गर्ने
- संघ र प्रदेश दुवैमा पूर्णसमानुपातिक निर्वाचन प्रणाली अपनाउन सिफारिस
- संघ र प्रदेश दुवै सरकारमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी
- विधायिकी कार्यका लागि संसद् र विज्ञको संलग्नतासहितको सरकार


सुवास भट्ट/नयाँ पत्रिका

कुनै पनि दलको स्पष्ट बहुमत नआउने र संसद्को अंकगणितका आधारमा बन्ने सरकार पनि लामो समय नटिक्ने समस्या अन्त्य गर्न वर्तमान निर्वाचन प्रणाली नै सुधार गर्नुपर्ने सिफारिस सरकारी थिंक ट्यांकले गरेको छ। संसद् र सरकारको प्रभावकारिता कमजोर हुनुमा पनि निर्वाचन प्रणाली नै जिम्मेवार रहेको सरकारको थिंक ट्यांक नीति अनुसन्धान प्रतिष्ठानको एक अध्ययनले ठहर गरेको हो।

नेपालको संसद् र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीको प्रभाव, यसले सिर्जना गरेको चुनौती र सुधारका सम्भावनामा केन्द्रित अध्ययनले पूर्णसमानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्ने र प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री नै उत्तम हुने रायसहितको विकल्प सिफारिस गरेको छ। 'संसद् र सरकारको प्रभावकारितामा निर्वाचन प्रणाली : चुनौती र सुधारको आवश्यकता' शीर्षकमा प्रतिष्ठानले अध्ययन गरेर अघिल्लो महिना माघमा मात्रै सरकारलाई प्रतिवेदन बुझाएको हो। प्रतिष्ठानका बोर्डसचिवसमेत रहेका लक्ष्मणप्रसाद भट्टराईले सोचपत्र तयार गरेका हुन्। भट्टराई ०६४ को पहिलो संविधानसभा निर्वाचनको समयमा तीन वर्षभन्दा बढी निर्वाचन आयोगमा सहसचिव थिए। उनी निर्वाचन प्रणाली छनोटका सम्बन्धमा भएका धेरै छलफलहरूमा सहभागी थिए। 'संसद् र सरकारको प्रभावकारिता बढाउन विद्यमान निर्वाचन प्रणालीमा सुधार आवश्यक छ। पूर्णसमानुपातिक निर्वाचन प्रणाली नै उत्तम विकल्प रहेको अध्ययनको निष्कर्ष छ,' भट्टराईले भने।

हाल नेपालले प्रतिनिधिसभा निर्वाचनका लागि मिश्रित प्रणालीअन्तर्गतको समानान्तर प्रणाली अपनाएको छ। मिश्रित समानान्तर प्रणालीमा बहुमत (बढी मत) तथा समानुपातिक प्रणाली दुवैको छुट्टाछुट्टै अस्तित्व रहन्छ र परिणाम पनि बेग्लाबेग्लै प्राप्त हुन्छ। संसद् र सरकार दुवैमा गठबन्धन वा मिलिजुली परिणाम दिने सम्भावनासँग सम्बन्धित यो निर्वाचन प्रणालीले चुनावी तालमेल तथा संसद् र सरकारमा गठबन्धनको

» पृष्ठ २ मा क्रमशः



अध्ययनकर्ता लक्ष्मणप्रसाद भट्टराई भन्छन्-

अन्तर्राष्ट्रिय अभ्याससमेतको आधारमा सिफारिस गरेका हौं



संसद् र सरकारको प्रभावकारिता बढाउन विद्यमान निर्वाचन प्रणालीमा सुधार आवश्यक छ। पूर्णसमानुपातिक निर्वाचन प्रणाली नै उत्तम विकल्प रहेको अध्ययनको निष्कर्ष छ। अन्तर्राष्ट्रिय अभ्यासमा रहेको सूत्रसमेतको आधारमा विश्लेषण गरी संघीय प्रतिनिधिसभा १६५ र सातै प्रदेश सभाको कुल सदस्य संख्या ४१२ हुनुपर्ने निष्कर्ष छ। सरकारको प्रभावकारिता बढाउन प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री जरुरी देखिन्छ। संसद्लाई विधायिकी सीमाभित्र राखेर, सांसद मन्त्री बन्न नपाउने गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले विज्ञ र विशेषज्ञ सम्मिलित सरकार गठनको विकल्प सिफारिस गरेका छौं। राजनीतिक छलफल र सहमति गरेर संविधानमा आवश्यक संशोधन गर्नुपर्छ।

प्रतिनिधिसभामा १६५ र सातवटै प्रदेश सभामा कुल ४१२ सिट मात्रै राख्न सिफारिस

राष्ट्रिय सभालाई ४५ मा झार्नुपर्ने, विज्ञहरूको सभा बनाउनुपर्ने

प्रतिष्ठानले विश्वमा मूल रूपमा प्रचलनमा रहेका बहुमतीय, समानुपातिक र मिश्रित प्रणालीको सबल र दुर्बल पक्षसहितको अलग-अलग विश्लेषण गरेको छ। नेपालको हकमा विविध जनजाति र भौगोलिक क्षेत्रको समावेशी प्रतिनिधित्वसमेत सुनिश्चित हुन सक्ने भन्दै पूर्ण समानुपातिक प्रणालीलाई पहिलो विकल्पमा राखेको छ। प्रदेशअनुसार सातै बहुसदस्यीय निर्वाचन क्षेत्रमा खसेको सदर मतको दुई प्रतिशत मतलाई थ्रेसहोल्ड मानी न्यूनतम मत प्राप्त गर्ने दललाई मात्र राष्ट्रिय दलको मान्यता दिँदै त्यस क्षेत्रबाट सिट प्राप्तिको व्यवस्था गर्नुपर्ने सिफारिस छ। राजनीतिक दलहरूले समानुपातिक सांसदहरूको बन्दसूची तयार गर्दा सबैभन्दा पछिल्लो मतगणनाअनुसार जनसंख्याको अनुपातमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रत्येक वर्गको छुट्टाछुट्टै बन्दसूची पठाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। बन्दसूचीमा सूचीकृत हुने उम्मेदवारको चयन गर्न दलका आकांक्षीहरूबिच प्राथमिक मतदान गराई त्यसको नतिजाका आधारमा उम्मेदवार चयन र प्राथमिकताक्रम निर्धारण गर्ने व्यवस्था गर्न प्रतिवेदनले सुझाएको छ।

हाल १६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचन प्रणाली र थप ११० सिटका लागि समानुपातिक प्रणाली अपनाइएको छ। यस आधारमा प्रतिनिधिसभा कुल २७५ सदस्यीय छ। तर, कुल १६५ सदस्यीय मात्रै बनाउनु उपयुक्त हुने प्रतिष्ठानको सुझाव छ। 'हाल १६५ निर्वाचन क्षेत्र कायम भएको अवस्था रहेको र वैज्ञानिक सूत्रअनुसार गणना गरिएको संख्या १६२ सँग लगभग बराबरजस्तो भएकाले प्रतिनिधिसभाको कुल सदस्य संख्या १६५ मात्र निर्धारण गर्नु उपयुक्त हुन्छ,' प्रतिवेदनमा उल्लेख छ। प्रतिष्ठानले प्रदेश सभामा पनि पूर्णसमानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने गरी ढाँचासहितको सिफारिस गरेको छ। सातवटै प्रदेश सभाको कुल संख्या हाल ५५० रहेकामा ४१२ भए उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ।

प्रतिष्ठानले दोस्रो विकल्पस्वरूप संविधानले अंगीकार गरेको समावेशी प्रतिनिधित्वसमेत सुनिश्चित हुने गरी संशोधनसहितको प्रत्यक्ष निर्वाचन प्रणालीको प्रस्ताव गरेको छ। त्यस्तै, मिश्रित निर्वाचन प्रणाली नै अपनाउने तेस्रो विकल्पमा मौजुदा निर्वाचन प्रणाली र प्रक्रियाका सुधारका पाटोबारे पनि प्रतिवेदनले विश्लेषण गरेको छ। प्रत्यक्ष र समानुपातिक दुवैतर्फको कुल सदस्य संख्या गणना गर्दा प्रतिनिधिसभा तथा प्रदेश सभामा आवश्यकताभन्दा बढी सदस्य रहेको अध्ययनको ठहर छ। नेपालजस्तै समान जनसंख्या र अर्थतन्त्र भएका १० देशको आधारसमेत लिएर प्रतिवेदनले विश्लेषण गरेको छ।

राष्ट्रिय सभा सधैं चलिरहने स्थायी सदन हो। यसलाई कायम राख्नुपर्ने र विद्वान् तथा विज्ञ-विश्लेषकहरूको थलो बनाउनु उपयुक्त हुने प्रतिष्ठानको सिफारिस छ। यसका लागि राजनीतिक दलले उम्मेदवार बनाउँदा नै विज्ञ-विशेषज्ञहरूबिच मात्र प्रतिस्पर्धा हुने गरी कानुनी रूपबाटै सुनिश्चित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय सभामा हाल ५९ सदस्यीय रहेकामा ४५ सदस्यीय बनाउनु उपयुक्त हुने प्रतिष्ठानको ठहर छ।

निर्वाचन आचारसंहिता फितलो अनुगमन



अग्रलेख

● अनु भट्टराई

दल र उम्मेदवारबाट आचारसंहिताको उल्लंघन हुनु र न्यायोचित एवं प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा आयोगको फितलो अनुगमन जिम्मेवार छ

(पृष्ठ ४)

भारतबाट थप १०० मेगावाट बिजुली किन्ने दोस्रो टेन्डरमा पनि परेन आवेदन

(विस्तृत पृष्ठ ६)

निर्वाचनमा तीन दिन बिदा प्रस्ताव

नयाँ पत्रिका



निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तीन दिन सार्वजनिक बिदा दिन प्रस्ताव गरेको छ। आयोगको आइतबार बसेको बैठकले २०, २१ र २२ फागुनमा सार्वजनिक बिदा गर्न सरकारलाई सिफारिस गरेको हो।

'निर्वाचनको दिन मतदानमा मतदाताको उत्साहजनक सहभागिता बढाउने उद्देश्यले आयोगले तीन दिन बिदाको सिफारिस गरेको छ,' आयोग प्रवक्ता नारायण भट्टराईले भने। उनका अनुसार तीन दिनमा मतदाता आफ्नो मतदानस्थल पुगी मतदान सकेर कार्यस्थलमा फर्किन सक्ने समयको लेखाजोखा गरेर तीन दिन सिफारिस गरिएको हो।

नेपाली क्यालेन्डरअनुसार १८ फागुनमा पहाडी जिल्ला र १९ मा तराईका जिल्लामा होली पर्वको बिदा छ। आयोगले २०, २१ र २२ फागुनमा बिदा दिन प्रस्ताव गरेको छ। २३ फागुनमा शनिबार छ भने २४ मा आइतबार नारी दिवसको अवसरमा सार्वजनिक बिदा छ।

४६७ भ्रामक सूचनामाथि कारबाही गर्न आयोगको सिफारिस



टेकराज थामी/नयाँ पत्रिका

निर्वाचन आयोगले चुनावका क्रममा फैलाइएका ४६७ भ्रामक सूचना पहिचान गरी तीविरुद्ध कारबाही गर्न सिफारिस गरेको छ। सिफारिस गरिएका सूचनामध्ये सबैभन्दा धेरै साइबर अपराधसँग सम्बन्धित छन्।

आयोगका अनुसार गत २९ पुसयता मात्र कारबाहीका लागि

» पृष्ठ २ मा क्रमशः

- **साइबर अपराध** : २९१
  कारबाही गर्न साइबर ब्युरोमा सिफारिस
- **निर्वाचन आचारसंहिता उल्लंघन** : ७१
  आचारसंहिता उल्लंघन समितिलाई सिफारिस
- **पत्रकार आचारसंहिता उल्लंघन** : ६५
  कारबाहीका लागि प्रेस काउन्सिललाई सिफारिस
- **एक्जिट पोल गर्ने वेबसाइट** : ११
  प्रसारण बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई सिफारिस
- **भ्रामक विज्ञापन** : १
  कारबाही गर्न विज्ञापन बोर्डमा सिफारिस
- **मिथ्या सूचना** : २८
  आचारसंहिता उल्लंघन समितिलाई सिफारिस

प्रचारमा भौतिक चुनाव चिह्नको प्रयोग गर्न नपाइने

आयोगका प्रवक्ता नारायण भट्टराईले भने–



हामीले विभिन्न चिह्न दिएका छौं, जस्तो हँसिया हतौडा, खुकुरी छ। अब कोही बोकेर आयो भने त्रास सिर्जना हुन्छ। आखिर हतियारै हो। यो कुराको समीक्षासहित सुरक्षा संवेदनशीलता आकलन गरेर आयोगले रोक लगाएको हो।

लालपुर्जाविहीन 'भोट बैंक'

'भोट बैंक' मानिएको मकवानपुरको सिमलटारमा २३ सय घरधुरीको ३० वर्षदेखि बसोबास छ, तर हातमा लालपुर्जा छैन। त्यसैले सपना, आश्वासन र आक्रोशबिच सिमलटार बस्तीको अडान छ– पहिले जग्गाधनी पुर्जा, त्यसपछि मात्र मत।



सिमलटारका स्थानीय बासिन्दासमेत रहेका राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, हेटौंडाका नगर अध्यक्ष गोविन्दप्रसाद न्यौपानेले यसपटक प्रतिनिधिसभा निर्वाचनको मौका पारेर उम्मेदवारहरूसँग प्रतिबद्धता मागेको बताए। उनका अनुसार अहिलेसम्म कांग्रेसका क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामा, एमालेका महेश्वर बर्तौला, राप्रपाका रामबहादुर थोकर, नेकपाका लवशेर विष्ट, प्रलोपाका सन्तोष विष्टलगायतले लालपुर्जा प्राप्तिका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमतीको राजधानी हेटौंडा उपमहानगर- ११ को सिमलटार। राजधानीको मुटुमै रहेको यो बस्ती सम्भवतः उपमहानगरकै सबैभन्दा ठुलो टोल विकास संस्था हो, जहाँ २३ सयभन्दा बढी घरधुरीको बसोबास छ।

यहाँ थरीथरीका घर छन्, आँगन छन्। र, बालबालिकाको मुहारमा हाँसो छ। चुनावका वेला झन्डा र पोस्टरले रँगिने गल्लीहरू पनि छन्। तर, छैन त एउटा कागजी लालपुर्जा। तीन दशकदेखि एउटै प्रश्न यहाँका बासिन्दाको ओठमा छ- हातमा लालपुर्जा कहिले आउँछ ?

०५२ साल पुस ६ गते, विभिन्न ठाउँबाट आएका करिब १७ सय परिवारले छाप्रो हालेर सुरु गरेको बसोबास आज २३ सयभन्दा बढी घरधुरीको स्थायी बस्ती बनेको छ। यसबिचमा यहाँ सडक बने, बिजुली बल्यो, खानेपानी आयो र ढल निकासको पनि व्यवस्था भएको छ।

समग्रमा भन्दा राजधानीको सुविधा यहाँसम्म आइसकेको छ। तर, स्वामित्वको प्रमाण मानिने जग्गाधनी पुर्जा पुगेको छैन। बस्तीका सबैको लालपुर्जा पाउने सपना अधुरै छ। लालपुर्जा नहुँदा यहाँका घरहरू कानुनी

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पूर्णसमानुपातिक...

पृष्ठ १ बाट क्रमशः

संस्कृति हुर्काएको प्रतिवेदनले उल्लेख गरेको छ । गठबन्धन संस्कृतिका कारण हुर्किएको भागबन्डाको अभ्यासले जनताका विषय ओझेल परेको र विश्वास पनि घट्दै गएको अध्ययनको ठहर छ ।

'संसद् तथा सरकार अर्थात् व्यवस्थापिका र कार्यपालिका, दुवै नै देश र जनताको हितमा काम गर्न चुकेको तथा गठबन्धन मिलाउन र टुटाउनमा नै धेरै समय व्यतीत भएको देखिएको छ,' प्रतिवेदनमा उल्लेख छ । ०७२ मा संविधान जारी भएपछि ०७४ र ०७९ मा सम्पन्न दुई आमनिर्वाचनको परिणाम विश्लेषणसहित निर्वाचन प्रणालीका कारणले संसद्मा देखिएको हालको दलीय प्रतिनिधित्वको अवस्था र यसले राजनीतिक स्थिरता र नीति कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी प्रतिष्ठानले नीतिगत सिफारिस गरेको छ ।

'विभिन्न जातजाति, भाषा, धर्म, क्षेत्र, लिंग, समुदायका अल्पसंख्यक, सीमान्तकृतलगायत सबैको समानुपातिक प्रतिनिधित्व हुन सकोस् भन्ने सदाशयताका साथ संवैधानिक व्यवस्थाअनुरूप ल्याइएको मिश्रित निर्वाचन प्रणालीलाई दलका नेतृत्व वर्गले आफूखुसी, विधि र प्रक्रियासमेतलाई नमानी, दुरुपयोग गरेको अवस्था छ,' प्रतिवेदनमा भनिएको छ, 'यसमा सुधार ल्याउनु अत्यावश्यक भएको छ भन्ने स्वयं राजनीतिक दल तथा संसद्मा समेत बहसमा आउन थालेको छ ।'

त्यसो त नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीमा एकल बहुमत पाउँदाको अनुभव पनि सुखद नभएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा भएका आठमध्ये एउटै दलले बहुमत प्राप्त गरेका चार निर्वाचनमा संसद्को आयु तीन वर्ष नकटेको स्थिति प्रतिवेदनले उल्लेख गरेको छ । कतिपय अवस्थामा प्रतिपक्षी दलहरूका कारणले मात्रै होइन, सत्तामा रहेका दलभित्रैका आन्तरिक सवालहरूको सम्बोधन नहुँदा बहुमत हुँदाहुँदै पनि दल नै विभाजन र संघीय संसद् विघटन भएका छन् । कुनै दलको स्पष्ट बहुमत नभई मिलिजुली सरकार हुँदा पनि सफलता भएको भारतीय उदाहरणसमेत प्रतिष्ठानले प्रतिवेदनमा समेटेको छ ।

नेपालको हकमा विविध जनजाति र भौगोलिक क्षेत्रको समावेशी प्रतिनिधित्वसमेत सुनिश्चित हुन सक्ने भन्दै पूर्ण समानुपातिक प्रणालीलाई पहिलो विकल्पमा राखेको छ । हाल १६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचन प्रणाली र थप ११० सिटका लागि समानुपातिक प्रणाली अपनाइएको छ । यस आधारमा प्रतिनिधिसभा कुल २७५ सदस्यीय छ । तर, कुल १६५ सदस्यीय मात्रै बनाउनु उपयुक्त हुने प्रतिष्ठानको सुझाव छ । 'हाल १६५ निर्वाचन क्षेत्र कायम भएको अवस्था रहेको र वैज्ञानिक सूत्रअनुसार गणना गरिएको संख्या १६२ सँग लगभग बराबरजस्तो भएकाले प्रतिनिधिसभाको कुल सदस्य संख्या १६५ मात्र निर्धारण गर्नु उपयुक्त हुन्छ,' प्रतिवेदनले उल्लेख छ ।

प्रतिष्ठानले प्रदेश सभामा पनि पूर्णसमानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने गरी ढाँचासहितको सिफारिस गरेको छ । सातवटै प्रदेश सभाको कुल संख्या हाल ५५० रहेकामा ४१२ भए उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ । 'अन्तर्राष्ट्रिय अभ्यासमा रहेको सूत्रसमेतको आधारमा विश्लेषण गरी संघीय प्रतिनिधिसभा १६५ र सातै प्रदेश सभाको कुल सदस्य संख्या ४१२ हुनुपर्ने अध्ययनको निष्कर्ष छ,' अध्ययनकर्ता भट्टराईले भने ।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, १५ सदस्यीय मन्त्रिपरिषद्

संसद्को सदस्य नरहेको विषयविज्ञ व्यक्ति प्रधानमन्त्रीको सिफारिसमा मन्त्री नियुक्त

हालको राष्ट्रिय राजनीतिमा सरकार बनाउने र गिराउने विषयले बढी प्राथमिकता पाउँदा दल र सांसदहरूको ध्यान बहुमत पुऱ्याउने कसरत र गठबन्धन गर्नेमा बढी केन्द्रित हुँदै आएको छ । यो अवस्थामा संसद्ले राम्रोसँग काम गर्न नपाएको निष्कर्ष प्रतिष्ठानको छ । उसले संसद् प्रभावित नहुने गरी सरकार गठन हुने व्यवस्थाको वकालत गरेको छ । अर्थात् संघीय सरकारमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न सिफारिस गरेको छ ।

दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारहरूबिच प्रत्यक्ष प्रतिस्पर्धा गराई सबैभन्दा बढी मत प्राप्त गर्ने एक उम्मेदवार नै मुलुकको प्रधानमन्त्री हुने गरी संविधानमा आवश्यक संशोधन गर्नुपर्ने प्रतिवेदनमा सिफारिस छ । मतदानका लागि प्रक्रिया पूरा गरेका देशैभरका अधिकारप्राप्त नागरिकले प्रधानमन्त्री चयन गर्नेछन् । हाल प्रतिनिधिसभामा बहुमत प्राप्त सांसदलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने र उनकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने व्यवस्था छ ।

प्रतिष्ठानले मन्त्रिपरिषद् निकै चुस्त बनाउनुपर्ने सुझाव पनि दिएको छ । अधिकारहरू तल्ला तहमा विकेन्द्रित गरिएकाले संघको मन्त्रिपरिषद् १६ सदस्यीय मात्रै बनाउनु उपयुक्त हुने सुझाव छ । हाल मन्त्रिपरिषद् २५ सदस्यीयसम्म बनाउन सकिने व्यवस्था छ ।

मन्त्री बनाउने हालको प्रक्रिया पनि बदल्न प्रतिष्ठानले सुझाव दिएको छ । संसद्को सदस्य नरहेको, विषयविज्ञ व्यक्तिलाई प्रधानमन्त्रीको सिफारिसमा मन्त्री नियुक्त गर्नु उपयुक्त हुने प्रतिष्ठानको निष्कर्ष छ । हाल मन्त्री बन्न प्रतिनिधिसभा सदस्य हुनु अनिवार्य छ । यदि बाहिरको व्यक्तिलाई मन्त्री नियुक्त गरे पनि ६ महिनाभित्र प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर आउनुपर्छ ।

'सरकारको प्रभावकारिता बढाउन प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री जरुरी देखिन्छ । संसद्लाई विधायिकी सीमाभित्र राखेर, सांसद मन्त्री बन्न नपाउने गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीले विज्ञ र विशेषज्ञ सम्मिलित सरकार गठनको विकल्प सिफारिस गरेका छौं,' अध्ययनकर्ता भट्टराईले भने, 'राजनीतिक छलफल र सहमति गरेर संविधानमा आवश्यक संशोधन गर्नुपर्छ ।'

मुख्यमन्त्री पनि प्रत्यक्ष निर्वाचित, सात सदस्यीय प्रदेश सरकार

प्रतिष्ठानले प्रदेशमा मुख्यमन्त्री पनि जनताबाट प्रत्यक्ष निर्वाचित नै हुनुपर्ने सुझाव दिएको छ । त्यस्तै, प्रदेश सरकार सात सदस्यीय मात्रै बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ । हाल प्रदेश सभाबाट बहुमतप्राप्त सांसद मुख्यमन्त्री बन्ने र उनले मन्त्रीहरू नियुक्त गर्ने व्यवस्था छ । प्रदेश सभा सदस्यको १० प्रतिशतलाई मन्त्री बनाउन सकिने व्यवस्था छ ।

हाल ७७८ जनताबराबर एक जनप्रतिनिधि : प्रतिवेदन भन्छ, 'यसमा बहस हुनुपर्छ'

तीनै तहमा जनसंख्याको आधारमा हालको प्रतिनिधित्व रहेको संख्या धेरै हुन आउने र भूगोल, विशिष्ट क्षेत्र, पिछडिएको वर्ग-क्षेत्रलाई समावेश गर्दा पनि अहिलेको प्रतिनिधित्व घटाउन सकिने प्रतिष्ठानको ठहर छ । हाल क्रियाशील ७६१ स्वायत्त सरकारमा संघीय संसद्मा ३३४, सात प्रदेश सभामा ५५० गरी ८८४ सांसद र स्थानीय तहका ३६ हजार ६३९ जनप्रतिनिधि गरी कुल ३७ हजार ५२३ जनप्रतिनिधि छन् । कुल दुई करोड ९१ लाख ६४ हजार जनसंख्या रहेको नेपालमा ७७८ जनताबराबर एक जनप्रतिनिधि आवश्यक हो कि होइन भन्ने विषय अध्ययन, बहस र छलफलको विषय हुन सक्ने प्रतिष्ठानको प्रतिवेदनमा उल्लेख छ ।

दलहरूले लिए समावेशी प्रतिनिधित्वको हुर्मत

असल मनसायबाट लागू गरिएको मिश्रित निर्वाचन प्रणालीको समानुपातिकतर्फको सिट राजनीतिक दलका नेतृत्वले दुरुपयोग गरेको प्रतिवेदनमा उल्लेख छ । दलहरूले संविधानको मर्म र भावना तथा परिभाषित गरिएका अल्पसंख्यक, सीमान्तकृत र दलितको समानुपातिक समावेशी प्रतिनिधित्वलाई जनसंख्याको अनुपातका आधारमा नगरेको प्रतिवेदनमा तथ्यांकसहित नै समावेश गरिएको छ ।

जनसंख्याअनुसार दलितको प्रतिनिधित्व १३.८ हुनुपर्नेमा ६ प्रतिशत मात्र हुँदा खस-आर्यको हुनुपर्ने ३१ प्रतिशतबाट बढाएर ४७ प्रतिशत पुऱ्याइएको प्रतिवेदनमा उल्लेख छ । दलित वर्ग सबैभन्दा अन्यायमा परेको प्रतिष्ठानको ठहर छ । 'यसमा पनि प्रतिनिधित्व गरेका व्यक्तिको पहिचान केलाउने हो भने समावेशीका नाममा आफ्ना नाता, दाता र पहुँचमा भएकाको बाहुल्य छ, जसले समावेशितालाई नै उपहास गरेको पाइन्छ,' प्रतिवेदनमा उल्लेख छ ।

सातै प्रदेश सभामा जनसंख्याको आधारमा दलितको औसत प्रतिनिधित्व १३ प्रतिशत हुनुपर्नेमा ५.६४ प्रतिशत रहेको तथ्यांक प्रतिवेदनमा छ । यस्तो प्रवृत्तिले समावेशी लोकतन्त्रलाई नै चुनौती दिन सक्ने भन्दै सम्बोधनको आवश्यकता प्रतिवेदनले औंल्याएको छ ।

विधायिकी कार्यको अपेक्षित परिणाम देखिएन, सरकार पनि कमजोर

थिंक ट्यांकको अध्ययन प्रतिवेदनले ०७४ र ०७९ को संसदीय निर्वाचनपछिको प्रतिनिधिसभाबाट पारित विधेयकको आधारमा तिनको अलग-अलग मूल्यांकन गरेको छ । ०७४ को निर्वाचनपछि पाँच वर्षको अवधिमा ११ अधिवेशन कुल नौ सय दिन सञ्चालन हुँदा १०२ विधेयक पारित भएका थिए । तिनमा नयाँ विधेयक जम्मा ४७ वटा मात्रै थिए । १७३ दिन संसद् अवरुद्ध हुन पुगेको तथ्यांक प्रतिवेदनमा छ । कानुन निर्माणमा संसद् जिम्मेवार नदेखिएको र मूल भूमिकामा संसद् पछि पर्नु ठिक नभएको प्रतिवेदनले भनेको छ ।

प्रतिष्ठानले ०७९ को निर्वाचनपछि संघीय संसद्को एक वर्षको अध्ययन गर्दा विधि निर्माण गर्नेभन्दा सरकार निर्माण र गठबन्धनका लागि जोड-घटाउमै अधिकांश समय संसद् अवरोध गरेर बिताएको जनाएको छ । 'जनताका सरोकारका विषय मुखरित हुने थलो संसद्लाई बन्धक बनाउनुबाहेक अवरोधको औचित्य साबित हुन सकेको पाइएन,' प्रतिवेदनमा उल्लेख छ । ०७४ को निर्वाचनपछि दुईपटक भएका संघीय संसद् विघटनको चर्चा पनि प्रतिवेदनमा छ । संसद् स्वार्थ र सत्ता प्राप्ति गर्ने थलोका रूपमा दुरुपयोग हुन पुगेको प्रतिवेदनमा भनिएको छ । दलका आन्तरिक विवादलाई निकास दिनेभन्दा संसद् अवरोध गर्ने र विघटन गर्ने प्रवृत्ति देश र जनताको हितमा नभएको प्रतिष्ठानको निष्कर्ष छ ।

सांसदहरू संसद् अवरोध भए पनि बैठकको उपस्थितिमा हाजिरी गरेर बैठक भत्ता बुझेको र विनापरिणाम राज्यकोषको ठुलो रकम खर्च भएको प्रतिवेदनमा उल्लेख छ । एकपटक संसद् बैठक सञ्चालन हुँदा १० लाख रुपैयाँसम्म खर्च हुने अवस्थाले राज्यकोषको अर्बौं रकम सांसदहरूको भत्तामा खर्च हुँदा पनि राज्यले कानुन नपाउने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ ।

विधायिकाका लागि राज्यले गरेको खर्चको औचित्य पुष्टि हुन नसकेकोबारे पनि प्रतिवेदनले विश्लेषण गरेको छ । संघीय संसद्को प्रतिसदस्यका लागि वार्षिक २० लाख ५८ हजार ८६७ रुपैयाँ राज्यले प्रत्यक्ष खर्च गर्ने तथ्यांक प्रस्तुत गर्दै प्रतिवेदनले फर्निचर सुविधा, विमाबापतको रकम, भ्रमण भत्ता, वैदेशिक भ्रमण आदि अन्य अप्रत्यक्ष खर्चसमेतलाई समावेश गर्दा सांसदका लागि ठुलो धनराशि खर्च भएको उल्लेख गरेको छ । प्रदेशतर्फ बागमतीको उदाहरणलाई प्रस्तुत गर्दै प्रतिप्रदेश सभा सदस्यका लागि वार्षिक औसतमा १७ लाख आठ हजार ९० रुपैयाँ प्रत्यक्ष खर्च हुने तथ्यांक प्रतिवेदनमा छ ।

सरकारहरूले पनि जनजीविकाका सवालमा प्रभावकारी काम गर्न नसकेकोबारे प्रतिवेदनले उल्लेख गरेको छ । केन्द्रीय राजनीतिमा आएको समीकरणको प्रभाव तथा केन्द्रीय राजनीतिक हस्तक्षेपका कारण प्रदेश सरकार फेरबदलको सिलसिलाले प्रदेशमा पनि असर परेको ठहर छ । ०७९ को निर्वाचनपछिको २२ महिनामा सात प्रदेशमा २४ मुख्यमन्त्री र २५५ मन्त्री भएका तथ्यांक प्रतिवेदनमा उल्लेख छ । स्वतन्त्र रूपमा काम गर्नबाट प्रदेश सरकारहरू कुनै न कुनै रूपमा संघबाट प्रभावित रहेको र आफ्नो स्वायत्तता र एकल निर्णय गर्नमा प्रदेशहरूले आँट नगरेको प्रतिष्ठानले ठहर गरेको छ । राजनीतिक दल र उनीहरूको आन्तरिक लोकतन्त्रबारे पनि प्रतिवेदनले विवेचना गरेको छ ।

गौरमा आज...

पृष्ठ १ बाट क्रमशः

आपसी सम्मान, सहिष्णुता, एकता र समझदारी कायम गर्न अपिल गरिसकेको छ । सर्वपक्षीय बैठकपछि प्रशासनले गौर नगरपालिका-७, सबगढाका स्थानीय र जनप्रतिनिधिसँग छलफल पनि गरेको छ ।

'दुवै पक्षसँग छलफल गरेका छौं । बाहिरबाट पनि मान्छे आएर गाउँमा आगो लाग्यो, घर भत्काए, यसले क्षतिले गाउँलाई नै भयो नि भनेर सम्झाएका छौं । गाउँमा सबै मिलेर जानुपर्छ भनेर उहाँहरूले पनि महसुस गर्नुभएको छ,' प्रमुख जिल्ला अधिकारी भुसालले भने ।

भुसालले सद्भाव कायम गर्ने गरी प्रशासनले सहमति गराएको तर, उछृंखल गतिविधिमा संलग्नमाथि भने कानुनी कारबाही हुने बताए । '२३ जना पक्राउ परेका छन् । प्रहरीले सोधपुछ गरिरहेको छ । कानुन हातमा लिनेमाथि मुद्दा चल्छ,' उनले भने ।

गत बिहीबार राति पौने १० बजेतिर स्थानीय सत्यनारायण साहको छोरीको विवाहको जन्ती बोधिमाई नगरपालिका- ९, सरमुजवाबाट गौर- ६, सबगढातर्फ मस्जिदको बाटो हुँदै बाजा बजाउँदै जानेक्रममा स्थानीय दुई समुदायबिच विवाद भएको थियो । त्यति बेलै ढुंगा हानाहान हुँदा ६ जना घाइते भएका थिए ।

भोलिपल्ट शुक्रबार दिनभर पनि झडप भएपछि प्रशासनले दुवै पक्षलाई राखेर ६ बुँदे सहमति गराएको थियो । तर, शनिबार पनि बिहानैबाट पुनः झडप निम्तिएपछि प्रशासनले कर्फ्यु लगाएको थियो ।

■ सर्वपक्षीय बैठकका पाँच निर्णय

१. शान्तिपूर्ण वातावरण कायम गर्न सरोकारवाला सबै पक्षले सार्वजनिक अपिल जारी गर्ने
२. सबगढा गाउँमा भएको विवाद समाधान गर्न जिल्ला सुरक्षा समितिले औपचारिक, अनौपचारिक छलफल वा बैठक गरी समस्या समाधानका लागि पहल गर्ने
३. अन्तर्राष्ट्रिय रूपमा घटेका घटनालाई रौतहटभित्रको घटना भएको भनी विभिन्न व्यक्तिले सामाजिक सञ्जालमा अनर्गल रूपमा प्रचारप्रसार गरी शान्तिपूर्ण अवस्थामा खलल पुग्ने अवस्था देखिएमा आवश्यक कारबाही गर्ने कार्यमा सुरक्षा निकायलाई सहयोग गर्ने
४. घटनामा पक्राउ परेका व्यक्तिका सम्बन्धमा सुरक्षा निकायको अनुसन्धानबाट दोषी देखिएमा र अनुसन्धान हुँदै जाँदा दोषी अन्य व्यक्तिसमेतलाई कानुनी दायरामा ल्याई कारबाही गर्न प्रहरी प्रशासनलाई आग्रह गर्ने
५. रौतहटभर धार्मिक, सामाजिक-सांस्कृतिक सद्भाव कायम गर्ने तथा सार्वजनिक शान्ति कायम गर्न र धार्मिक-सामाजिक-सांस्कृतिक सद्भाव र शान्तिको सन्देश दिने उद्देश्यले सोमबार बिहान साढे सात बजे नागरिक समाजको अगुवाइमा सरोकारवाला सबैको सहभागिता गराई सबगढामा सद्भाव च्याली गर्ने



लालपुर्जाविहीन...

पृष्ठ १ बाट क्रमशः

हिसाबले अधुरा छन् । घर धितो राखेर ऋण लिन पाइँदैन । भविष्य सुरक्षित छ भन्ने भरोसा छैन । पुस्तौंदेखि बसोबास गरिरहे पनि कानुनको नजरमा अस्थायी छन् । यही असुरक्षाले सिमलटारलाई केवल बस्ती होइन, एउटा प्रतीक्षालय बनाइदिएको छ ।

एउटै टोलमा यति ठुलो जनसंख्या रहेकाले यस क्षेत्रलाई मकवानपुर क्षेत्र नम्बर २ को 'भोट बैंक'का रूपमा हेरिन्छ । त्यसैले चुनाव नजिकिँदै जाँदा उम्मेदवारहरू मत माग्दै टोलटोल घुमिरहेका छन् ।

उम्मेदवारको भाषणमा विकास, समृद्धि, रोजगारी र नयाँ सपना आउँछन् । तर, मत माग्न आउने हरेक उम्मेदवारलाई स्थानीयले सुरुमै एउटै प्रश्न सोध्छन्- अनि लालपुर्जाचाहिँ खोइ ? हरेक उम्मेदवारले पहिलाजस्तै एउटै जवाफ दिन्छन्- चुनाव जितेपछि यसपटक हुन्छ ।

चारवटा निर्वाचन पार गरिसकेका सिमलटारवासीले धेरै घोषणापत्र सुने । धेरै वाचा र धेरै आश्वासन पनि पाए । त्यसैले स्थानीय रामबहादुर थिङको आक्रोश छ । भन्छन्, 'हरेक चुनावमा 'हामीले नै गर्ने हो' भनेर भोट माग्छन् । जितेपछि फर्केर हेर्दैनन् । अब त स्पष्ट कार्ययोजना चाहियो । जसले आधार र ग्यारेन्टी दिन्छ, उसैलाई भोट दिन्छौं ।'

यस्तै, लक्ष्मी विश्वकर्माको प्रश्न र उत्तर छ, 'हामी कहिलेसम्म सुकुमवासी नै हुने ? ३० वर्ष भयो यहाँ बसेको । बाटो आयो, पानी आयो, बिजुली आयो । तर, लालपुर्जा आएन । अब लालपुर्जा दिनेलाई मात्रै भोट ।'

सिमलटार टोल विकास संस्था र राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले यसपटक चुनावी माहोललाई दबाबको अवसर बनाएका छन् । उम्मेदवारहरूलाई भेटेरै ध्यानाकर्षणपत्र बुझाइँदै छ । 'किन लालपुर्जा पाएनौं ? कहिले पाउँछौं ?' भन्ने प्रश्न अब भाषणमा सीमित नरहने उनीहरूको भनाइ छ ।

टोल विकास संस्थाका अध्यक्ष देवकृष्ण थोकरका अनुसार बफरजोन, आरक्ष र वन क्षेत्रसँग जोडिएका कानुनी जटिलताले प्रक्रिया अड्किएको छ । तर, उनी विश्वास गर्छन्, संसद्मा आवाज बुलन्द भए, कानुन संशोधन गरेर भए पनि समाधान सम्भव छ । 'यहाँबाट जितेर जाने सांसदले हाम्रो विषय संसद्मा जोडदार रूपमा उठाउनुपर्छ,' उनी भन्छन्, 'कानुन फेरिएपछि हाम्रो जीवन पनि फेरिनुपर्छ ।'

भूमि समस्या समाधान आयोग, मकवानपुरका विज्ञ सदस्य अर्जुन चौलागाईंका अनुसार सिमलटारका २७-२८ सय फाइल आयोगमा दर्ता छन् । तीमध्ये करिब एक हजार एक सय भूमिहीन दलित र सुकुमवासीका फाइल हुन् । ६ सय प्रमाणीकरण भइसकेका छन् । 'नापजाँच सकिएको छ । प्रक्रिया अन्तिम चरणमा छ,' उनी भन्छन्, 'समन्वय अभावले ढिलाइ भएको छ । अब चाँडै लालपुर्जा वितरण हुन्छ ।'

सिमलटारका बासिन्दाले यस्ता आश्वासन धेरैपटक सुनेका छन् । त्यसैले यसपटक भने चुनावी बहस विकासका अरू एजेन्डाभन्दा लालपुर्जामै केन्द्रित छ । मकवानपुर २ मा दुई निर्वाचन क्षेत्रमा ४४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । कांग्रेस, एमाले, राप्रपा, नेकपा र अन्य दलका उम्मेदवारहरूले लालपुर्जा वितरणलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएका छन् । उनीहरूको भाषणमा प्रतिबद्धता र कागजमा वाचा छ ।

सिमलटारका स्थानीय बासिन्दासमेत रहेका राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, हेटौंडाका नगर अध्यक्ष गोविन्दप्रसाद न्यौपानेले यसपटक प्रतिनिधिसभा निर्वाचनको मौका पारेर उम्मेदवारहरूसँग प्रतिबद्धता मागेको बताए । उनका अनुसार अहिलेसम्म कांग्रेसका क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामा, एमालेका महेश्वर बर्तौला, राप्रपाका रामबहादुर थोकर, नेकपाका लवशेर विष्ट, प्रलोपाका सन्तोष विष्टलगायतले लालपुर्जा प्राप्तिका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यस्तै, क्षेत्र नम्बर १ का कांग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय डिना, एमालेका रामेश्वर राना, नेकपाका विजय गौतम, राप्रपाका दीपकबहादुर सिंहलगायत अन्य दलका उम्मेदवारहरूले पनि भूमिहीनको समस्या समाधान आफ्नो प्राथमिकतामा रहेको बताएका छन् । उनीहरूले लालपुर्जा वितरण प्रक्रिया छिटो र पारदर्शी ढंगले अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

Budhanilkantha Municipality Office
Hattigaunda, Kathmandu

Invitation for Electronic Bids

Date of publication: 2082/11/11

Budhanilkantha Municipality Office invites electronic bids from Nepalese eligible bidders for the Procurement of following contract under National Competitive Bidding procedures. (1S2E)

S.N.	Contract Name/ Contract ID	Cost of Bid Document	Estimated Amount with VAT	Pre-bid Meeting Held	Deadline Date of Bid Submission and Opening Date	Bid Security Amount (NRs.)	Bid Security Validity Period
1.	Construction of Box Culvert at Budhanilkantha Municipality Ward No. 10 and 12 (NCB/ BNP/CW/082_083/27)	Rs. 5,000.00	NA	Budhanilkantha Municipality, Hatigauda, Kathmandu on 2082/11/27 @ 13:00 hrs	2082/12/15 @12 :00 hrs 2082/12/15 @ 13:00 hrs	Rs. 11,00,000.00	120 Days

Eligible Bidders may obtain further information by visiting PPMO website *www.bolpatra.gov.np/egp.*

Chief Administrative Officer

४६७ भ्रामक...

पृष्ठ १ बाट क्रमशः

नेपाल प्रहरीको साइबर ब्युरोमा २९१ वटा भ्रामक सूचना पठाइएको छ । ब्युरोले सिफारिस भएका सूचनाको स्रोत पहिचान गरी हटाइसकेको जनाएको छ । अटेर गर्ने व्यक्तिविरुद्ध कानुनी कारबाही गरिने आयोगको भनाइ छ । आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार पहिचान भएका भ्रामक सूचना कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको छ । 'पछिल्लो एक महिनामा ४६७ भ्रामक सूचना पहिचान भएका छन् । ती सबैलाई सफ्टवेयरमार्फत वर्गीकरण गरी सम्बन्धित निकायमा कारबाहीका लागि पठाइएको छ । तथ्यांकअनुसार सबैभन्दा धेरै सिफारिस साइबर ब्युरोलाई गरिएको छ,' उनले भने ।

आयोगका अनुसार निर्वाचन आचारसंहिता उल्लंघनसँग सम्बन्धित ७१ सूचना पहिचान भएका छन् । ती सूचना प्रवाह गर्ने व्यक्ति, संघ वा संस्थाविरुद्ध कारबाही गर्न आयोगअन्तर्गतको आचारसंहिता उल्लंघन समितिलाई सिफारिस गरिएको छ । त्यस्तै, पत्रकार आचारसंहिता उल्लंघन गर्ने ६५ भ्रामक सूचनाविरुद्ध कारबाही गर्न प्रेस काउन्सिललाई पत्राचार गरिएको छ । निर्वाचनका क्रममा मत सर्वेक्षण गर्ने वेबसाइटहरूको प्रसारणसमेत रोक्न आयोगले निर्देशन दिएको छ । हालसम्म ११ वटा वेबसाइटको प्रसारण बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई सिफारिस गरिएको आयोगले जनाएको छ । सूचना अधिकारी घिमिरेका अनुसार निर्वाचन आचारसंहिताबमोजिम कुनै पनि वेबसाइट वा सञ्चारमाध्यमले मत सर्वेक्षण गर्न पाउँदैन । 'तर, केही वेबसाइटले यस्तो गतिविधि गरेको भेटिएकाले तिनको प्रसारण रोक्न सिफारिस गरिएको हो,' उनले भने ।

आयोगका अनुसार बन्द गर्न सिफारिस गरिएका वेबसाइटहरूमा इक्जिटपोल नेपाल डटकम, पोलिमार्केट डटकम, रेटमाइनेता डटकम, भर्सेल एप, इलेक्टसन नेपालराइट डटकम, नेपपोल डटकम, नेताजी डटकम, आरआरए डटकम, नेपालभोट्स नेट, डाटाज् पत्र डटकम र २७५ सिट डटकम रहेका छन् । यसबाहेक एउटा भ्रामक सूचना कारबाहीका लागि विज्ञापन बोर्डमा पठाइएको छ ।

भ्रामक सूचना निगरानीका लागि आयोगले पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई)जडित 'ई-मोनिटर प्लस' प्रणालीमार्फत सामाजिक सञ्जालमा फैलिने मिसइन्फर्मेसन, डिसइन्फर्मेसन, मालइन्फर्मेसन तथा फेक इन्फर्मेसनजस्ता भ्रामक सामग्रीको पहिचान गरिरहेको छ । सोही आधारमा प्रहरीले स्रोत पहिचान गरी संलग्न व्यक्तिविरुद्ध कारबाही प्रक्रिया अघि बढाएको आयोगले जनाएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को निःशुल्क आर्थिक सहयोगमा ल्याइएको उक्त सफ्टवेयरमा एआई प्रविधि जडान गरिएको छ । यसैमार्फत सूचना पहिचान र विश्लेषण हुँदै आएको छ । सफ्टवेयर सञ्चालनका लागि नेपाल प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी सम्मिलित संयन्त्रले काम गरेको छ । उक्त प्रणाली विश्वका २० मुलुकमा सम्पन्न निर्वाचनमा प्रयोग भइसकेको बताइएको छ ।

Devghat Rural Municipality
Office of Rural Municipal Executive
Devghat, Tanahun

Invitation for Online (Electronic) Bid

First Date of Publication: 23th Feb 2026(2082/11/11)

Devghat Rural Municipality ,Office of Rural Municipal Executive ,Devghat ,Tanahun invites only online bid for ***different Project*** under e/procurement system from eligible Nepalese bidders for the following package of Work mentioned below under E-Bid procedures and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit online bid as per instruction within mentioned period.***The scanned copy of bid document fee, bid security, company/firm registration, renewal, tax clearance certificate (upto f/y- 2081/82)or time extension for the Latest and other mentioned in bid should be uploaded at the time of bid submission***. The Purchaser reserves the right to accept or reject all the bids, wholly or partly any or without assigning any reason. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063 & Public procurement Regulations 2064 (with Amendment).

Contract .ID.	Description of Works	Category	Estimated Amount	Last Date of Bid submission	Date of Bid Opening	Bid Security Amount (NRs.)	Validity Period of Bid security	Bid Document Fee Details (NRs.)
DRM/NCB/WORKS/ WS/08/ 2082/83	Construction of Kwadi Water Supply Project	WORKS	Rs. 54,92,790.25 (Without VAT&PS)	25-03-2026 at 12:00	25-03-2026 at 13:00	NRs. 170,000.0/- (One Lakh Seventy Thousand rupees Only)	120 days	3000/-
DRM/NCB/WORKS/ CLV/09/ 2082/83	Construction of Culvert At Watak Khola	WORKS	Rs. 33,16,166.23 (Without VAT&PS)	25-03-2026 at 12:00	25-03-2026 at 13:00	NRs. 100,000.0/- (One Lakh rupees Only)	120 days	3000/-
DRM/NCB/WORKS/ ROAD/10/ 2082/83	Vateri dekhi Bhanchare tarfa bato Starunnati garne karya	WORKS	Rs. 25,17,582.79 (Without VAT&PS)	25-03-2026 at 12:00	25-03-2026 at 13:00	NRs. 75,000.0/- (Seventy Five Thousand rupees Only)	120 days	3000/-

Bank Details :
- ***Bid Document Fee must be deposited in*** **Siddhartha Bank , DEVGHAT GAUNPALIKA GA.1.1 AANTARIK RAJASHWA KHATA 00815412921**
- ***Bid security amount must be deposited in Siddhartha Bank,*** **DEVGHAT GAUNPALIKA Ga.3 DHARAUTI KHATA 00815169863**

In case of cash deposit **OR may submit Bank Guarantee with sufficient validity period .**


Chief Administrative Officer

चौथोपटकमा जित निकाल्न पनि पोखरेललाई रास्वपा तगारो

दाङमा आफ्नो गढ जोगाउन कांग्रेसलाई सकस, क्षेत्र नम्बर २ मा एमाले महासचिव पोखरेललाई रास्वपा सहमहामन्त्री आचार्यको चुनौती

दाङमा **दीपक बोहरा**

लुम्बिनी प्रदेशको राजधानीसमेत रहेको दाङ विगतमा कांग्रेसको गढ मानिन्थ्यो। दिवंगत खुमबहादुर खड्काले दाङमा कांग्रेसको संगठनलाई माथि उठाएका थिए। पुरानो पुस्ताले खुमबहादुरलाई अहिले पनि सम्झिन्छन्। तर, त्यो साख कांग्रेसले जोगाउन सकेको छैन। आफ्नो गढ जोगाउन नसक्दा कहिले एमाले त, कहिल्यै पूर्वमाओवादीले दाङ जिल्लामा आफ्नो वर्चस्व देखाउँदै आएको छ। ०४८, ०५१, ०५६ र ०७० मा दाङमा कांग्रेसले एकलौटी राज गरेको थियो। तर, ०६४ मा तत्कालीन माओवादीको एकलौटी राज भएको थियो। ०७४ मा एमाले-माओवादी गठबन्धनले कांग्रेसलाई 'क्लिन स्विप' गरेका थिए। ०७९ मा माओवादी-कांग्रेस गठबन्धनले एमालेलाई 'क्लिन स्विप' बनाएको थियो। जिल्लामा पटक-पटक आफ्नो वर्चस्व कायम गरेको कांग्रेसलाई भने यसपटक चुनौतीको चाङ छ।



दाङ १	दाङ २	दाङ ३
मतदाता : १,४०,००१	मतदाता : १,४०,९६५	मतदाता : १,५०,७२०
महिला : ६९,४४६	महिला : ७२,४०६	महिला : ७६,४५१
पुरुष : ७०,५५४	पुरुष : ६८,५५८	पुरुष : ७४,२६८
अन्य : १	अन्य : १	अन्य : १
मतदानस्थल :५४	मतदानस्थल : ४९	मतदानस्थल : ५६
मतदान केन्द्र : १५८	मतदान केन्द्र : १५५	मतदान केन्द्र : १६९
उम्मेदवार : १४	उम्मेदवार : २३	उम्मेदवार : २३

दाङ १ मा सजिलो छैन मेटमणिलाई 'ह्याट्रिक' जित

दाङ १ बाट पछिल्लो दुईवटा निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टीका मेटमणि चौधरीले जित्दै आएका छन्। ०७४ मा तत्कालीन माओवादीसहितको गठबन्धनबाट उनले कांग्रेसकी सुशीला चौधरीलाई पराजित गरेका थिए। त्यतिवेला उनी एमलेमा थिए। ०७९ मा एमाले फुटेर एकीकृत समाजवादीबाट उम्मेदवार बनेका उनले कांग्रेस र माओवादी गठबन्धनमा जित हात पारेका थिए। यसपटक उनी ह्याट्रिक जितको खोजीमा छन्। तर, उनलाई रोक्न लुम्बिनीका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी बागी उम्मेदवारका रूपमा छन्। देउखुरीमा लुम्बिनीको स्थायी राजधानीका प्रशासनिक संरचना ल्याउन उनले भूमिका खेलेका थिए। पूर्वमाओवादी नेतासमेत भएकाले तत्कालीन पार्टीका केही मत उनले काट्न सक्ने अनुमान गरिएको छ।

यो क्षेत्रमा कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरी, एमालेबाट रेवतीरमण शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट देवराज पाठकसहित १४ उम्मेदवार चुनावी मैदानमा छन्। कांग्रेसका चौधरी ०७० मा तत्कालीन मधेशी जनअधिकार फोरमबाट समानुपातिक सांसद थिए। एमालेका शर्मा ०७४ मा प्रदेश सभा सदस्य थिए। रास्वपाका पाठक ०७९ को निर्वाचनमा पनि उम्मेदवार थिए।

०७९ को निर्वाचनमा समानुपातिकतर्फ दाङ १ बाट एमालेले १७ हजार ९६९, कांग्रेसले १५ हजार ६७, नेकपा १४ हजार ६७० (तत्कालीन माओवादी र एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टीले ११ हजार ४१० र नागरिक उन्मुक्ति पार्टीले सात हजार १७९ मत ल्याएका थिए।

दाङ २ मा एमाले महासचिव पोखरेललाई रास्वपाको चुनौती

दाङ २ यसपटक हटसिट चुनावी क्षेत्र मानिएको छ। एमाले महासचिव शंकर पोखरेल उठेकाले पनि यो क्षेत्र चर्चामा आएको हो। पोखरेलले सघैं 'लो प्रोफाइल'का नेतासँग हार व्यहोर्दै आएका छन्। उनी प्रत्यक्ष जितेर संघीय संसद्मा गएको एकपटक मात्रै हो। ०५१ मा तत्कालीन दाङ ३ बाट कांग्रेसका दीपक गिरीलाई हराएर संघीय संसद्मा गएका थिए। त्यतिवेला एमालेबाट चुनाव जित्ने उनी मात्रै हुन्। अन्य तीन क्षेत्रमा कांग्रेसले नै जितेको थियो। त्यसपछिका प्रायः निर्वाचनमा उनले हार व्यहोरेका छन्। ०५६ को चुनावमा कांग्रेसका कृष्णकिशोर घिमिरेसँग हार व्यहोरे। ०६४ को निर्वाचनमा उनी समानुपातिकबाट सांसद बने।

०७० को निर्वाचनमा दाङ ४ बाट कांग्रेसका बुद्धिराम भण्डारीसँग पराजित भए। उनी ०७४ मा प्रदेशमा चुनाव जितेर लुम्बिनी प्रदेशको मुख्यमन्त्री बने। ०७९ को निर्वाचनमा पुनः उनले तत्कालीन माओवादी नेतृ रेखा शर्मासँग १९३ मतान्तरले हार व्यहोरे। अहिले रास्वपाका सहमहामन्त्री विपिनकुमार आचार्य तगारो बनेका छन्। यो क्षेत्रमा कांग्रेसका किरणकिशोर घिमिरे, नेपाली कम्युनिस्ट पार्टीका निर्मल आचार्यसहित २३ जना चुनावी मैदानमा छन्। घिमिरे पहिलोपटक निर्वाचनमा होमिएका हुन्। आचार्य ०७० को संविधानसभा सदस्य उम्मेदवार थिए। रास्वपाका विपिनकुमार पनि पहिलोपटक चुनाव लड्दै छन्।

०७९ को समानुपातिक मततर्फ एमालेले २३ हजार ५६८, कांग्रेसले १९ हजार ५९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १३ हजार ३३ र नेकपा ११ हजार ६०२ (तत्कालीन माओवादी र एकीकृत समाजवादी) मत पाएका थिए।

दाङ ३ मा नयाँ अनुहारसँग प्रतिस्पर्धा गर्दै कांग्रेसका गिरी

दाङ ३ मा ६ पटक चुनाव लड्ने नेता हुन् कांग्रेसका दीपक गिरी। ६ पटक चुनाव लडे पनि उनले दुईपटक मात्रै जित निकालेका छन्। ०७० र ०७९ मा मात्रै उनले जित निकालेका छन्। उनले ०७० मा एमालेका उत्तरकुमार वली र ०७९ मा एमालेकै कोमल वलीलाई पराजित गरे। ०५१ मा तत्कालीन दाङ ३ बाट एमाले नेता शंकर पोखरेलसँग हार व्यहोरेका गिरीले ०५६ मा निर्वाचन लडेनन्। उनको ठाउँमा गेहेन्द्र गिरी उम्मेदवार बने र जिते। ०६४ मा दीपक दाङ ५ बाट माओवादीको सुष्मा शर्मा घिमिरेसँग पराजित भए। ०७४ मा एमालेका हिराचन्द्र केसीसँग पराजित भए।

पटक-पटक हार व्यहोर्दै आएका गिरीले अहिले नयाँ अनुहारसँग प्रतिस्पर्धा गर्दै छन्। एमालेका घनश्याम पाण्डे र नेपाली कम्युनिस्ट पार्टीका धनबहादुर मास्की पहिलोपटक संघीय संसद्मा चुनाव लड्दै छन्। मास्की यसअघि लुम्बिनी प्रदेश सभा सदस्य थिए। पाण्डे यसअघि तुलसीपुर उपमहानगरपालिकाका प्रमुख थिए। कांग्रेसका खुमबहादुर खड्काले ०४८ र ०५१ तथा ०५६ मा कांग्रेसकै गेहेन्द्र गिरीले जित निकालेको क्षेत्र हो यो। राष्ट्रिय स्वतन्त्र पार्टीका कमल सुवेदीले भने यसअघिको निर्वाचनमा गिरीसँग प्रतिस्पर्धामा थिए।

०७९ को समानुपातिक मतपरिणामअनुसार कांग्रेसले २६ हजार ५७५, एमालेले २६ हजार ११७, राष्ट्रिय स्वतन्त्र पार्टीले १४ हजार ४१० र नेकपाले ११ हजार ६१७ (तत्कालीन माओवादी र एकीकृत समाजवादी) मत पाएका थिए।

● **अर्जुन योगी**, सचिव, कांग्रेस दाङ



विशेष महाधिवेशनले आमनेता तथा कार्यकर्तामा उत्साह ल्याएको छ, त्यसको प्रभाव दाङको निर्वाचनमा पर्छ। दाङ विगतदेखि नै कांग्रेसको बलियो क्षेत्र पनि हो। विगतजस्तो अन्तरविरोध पनि छैन। गुट-उपगुट पनि छैन। त्यसले गर्दा जिल्लामा सहजै निर्वाचन जित्न सक्छौं।

● **शिवकुमार आचार्य**, अध्यक्ष, एमाले दाङ



हाम्रो जित्ने आधार भनेको जनता हो। जनताले एमालेबारे बुझिसक्नुभएको छ। त्यसैले पनि एमालेले दाङका तीनवटै निर्वाचन क्षेत्रमा जित निकाल्न सक्छ। हामी जनताको निर्णयलाई नै अन्तिम मान्छौं। देश बनाउने र जलाउनेको लडाइँ हो यो।

● **हरिमान पुन**, अध्यक्ष, नेकपा दाङ



दाङमा समावेशी र नयाँ उम्मेदवार बनाएका छौं। दाङ थारूबाहुल्य भएको क्षेत्र भएकाले १ नम्बरमा चौधरी समुदायका मेटमणि चौधरीलाई उम्मेदवार बनाएका छौं। २ र ३ मा नयाँ उम्मेदवार उठाएका छौं। यसको प्रभाव चुनावमा सकारात्मक पर्छ भन्ने विश्वास छ।

● **विनय घिमिरे**, सभापति, रास्वपा दाङ



दाङमा रास्वपाको संगठन विगतमा राम्रै बनेको थियो। यसपटक सयवटै वडामा पुग्दा जनताले रास्वपा रुचाएका छन्। जनताले मत परिवर्तन खोजिरहेका छन्। त्यसले गर्दा पनि जित्न सक्ने आधार बनेको छ। अहिले हाम्रो पार्टीको लहर आएको छ।

०४८ को निर्वाचनदेखि टरिगाउँ एयरपोर्ट चुनावी एजेन्डा

दाङका हरेक निर्वाचनमा लाग्ने एउटा चुनावी मुद्दा हो टरिगाउँ विमानस्थल। जुन विमानस्थलको स्तरोन्नतिका लागि २ र ३ नम्बर क्षेत्रका उम्मेदवारले हरेक निर्वाचनमा मुख्य एजेन्डा बनाउने गर्छन्। ०४८ पछि भएका हरेक निर्वाचनमा टरिगाउँ विमानस्थल स्तरवृद्धि गर्ने प्रतिबद्धता दिने गरिन्छ। संघीय, प्रदेश र स्थानीय तहको निर्वाचन नै किन नहोस्, हरेक वर्ष एजेन्डा बने पनि स्तरवृद्धि भने हुन नसकेको नागरिक समाज दाङका पूर्वअध्यक्ष टीकाराम रेग्मी बताउँछन्। '०४८ देखि चुनावी मुद्दा बन्ने गरेको छ, तर न त त्यसको स्तरवृद्धि भएको छ, न त सार्थक पहलकदमी नै हुने गरेको छ,' उनले भने, 'जसले गर्दा यो एयरपोर्ट ओझेलमा पर्ने गरेको छ।' अहिले यो विमानस्थलमा नियमित उडान छैन। धावनमार्ग सानो छ। ०११ मा स्थापना भएको विमानस्थलको लम्बाइ ७५० मिटर मात्रै छ। त्यसलाई स्तरवृद्धि गरेर १५ सय मिटर बनाउन सके ७२ सिटे जहाज बस्न सक्छ। हाल १९ सिटे ट्विनेटर जहाज मात्रै अवतरण गर्ने गर्छन्।

एमाले महासचिव शंकर पोखरेलले अहिले यो नारालाई प्राथमिकता दिएका छन्। उनी दाङ २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार हुन्। कांग्रेसबाट दाङ ३ का उम्मेदवार दीपक गिरीले पनि यो मुद्दा उठाएका छन्। एमालेबाटै दाङ ३ मा उम्मेदवार घनश्याम पाण्डेले पनि टरिगाउँ एयरपोर्टलाई व्यवस्थित बनाउने बताए। नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवार धनबहादुर मास्कीले टरिगाउँ एयरपोर्ट विस्तार गर्ने कुरालाई एजेन्डा बनाएका छन्। रास्वपाका उम्मेदवार कमल सुवेदीसहित अन्य उम्मेदवारहरूले पनि एयरपोर्ट विस्तार गर्ने कुरालाई नै मुख्य एजेन्डा बनाएका छन्। अहिले टरिगाउँ विमानस्थलमा हावा लाग्दा होस् वा हुस्सु लाग्दा जहाज अवतरण हुँदैन।

संक्षेप

सुत्केरीको मृत्युपछि अस्पतालमा तनाव

राजविराज/ सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालमा सुत्केरी महिलाको मृत्यु भएको छ। विष्णुपुर गाउँपालिका सन्तोष सदाकी श्रीमती २५ वर्षीया सुजानदेवी सदाको आइतबार शल्यक्रिया गरेपछि मृत्यु भएको हो। प्रश्रव पीडा सुरु भएपछि शुक्रबार उनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएको थियो। अस्पताल स्रोतका अनुसार शनिबार चिकित्सकले गर्भमा रहेको बच्चाले दिसा खाएको (मेकोनियम एस्पिरेसनको जोखिम) भन्दै तत्काल शल्यक्रिया गर्नुपर्ने बताएपछि परिवार तयार भएको थियो। राति शल्यक्रिया भएपछि सुजानदेवीलाई पोस्टअपेरेटिभ वार्डमा राखिएको र त्यसवेला उनको अवस्था सामान्य रहेको बताइन्छ। तर, आइतबार बिहान उनी मृत अवस्थामा फेला परेकी थिइन्। मृतककी ठुलीआमा बेचनी सदाका अनुसार बिहान करिब ३ बजे सुजानदेवीले बान्ता गर्न थालेपछि चिकित्सक खोज्दा वार्डमा कोही नभेटिएको दाबी छ। मृतककी आमाले भने स्वास्थ्यकर्मीहरू आएर जबर्जस्ती कागजातमा छाप लगाएर परिवारलाई बाहिर निकालिएको आरोप लगाएकी छिन्। परिवारले उपचारका क्रममा लापरबाही भएको भन्दै निष्पक्ष छानबिनको माग गरेको छ।

टीकापुरको कार्यवाहक प्रमुखमा नगार्जी

धनगढी/ टीकापुर नगरपालिकाको कार्यवाहक नगर प्रमुखमा रामबहादुर नगार्जी चयन भएका छन्। शनिबार बसेको कार्यपालिकाका बहुमत सदस्यको बैठकले कांग्रेसबाट निर्वाचित नगार्जीलाई कार्यवाहक नगर प्रमुखको जिम्मेवारी दिने निर्णय गरेको हो। नगर प्रमुख रामलाल डगौरा थारू पदबाट राजीनामा दिएर कैलाली १ मा नेपाली कम्युनिस्ट पार्टीबाट प्रतिनिधिसभा सदस्यको चुनावी प्रतिस्पर्धामा छन्। उम्मेदवारी दर्ताअघि उनले पदबाट राजीनामा दिएका थिए। उपप्रमुख खडकबहादुर शाह नगर विकासको जग्गा घोटाला प्रकरणमा संलग्न रहेको अभियोगमा विशेष अदालतमा मुद्दा परेपछि निलम्बनमा छन्। कार्यपालिकाका १७ मध्ये नौ सदस्यले नगार्जीलाई ज्येष्ठ सदस्यका आधारमा कार्यवाहक नगर प्रमुख चयन गरेका हुन्।

कटुवा पेस्तोल, गोली र लागुऔषधसहित चारजना पक्राउ

लहान/ कल्याणपुर नगरपालिका- १२ बेल्हाकट्टी गाउँमा तीन महिनाअघि दुईजनालाई गम्भीर घाइते बनाई करिब ६ लाख रुपैयाँबराबरको लुटपाटमा संलग्न रहेको आरोपमा प्रहरीले एक भारतीयसहित चारजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाले आइतबार पत्रकार सम्मेलनमार्फत डकैतीमा संलग्न चारजनाको विवरण र बरामद गरिएका कटुवा पेस्तोल, त्यसमा लाग्ने गोली, कडा खालको मानिने खैरो हिरोइनजस्तो देखिने पदार्थ र मोबाइल सार्वजनिक गरेको छ।पक्राउ पर्नेमा लहान नगरपालिका- २२ घर भई हाल वडा नम्बर १३ मा घर बनाएर बस्दै आएका करिब ४९ वर्षीय लाल मोहमद अन्सारी, भारतको बिहार राज्यको मधुवनी जिल्लाअन्तर्गत खजौली थाना ग्राम पञ्चायत भकुवा- १३ घर भई हाल लहान- २२ मा बस्दै आएका करिब ४२ वर्षीय मोहमद गुलाब अन्सारी रहेको प्रहरीले जनाएको छ।सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार डकैतीमा संलग्न लहान- ५ बस्ने करिब २८ वर्षीय मो. एकबाल मियाँ र धनुषाको विदेह नगरपालिका- ४, ठाडीभिर्झा टोल बस्ने करिब ३२ वर्षीय अमरप्रकाश पासवान पनि पक्राउ परेका छन्।

स्वास्थ्य परीक्षणसम्बन्धी कार्यविधि खारेज गर्ने तयारी

सबै संस्थाले स्वास्थ्य परीक्षण गर्न पाउने, रिपोर्टमा फेल भए मेनपावर कम्पनी जिम्मेवार हुनुपर्ने

नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने कामदारमाथि भइरहेको स्वास्थ्य परीक्षणका नाममा शोषण रोक्न सरकारले मेनपावर कम्पनीलाई थप जिम्मेवार बनाउने भएको छ। सीमित संस्थाहरूको सिन्डिकेट हराएर सबै स्वास्थ्य संस्थाले परीक्षण गर्न मिल्ने व्यवस्था गर्न हालको वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने 'संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२' नै खारेज गर्ने तयारी भएको छ।

वैदेशिक रोजगारीमा जानेले हाल सीमित मेडिकल सेन्टरमा मात्र परीक्षण गर्नुपर्ने बाध्यता छ। यसले एकातर्फ परीक्षण महँगो पर्ने, परीक्षणको गुणस्तरमा प्रश्न उठ्ने तथा सिन्डिकेटलाई प्रोत्साहन हुँदै आएको छ। सबै स्वास्थ्य संस्थाले कामदारको स्वास्थ्य परीक्षण गर्न पाउने व्यवस्था गर्न लागिएको श्रम, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी बताउँछन्। 'स्वास्थ्य परीक्षणका नाममा सिन्डिकेट र ठगी त छँदै छ, हाम्रो सार्भभौमसत्ताविपरीतका गतिविधि पनि देखिए,' उनले भने, 'कानुनले चिन्दै नचिनेका विदेशका कम्पनीका प्रतिनिधि आएर यहाँ अनुगमन गरिँदो रहेछ, राष्ट्रकै बेइज्जत भइरहेको छ। कानुनको कार्यान्वयन उपेक्षा गरिएको छ। यस्तो हेरेर बस्न सक्दैनौं।'

मलेसिया कामदार पठाउन केही सीमित मेडिकल मात्र तोकिएको छ। नेपालको माइक्रो टेक प्रालि र मलेसियाको बेस्टिनेटबिच भएको समझदारीअनुसार यस्ता ३५ संस्था छनोट गरिएको छ। बेस्टिनेट मलेसियामा छानबिनमा रहेको कम्पनी हो, जसका सञ्चालक फरार छन्। यी दुई संस्थाले सहमति गरेर पछिल्लो समय सरकारलाई समेत जानकारी नदिई मेनेन्जाइटिक्स खोपका नाममा कामदारलाई आर्थिक भार पार्ने गरिएको छ। जुन विषयमा सरकारलाई कुनै जानकारी छैन। कामदारसँग पैसा असुल्नकै लागि सरकारलाई जानकारी नै नदिई नयाँ-नयाँ परीक्षण हुने गरेको हालै मन्त्रालयले गरेको अनुगमनमा देखिएको छ।

त्यस्तै, खाडी देशमा जाने कामदार पठाउने मेडिकलहरूको सूचीकरण र अनुगमन गल्फ कोअपरेसन काउन्सिल (जिसीसी)ले गर्दै आएको छ। सोही संस्थाले गाम्पा नेपालसँग सूचीकरणका नाममा पैसा असुल्नेदेखि नेपाल सरकारलाई जानकारी नै नदिई नेपाल आएर सूचीकरण गरिएका संस्थाको अनुगमन गर्दै आएको छ। जुन विषय सार्वभौमसत्तासँग जोडिएकाले यस्तो प्रवृत्तिलाई तत्काल बन्द गर्नुपर्ने भन्दै श्रम मन्त्रालयले हाल यसको प्रक्रिया अघि बढाएको छ।

हालै मन्त्रालयले टास्क फोर्स बनाएर वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको अनुगमन गरिरहेको छ। जसमा विभिन्न किसिमका कैफियत भेटिएको मन्त्रालयले जनाएको छ। कैफियतअनुसार विभिन्न संस्थामाथि कारबाही प्रक्रिया अघि बढाउन लागिएको छ। हालसम्म ७० वटा संस्थामा टास्क फोर्सले अनुगमन गरिसकेको छ।

एउटै व्यक्तिले आफन्त र निकटस्थहरूको नाममा १० वटासम्म मेडिकल सेन्टर चलाएको र त्यसलाई सिन्डिकेट पात्र पारिएकोसमेत मन्त्रालयको प्रारम्भिक अनुगमनमा भेटिएको छ। त्यस्तै, सरकारले तोकेको भन्दै धेरै शुल्क लिने गरेको, एकैजनाको दुई-तीनपटकसम्म स्वास्थ्य परीक्षण गरेर आर्थिक भार पार्दै आएको समेत अनुगमन प्रतिवेदनमा उल्लेख छ। कैफियतका आधारमा मन्त्रालयले त्यस्ता संस्थाहरूमाथि कारबाही अघि बढाएको छ।

पूर्वमन्त्री श्रेष्ठसँग पाँच लाख धरौटी माग

काठमाडौं/ भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री रञ्जिता श्रेष्ठसँग विशेष अदालतले पाँच लाख रुपैयाँ धरौटी मागेको छ। कास्कीको लिचीबारी जग्गा प्रकरणकी प्रतिवादी श्रेष्ठ आइतबार विशेषमा उपस्थित भएकोमा बयानपछि यस्तो आदेश आएको हो।

घुस-रिसवत मुद्दाकी प्रतिवादी श्रेष्ठको बयान विशेषका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासमा भएको थियो। 'उहाँको बयानपछि धरौटी लिने आदेश आयो। उहाँले पाँच लाख रुपैयाँ धरौटी बुझाएर तारेखमा बस्नुभएको छ,' विशेषका उपरजिस्ट्रार तथा प्रवक्ता कृष्णशरण लामिछानेले भने। श्रेष्ठसमेत सातजनाउपर गत २२ असोजमा मुद्दा दर्ता भएको थियो। यसको पाँच महिनापछि उनी उपस्थित भएकी हुन्। कास्कीको पोखरा महानगरपालिका वडा नं. २५, २६ र २८ को जग्गाको सम्बन्धमा अदालतको फैसलाअनुसार जग्गा दाखिला खारेज र नामसारी गर्ने गराउने कामका लागि घुस लेनदेन भएको भेटिएको थियो। तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासम्मको संलग्नता रहेको देखिने गरी फोन संवाद बाहिरिएपछि अख्तियारले छानबिन थालेको थियो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको दाबी गरी दायर मुद्दामा पूर्वमन्त्री र सचिव साधारण तारेखमा छुटेका छन्। विशेष अदालतमा उपस्थित भएका पूर्वमन्त्री दीपकचन्द्र अमात्य र पूर्वसचिव सुरेश आचार्य साधारण तारेखमा छुटेका हुन्।

ललितपुर २ मा एमालेलाई साख जोगाउन सकस

नेवारी सभ्यता, सम्पदा संरक्षणलगायत एजेन्डा लिएर मतदाता आकर्षित गर्दै २३ उम्मेदवार चुनावी मैदानमा

ललितपुर २

मतदाता : ८९,०८२	मतदान केन्द्र : १०४
महिला : ४३,२९८	१६ दल, सात स्वतन्त्र गरी २३ उम्मेदवार, महिला दुई
पुरुष : ४५,७८४	
मतदानस्थल : ३९	

प्रेम गौतम/ नयाँ पत्रिका

एमालेको गढका रूपमा चिनिएको ललितपुर २ मा २१ फागुनमा हुने निर्वाचनमा १६ दल र सात स्वतन्त्र गरी २३ उम्मेदवार मैदानमा छन्। ०१५ मा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीले देशभर चार सिट जित्दा संस्थापक तुल्सीलाल अमात्य ललितपुरबाट निर्वाचित भएका थिए। त्यसयता ०७० को दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेसले जितेबाहेक यो क्षेत्रमा कम्युनिस्ट उम्मेदवार निर्वाचित हुँदै आएका छन्। ०६४ मा नेकपा (तत्कालीन माओवादी)ले जितेको थियो। ०६४ र ०७० बाहेक यहाँ एमालेले जित्दै आएको छ।

तीव्र सहरीकरण भएका ग्वार्को, इमाडोल, टीकाथलीदेखि लुभु, लामाटार हुँदै लाकुरीभञ्ज्याङसम्मको क्षेत्र ललितपुर २ मा पर्छ। महालक्ष्मी नगरपालिका र ललितपुर महानगरपालिकाको नौवटा वडा पर्छन्। ललितपुर महानगरपालिकाको ६, ७, ८, ९, ११, १२, १६, १७ र १९ वडा यो क्षेत्रमा पर्छन्। ललितपुर २ मा ३९ मतदानस्थल र १०४ मतदान केन्द्र छन्। यहाँ ८९ हजार ८२ मतदाता छन्। उम्मेदवारहरू सडक मर्मत र विस्तार, खानेपानी व्यवस्थापन, सम्पदा संरक्षणलगायत मुद्दा उठाएर चुनावी अभियानमा छन्।

● **प्रेमबहादुर महर्जन**, एमाले



विकास निर्माणसहितका बाँकी काम पूरा गर्न फेरि मैदानमा उत्रिएको छु। भौतिक विकासका साथै जनताको आत्मविश्वास बढाएर जानुपर्नेछ। पर्यटनमार्फत स्थानीय रोजगारी, साना व्यवसायको विस्तार र आर्थिक समृद्धिको एजेन्डा छन्। यसका साथै पार्टीको केन्द्रीय घोषणापत्रअनुसार काम गर्नेछु। नीति निर्माणका साथै जनसरोकारको विषयलाई प्राथमिकतामा राख्नेछु। अघिल्लोपटक निर्वाचित भएपछि थालिएका कतिपय काम सम्पन्न गर्नुपर्नेछ। त्यसका साथै केही थप काम अघि बढाउनेछु।

● **राजेन्द्र अमात्य**, नेकपा



नेवारी सभ्यताको विकास, सुशासन, समृद्धि र सामाजिक न्यायको विषय मुख्य एजेन्डा हो। झन्झटिला तथा अप्रासंगिक कानुन परिमार्जन गर्नुका साथै सेवा प्रवाह छिटो, सरल र पारदर्शी बनाउनेछु। पर्यटन प्रवर्द्धन, सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटकमैत्री पूर्वाधार निर्माण तथा स्थानीय व्यवसायको प्रवर्द्धनमा विशेष ध्यान दिनेछु। ललितपुरको पहिचानका रूपमा स्थापित हस्तकलालाई संरक्षण र प्रवर्द्धन गर्नेछु।

ललितपुर २ मा गत निर्वाचनमा एमालेका प्रेमबहादुर महर्जन विजयी भएका थिए। एमालेले फेरि उनैलाई उम्मेदवार बनाएको छ। पार्टीको गढ क्षेत्र भएकाले यसपटक पनि चुनावी नतिजा आफ्नो पक्षमा आउनेमा एमाले ढुक्क देखिन्छ।

● **प्रेमकृष्ण महर्जन**, कांग्रेस



रूपान्तरित र बदलिएको कांग्रेसप्रति मतदाताले आशा गरेका छन्। यो क्षेत्रमा ०४८ पछि एकपटक मात्र कांग्रेसले जितेको छ। त्यतिवेला हामीले जनताको पक्षमा काम गरेका थियौं। जनताको पक्षमा काम गर्ने पार्टी कांग्रेस रहेछ भन्ने कुरा जनताले बुझेका छन्। चुनाव गराउनुपर्ने जिम्मेवारी छाडेर चुनावी मैदानमा मन्त्री आउनुलाई जनताले स्वाभाविक रूपमा लिएका छैनन्। सडक, ढल, खानेपानी समस्या समाधान गर्नेछु। विकास, निर्माणका साथै पर्यटन प्रवर्द्धन, मूर्त, अमूर्त सम्पदाको संरक्षणामा विशेष जोड हुनेछ।

● **जगदीश खरेल**, रास्वपा



जनताले पाउने सेवा-सुविधा दिएर सुशासन दिन सांसदका रूपमा नीति निर्माण गर्नु हो। उद्योग, व्यापार, व्यवसाय धेरै हुने सहरमा पर्छ। त्यसको प्रवर्द्धन गर्नुपर्नेछ। खानेपानी र सडकजस्ता पूर्वाधारमा काम गर्नुपर्नेछ। दरबार स्क्वायरजस्तो विश्वसम्पदा सूचीमा रहेको ठाउँदेखि लिएर लाकुरीभञ्ज्याङ जहाँ नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्छ। शिक्षा र स्वास्थ्यजस्ता मौलिक अधिकारहरू सुनिश्चित गर्नुपर्नेछ। स्थानीयस्तरमा जनचासोका धेरै काम गर्नुपर्नेछ।

कांग्रेसले प्रेमकृष्ण महर्जनलाई उम्मेदवार बनाएको छ। उनी ०७४ को प्रदेश सभा निर्वाचनमा ललितपुर २ (२) बाट पराजित भएका थिए। नेकपाबाट राजेन्द्र अमात्य उम्मेदवार छन्। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादीका राजकाजी महर्जन विजयी भएका थिए। अमात्य ०६४ को नतिजा दोहोऱ्याउने दाबीसहित चुनावी मैदानमा होमिएका छन्। सञ्चारमन्त्रीबाट राजीनामा दिएर रास्वपाबाट उम्मेदवार बनेका जगदीश खरेल नेवार समुदायको मत प्रभावित पार्न नेवारकै जातीय पोसाकमा प्रचारमा छन्। नेवारी सभ्यताको एजेन्डा मुख्य प्राथमिकतामा रहेको उनी बताउँछन्। गत निर्वाचनमा समानुपातिकतर्फ रास्वपाको मत सबैभन्दा बढी आएकाले उनी उत्साहित छन्।

०१५ देखिको संसदीय इतिहास

नेकपाका संस्थापक तुल्सीलाल अमात्यले ०१५ को आमनिर्वाचनमा ललितपुरबाट जितेका थिए। काठमाडौं उपत्यकामा ०१५ मा निर्वाचन जित्ने उनी एक्ला वामपन्थी थिए। नेकपाले देशभर चार सिट जित्दा अमात्य संसदीय दलको नेता बनेका थिए। यो क्षेत्रमा लामो समयसम्म वामपन्थीको प्रभाव रह्यो। ०४८ र ०५१ को निर्वाचनमा एमालेका सिद्धिलाल सिंह निर्वाचित भएका थिए। ०५६ मा एमालेकै कृष्णलाल महर्जन विजयी भए। ०६४ मा तत्कालीन माओवादीका राजकाजी महर्जनले जितेका थिए। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेसका चन्द्र महर्जनले जितेका थिए।

०७९ को समानुपातिकमा रास्वपा अगाडि

गत ०७९ को निर्वाचनमा समानुपातिकतर्फ रास्वपाले ११ हजार ८९५ मत ल्याएको थियो। एमालेले ११ हजार ८५, कांग्रेसले नौ हजार २५२, राप्रपाले सात हजार ६९५, हाम्रो नेपाली पार्टीले चार हजार ४३, नेकपा ३ हजार ४५६ (तत्कालीन माओवादी र एकीकृत समाजवादी) र नेमकिपाले एक हजार ८३६ मत ल्याएको थियो।

निर्वाचन आचारसंहिताको उल्लंघन र फितलो अनुगमन

दल र उम्मेदवारबाट आचारसंहिताको उल्लंघन हुनु र न्यायोचित एवं प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा आयोगको फितलो अनुगमन जिम्मेवार छ



● अनु भट्टराई

अग्रलेख

सरकार, चुनावमा भाग लिने राजनीतिक दल, उम्मेदवार, मतदातालगायतले स्वतन्त्र, निष्पक्ष, पारदर्शी, धाँधलीरहित तथा विश्वसनीय रूपले डर, त्रास र भयमुक्त भई निर्वाचन प्रक्रियामा सहभागी हुन तथा निर्वाचन सम्पन्न गर्न आधिकारिक निकायबाट ससर्त निर्माण गरिएको नियमको सँगालो हो आचारसंहिता । जसको पालना अनिवार्य र अपरिहार्य हुन्छ । आचारसंहिता जान्दिनँ र मान्दिनँ भन्ने छुट कसैलाई पनि छैन । यो एक लक्ष्मणरेखा हो । किनकि यसमा सरकार, चुनावमा भाग लिने राजनीतिक दल, उम्मेदवार, मात्र नभई मतदातासमेतले के गर्नुहुन्छ र के गर्नुहुँदैन भनी सीमांकन गरिएको हुन्छ । निर्वाचन घोषणासँगै निर्वाचन सम्पन्न नहुन्जेल ४० देखि ५० दिनअगावै लागू भई निर्वाचनको मतपरिणाम घोषणासम्म लागू हुन्छ ।

निर्वाचन आयोगले आगामी २१ फागुनको निर्वाचनलाई संयमित, मर्यादित तथा सम्मानित बनाउने उद्देश्यसाथ १० परिच्छेद र ५ अनुसूचीको 'निर्वाचन आचारसंहिता २०८२' गत ५ माघदेखि नै कार्यान्वयनमा ल्याइसकेको छ । जसको उद्देश्य सरकार, राजनीतिक दल, उम्मेदवार तथा मतदातासमेतबाट निर्वाचनको समयमा हुने तथा हुन सक्ने सम्भावित अराजक गतिविधि नियन्त्रण गरी मतदाता तथा उम्मेदवारलगायतको सुरक्षा गरी भयरहित वातावरणमा मत लिन र दिन पाउने हक सुनिश्चित गर्नु हो । यतिखेर निर्वाचनको तयारी तीव्र रूपमा अगाडि बढिसकेको देख्न सकिन्छ । यही क्रममा राजनीतिक दल तथा उम्मेदवारहरूले आफ्नो प्रचार-प्रसारमा समेत व्यापकता ल्याइसकेका छन् । सबै राजनीतिक दलले हस्ताक्षर गरेपछि मात्र कार्यान्वनमा ल्याइएको आचरसंहितामा मतदाता साक्षरता कार्यक्रमसमेत समेटिएको छ । जसअन्तर्गत प्रत्येक स्थानीय तहका प्रत्येक वडामा स्वयंसेवकहरूले घरघर गई घरदैलो कार्यक्रम गर्ने, तथा प्रत्येक टोल समितिसँग तथा पदाधिकारीसँग आवश्यकताअनुसार छलफल गरी मतदान शिक्षासम्बन्धी परामर्श दिने तथा लिने विषयसमेत समेटिएका छन् । यस्ता सचेतनामूलक कार्यले हाल सामाजिक सञ्जालबाट फैलाइने भ्रामक सूचनाबाट समेत सुरक्षित राख्छ ।

आचारसंहितामा सरकार, उम्मेदवार तथा मतदाताले पालना गर्नुपर्ने नियमको छुट्टाछुट्टै व्यवस्था गरिएको छ । यसमा सुरुमा सरकारले पालना गर्नुपर्ने नियमसम्बन्धी व्यवस्था गरिएको छ । जसमा सरकारले कुनै एक दललाई सहयोग पुग्ने गरी वा मतदातालाई लोभ्याउने गरी निर्वाचन घोषणा भइसकेपछि कुनै कार्यक्रम ल्याउन नपाउने प्रबन्ध गरिएको छ । यसका साथसाथै मतदातालाई प्रभावमा पार्ने किसिमको बजेट ल्याउनबाट बन्देज गर्ने, सरकारी कर्मचारीको सरुवा, बढुवा र नयाँ नियुक्तिलगायत कार्य गराउन नपाइनेसमेत आचारसंहितामा उल्लेख गरिएको छ । यसको एक मात्रै उद्देश्य भनेको करदाताको करमार्फत उठाइएको पैसाको दुरुपयोग नहोस् भन्ने नै हो ।

यसैगरी दोस्रो नियममा राजनीतिक दल वा उम्मेदवारले पालना गर्नुपर्ने नियमसम्बन्धी व्यवस्था छ । जसमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारले कुनै सभा समारोह, भाषण, जुलुसलगायतमा एकले अर्कालाई व्यक्तिगत रूपमा गालीगलोज, गर्ने तथा आरोप-प्रत्यारोप लगाउन नपाइने उल्लेख छ । त्यसैगरी, कुनै पनि ठाउँमा सभा, समारोह, च्याली तथा भेला गर्नुअघि स्थानीय प्रशासनको अनुमति अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था पनि गरिएको छ । सबै दल तथा उम्मेदवारले वित्तीय अनुशासन पालना गर्दै निर्वाचन आयोगबाट निर्धारित रकम मात्रै निर्वाचन प्रयोजनका लागि खर्च गर्ने व्यवस्था छ । तर, हालसम्म पनि कुनै पनि दलका उम्मेदवारले चुनावलक्षित खर्चको यथार्थ र आधिकारिक विवरण पेस गरेको पाईंदैन । यस विषयमा निर्वाचन आयोगको फितलो अनुगमनमाथि समेत प्रश्न गर्ने प्रशस्तै ठाउँ छ । निर्वाचन प्रयोजनका लागि गरिने खर्च तथा त्यसको स्रोतमा पारदर्शिता हुनुपर्छ । यसको प्रयोगमा समेत मितव्ययिता अपनाउनुपर्छ । यद्यपि, यो प्रावधान विवादरहित भने छैन । उम्मेदवारहरूले आफ्नो चुनावी च्याली, भाषण, सभा समारोह तथा भेलाका क्रममा कुनै जातजाति, धर्म, संस्कृति, लिंग, समुदाय र सम्प्रदायबिच द्वेष फैलाउने कार्य गर्न तथा गराउन नहुने विषय पनि आचारसंहितामा उल्लेख छ । उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न जाँदा होस् या तिनको घरदैलो कार्यक्रम नै किन नहोस्, उम्मेदवारका प्रस्तावक तथा समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर हिँड्न नहुने र बाजागाजा प्रयोग गर्न नपाइनेसम्मको व्यवस्था यसमा छ । जिम्मेवार भनिएका दल र उम्मेदवारबाटै आचारसंहिताको उल्लंघन हुनु र न्यायोचित एवं प्रभावकारी कार्यान्वन हुन नसक्नुमा आयोगको फितलो अनुगमन जिम्मेवार छ ।

आचारसंहिताको तेस्रो नियमअन्तर्गत मतदाताले पालना गर्नुपर्ने नियम उल्लेख छन् । जसको पालना निर्वाचन अवधिमा मतदाताले समेत कडाइसाथ गर्नुपर्ने हुन्छ । मतदाताले मतदान केन्द्रभित्र जाँदा मतदानमा प्रभाव पर्ने गरी कुनै पार्टीको झन्डा, चुनाव चिह्नलगायत सामग्री लिएर जान पाउँदैनन् । मतदाताले कुनै पनि उम्मेदवारले दिएको उपहार तथा पैसा लिन पाउँदैनन् । त्यसैगरी, कुनै पनि पार्टी वा उम्मेदवारले चुनावमा मत पाउने आशा बोकेर आयोजना गरेको भोजभतेरलगायतमा जानबाट समेत आचारसंहितामा बन्देज लगाइएको छ । जुन कार्य तारिफयोग्य मात्र नभई विगतका निर्वाचनमा मतदातामाथि लागेको मासुभात र पेट्रोलको ट्यागबाट सफाइ दिने असल मनसायबाट प्रेरित देखिन्छ । यसले चुनावमा हुने अनावश्यक खर्च नियन्त्रण गरी निर्वाचनलाई स्वच्छ बनाउने अपेक्षा गर्न सकिन्छ । तर, निर्वाचन आयोगको फितलो अनुगमनका कारण र आचारसंहिता पालनामा प्रभावकारिता देखिन भने सकिरहेको छैन ।

> आचारसंहिताको कसीमा बाँधिन नसक्ने नैतिकहीन र गैरजिम्मेवार प्रवृत्ति बोकेका पात्रलाई आफ्ना प्रतिनिधिका रूपमा चुन्ने कि बहिष्कार, निर्णय गर्ने जिम्मेवारी मतदाताको हो

यसपटकको आचारसंहितामा सामाजिक सञ्जालबाट चुनावमा पर्न सक्ने गम्भीर प्रकृतिको प्रभावलाई नियन्त्रण गर्न हदैसम्मको प्रयास गरेको पाइन्छ । सामाजिक सञ्जालको प्रयोगबारेमा सबैले पालना गर्नुपर्ने आचारसंहिता यसमा समेटिएको छ । जसअन्तर्गत परिच्छेद २ को ठ मा सामाजिक सञ्जालबाट कुनै पनि प्रयोजनका लागि प्रकाशन तथा प्रसारण भएका सूचना तथा सामग्रीलाई एआईको प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी वा गराई सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गराउन नमिल्ने उल्लेख छ । यसका साथै, सामाजिक सञ्जालमा एआई प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कसैको पनि चरित्रहत्या गर्ने, होच्याउने, गिराउने, भ्रामक सूचना सम्प्रेषण गर्ने तथा कसैलाई अपमान गर्ने उद्देश्यले द्वेषपूर्ण भाषण तथा भ्रामक टीकाटिप्पणी गर्न गराउन नहुनेसमेत व्यवस्था गरिएको छ । जसको पालना अधिकांश उम्मेदवार तथा राजनीतिक दलहरूले गरिरहेका छैनन् । जसको जवलन्त उदाहरण यी उम्मेदवारले आफ्ना फेसबुकलगायत सामाजिक सञ्जालमा राखेका सामग्रीबाटै देख्न सकिन्छ । यिनले भाषणमा समेत आफ्ना प्रतिस्पर्धीको व्यक्तिगत चरित्रहत्या गर्ने, होच्याउने, गिराउने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण तथा भ्रामक टीकाटिप्पणी गर्ने कार्यलाई बढावा दिइरहेका छन् । यो सब देख्दादेख्दै पनि आयोगको मौनता रहस्यमय छ । आचारसंहिताको कसीमा बाँधिन नसक्ने नैतिकहीन र गैरजिम्मेवार प्रवृत्ति बोकेका पात्रलाई आफ्ना प्रतिनिधिका रूपमा चुन्ने कि बहिष्कार, निर्णय गर्ने जिम्मेवारी मतदाताको हो । यसर्थ, आचारसंहिताको प्रभावकारी पालनाको गम्भीरताप्रति यी उम्मेदवार आफैँ समयमै सच्चिन जरुरी छ । नत्र यसको परिणाम आगामी २१ फागुनको निर्वाचनमा आयोगले नभई मतदाताले देखाइदिनेछन् । त्यसैगरी अनलाइन, वेभपेज, सपिङ मलको डिस्प्ले, बैंकका एटिएम मेसिन आदिमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसार गर्नबाट पूर्ण रूपमा बन्देज गरिएको छ । जसको पालना धेरै हदसम्म भएकै देखिन्छ । सार्वजनिक यातायात अवरुद्ध हुने गरी तथा सभा समारोह गर्न निषेध गरिएको छ । जसको यदाकदा उल्लंघन भइरहेका देखिए पनि बालबालिकालाई चुनावका कुनै पनि गतिविधि तथा प्रचार-प्रसारमा प्रयोग गर्न नहुने विगतदेखि कायम रहेको व्यवस्थाको भने प्रभावकारी कार्यान्वयन हुँदै आएकामा विवाद छैन ।

यस वर्षको आचारसंहितामा दल वा उम्मेदवारले निर्वाचन घोषणापत्रमा उल्लेख भएबमोजिमका कार्य पूरा गरे नगरेको तथा उम्मेदवारहरूले प्रत्येक वर्ष निर्वाचन घोषणाबमोजिमका जिम्मेवारी पूरा गरे नगरेको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने अत्यन्तै राम्रो र प्रशंसनीय व्यवस्था गरिएको पाइन्छ । जसको प्रभावकारी कार्यान्वन भए नभएको विषयमा आगामी दिनहरूमा समीक्षा हुने नै छ । यसपटक निर्माण भएको आचारसंहितामा हरित निर्वाचनको परिकल्पनासमेत गरिएको छ, । जसअन्तर्गत वातावरण प्रदूषण नियन्त्रण तथा चूनावी फोहोरमैला उत्पादनमा शून्यता कायम गर्न वातावरणमैत्री डिजिटल प्रचार-प्रसारको व्यवस्था गरिएको छ र यसको उत्कृष्ट अभ्याससमेत भइरहेको छ । । त्यसैगरी, सार्वजनिकस्थलमा कुनै पनि दलको झन्डा वा चिह्न राख्न मनाही गरिनुका साथै सहरका भित्तामा लेखेर प्रचारप्रसार गर्नसमेत रोक लगाएको छ । ब्यानर र पोस्टर पनि तोकिएभन्दा ठुलो साइजमा बनाउन पाईंदैन । जसको पनि पालना भइरहेकै देखिन्छ ।

आचारसंहिता उल्लंघन भएमा निर्वाचन कसुर तथा सजाय ऐनअन्तर्गत सजाय गर्ने व्यवस्था भए पनि कारबाहीका लागि सिफारिस भएका जोकोहीका सन्दर्भमा आयोगले सर्वप्रथम स्पष्टीकरण माग्ने र स्पष्टीकरण न्यायोचित र चित्तबुझ्दो नभएमा एक लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ । उम्मेदवारको हकमा भने गम्भीर प्रकृतिको कसुर गरेको पाइएमा, उम्मेदवारी नै खारेज गर्ने तथा भविष्यमा उम्मेदवारी दिनसमेत नपाउने गरी रोक लगाउन सक्नेसम्मको कारबाहीको व्यवस्था गरिएको छ ।

निर्वाचन भयरहित र निष्पक्ष हुनुपर्छ । यसर्थ, आगामी निर्वाचनलाई निष्पक्ष, सभ्य भव्य तथा प्रभावकारी रूपमा सम्पन्न गर्न आचारसंहिता मात्र पर्याप्त हुँदैन । आचारसंहिता कुनै पनि निर्वाचनलाई भयमुक्त रूपमा सम्पन्न गर्ने एउटा आधारशीला हो । चुनावको निष्पक्षता, विश्वसनीयता तथा पारदर्शिताको निर्धारक तत्त्व भनेको मानवीय व्यवहार र आचरण नै हो । दण्ड र सजायको भयले मात्रै चुनाव निष्पक्ष हुने होइन । यसका लागि साझा प्रयास, प्रतिबद्धता, इमानदारी, निष्ठाको जरुरी हुन्छ । यसका कारण लोकतान्त्रिक अभ्यास र भावनाको कदर मात्रै नभई, हाम्रो भोटको दुरुपयोग हुनबाट समेत जोगिन सकिन्छ । यसबाट मात्र हामीले नै रोजेको र खोजेको हाम्रै प्रतिनिधि प्राप्त हुनेछ ।

(भट्टराई अधिवक्ता हुन्)

३ प्रश्न

पूर्वप्रमुख निर्वाचन आयुक्त **भोजराज पोखरेल**लाई



अन्तरजिल्ला र विदेशमा बस्ने नेपालीलाई मताधिकारको विषय किन बहसमै मात्र सीमित हुन्छ ?

प्रत्येक निर्वाचनअघि यस्तो बहस उठे पनि त्यो बहसमै मात्र सीमित हुँदै आएको छ । यसबाट यस्तो व्यवस्था राजनीतिक रूपमा स्वीकार्य हुन नसकेको हो कि जस्तो देखिन्छ । यससम्बन्धी नीति बनाउने सरकारले हो । उसको राजनीतिक इच्छाशक्तिमा यो निर्भर हुन्छ । एकथरीले बाहिरबाहिर यस्तो व्यवस्था गर्नैपर्छ भने पनि भित्रभित्रै भने नभइदिए हुन्थ्यो भनेर 'डबल स्ट्यान्डर्ड' देखाउने गरेका छन् । 'सार्वजनिक खपत'का लागि मात्र बोलिदिने प्रवृत्तिका कारण यस्तो व्यवस्थाले मूर्तरूप लिन नसकेको हो ।

देशभित्रै रहेका झन्डै साढे पाँच लाख सुरक्षाकर्मी र कर्मचारीले प्रत्यक्षमा मत दिन नपाउनु कति ठिक हो ?

जबसम्म इन्टरनेट भोटिङमा जान सकिन्न, तबसम्म न त विदेशमा बस्ने नेपालीलाई मताधिकार दिन व्यावहारिक रूपमा सम्भव हुन्छ न त अन्तरजिल्ला मतदानको व्यवस्था नै गर्न सकिन्छ । अन्तरजिल्ला मतदानको व्यवस्था गर्न नसकिएपछि मतदानमा खटिने सुरक्षाकर्मी र कर्मचारीले प्रत्यक्षतर्फ मतदान गर्न सक्ने कुरै भएन । चाहे अन्तरजिल्ला होस् या विदेशमा बस्ने नेपालको मताधिकारको व्यवस्था होस्, एकै स्थानमा धेरै निर्वाचन क्षेत्रका मतदाताले बसोवास गरेका हुन सक्छन् । उदाहरणका लागि काठमाडौँमा १६५ वटै निर्वाचन क्षेत्रका मानिस हुन सक्छन् । यस्तोमा कतिवटा मतपेटिका प्रयोग गर्ने, कति मतदान केन्द्र बनाउने भन्ने प्रश्न पनि हुन्छ । तर, नागरिक सरकार भएको अहिलेको अवस्थामा उसले कानुन बनाएर परीक्षणका लागि निश्चित क्षेत्रमा मात्रै भए पनि यस्तो व्यवस्था गरिदिएको भए भविष्यका लागि थप बाटो खुल्न सक्थ्यो ।

निर्वाचनको समयमा देखिने यस्ता समस्यालाई आगामी दिनमा सम्बोधन गर्न के गर्नुपर्ला ?

मुख्य रूपमा इन्टरनेट भोटिङमा जानुपर्छ । तर, यसका लागि ठुलो लगानी आवश्यक पर्छ । बलियो साइबर सेक्युरिटीको प्रबन्ध हुनुपर्छ । दरिलो राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता चाहिन्छ ।

प्रेरक प्रसंग

युधिष्ठिर र भीम

एकपटक महाराज युधिष्ठिर एक मन्त्रीसित छलफल गर्दै थिए । एक ब्राह्मण गुनासो लिएर राजसभामा पुगे । बदमास गुन्डाहरूले उनका गाई खोसेर लगेका थिए । युधिष्ठिरले ब्राह्मणलाई एकैछिन बाहिर प्रतीक्षा गर्न लगाए । मन्त्रीसितको वार्तालापपछि युधिष्ठिरसित भेटघाटका लागि छिमेकी देशका राजदूत पुगे । त्यसपछि पनि अन्य भेटघाटमा व्यस्त हुँदाहुँदै उनले ब्राह्मणलाई समय दिन सकेनन् । अन्त्यमा सबै काम सिध्याएर निस्किँदा उनी निकै थाकिसकेका थिए । उनले ब्राह्मणलाई भने– आज म निकै थाकेको छु । तपाईं भोलि आउनुस् है ! म अवश्य सहयोग गर्नेछु ।



युधिष्ठिर आरामकक्षतिर लम्किए । ब्राह्मण निकै दुःखी भए र घरतिर हिँडे । बाहिर निस्किँदै गर्दा उनको भेट राजकुमार भीमसित भयो । भीमले उनको समस्या सोधे । ब्राह्मणले भीमलाई यथार्थ बताए । जब भीमले उनले युधिष्ठिरले भोलि बोलाएको थाहा पाए, तब उनले तत्कालै सैनिकलाई विजयको नगरा बजाउने आदेश दिए । तत्काल आदेश कार्यान्वयन भयो, दरबारका चारै दिशामा नगरा घन्किए । नगराको आवाज सुनेर युधिष्ठिर बाहिर निस्किए । त्यहाँ उनले भीमलाई भेटे । उनले विजय नगरा बज्नुको कारण सोधे । भीमले भने- महाराज हजुरले कालमाथि विजय हासिल गरिबक्सेको खुसियालीमा यी नगरा बजाइएका हुन् । 'हँ, तिमी यो के भन्दै छौ ?' युधिष्ठिरले छक्क पर्दै सोधे । भीमले भने- हजुरले एक ब्राह्मणलाई भोलि बोलाउनुभएको रहेछ । त्यसको अर्थ, हजुरलाई आफू भोलिसम्म मर्दिनँ अर्थात् कालले छुन सक्दैन भन्ने पक्का रहेछ । त्यसैले, कालमाथिको विजयोत्सवमा यी नगरा बजेका हुन् महाराज !

भीमको कुरा सुनेपछि युधिष्ठिरलाई आफ्नो गल्ती महसुस भयो । उनले ती ब्राह्मणका समस्या सुने र उचित सहायताको प्रबन्ध गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सद्भाव बिथोलिन नदेऊ

पछिल्लो समय वीरगन्ज, गौरलगायत क्षेत्रमा दुई समुदायबिचको विवादले चर्को रूप लिँदा कतै सामाजिक सद्भाव नै खलबलिने त होइन भन्ने चिन्ता थपिएको छ । निर्वाचनको मुखमा राज्यदेखि राजनीतिक दलहरूसम्मको ध्यान निर्वाचनमा केन्द्रित छ । राज्य यतिखेर कसरी निर्वाचन सम्पन्न गराउने भन्नेमा केन्द्रित छ भने दलहरू कसरी बढीभन्दा बढी मत आफूतिर आकर्षित गर्ने भन्ने ध्याउन्नमा देखिन्छन् । यस्तो अवस्थामा समाजमा साम्प्रदायिक सद्भाव भङ्काएर स्वार्थ पूरा गर्न चाहने अवाञ्छित तत्वले खेल्ने मौका पाउनु अनौठो होइन । त्यसैले यतिखेर संघ, प्रदेश र स्थानीय सरकार तथा जिम्मेवार राजनीतिक शक्तिहरूले संयमित भई सामाजिक सद्भाव बिथोलिन नदिऊन् ।

● **सुरुचि काफ्ले**, टाँडी, चितवन

हेलिकोप्टर प्रयोग गर

निर्वाचन नजिकिएसँगै निर्वाचन आयोगले जिल्ला-जिल्लामा निर्वाचन सामग्री पठाउने कार्यलाई तीव्रता दिएको छ । सामान्यतः यसलाई सकारात्मक नै मान्नुपर्छ । तर, मतपेटिका लौजान चार-पाँच दिनदेखि सुरक्षाकर्मी बाटामा जमेका नदीको बरफ कटान गरिरहेको समाचार पढ्दा अचम्म लाग्यो । के हाम्रो सरकारले त्यस्ता विकट क्षेत्रमा निर्वाचन सामग्री ओसार्न हेलिकोप्टर प्रयोग गर्न सक्दैन । अनुगमनका नाममा उच्चपदस्थ अधिकारीहरू त हेलिकोप्टरकै सयरमा रमाइरहेका हुन्छन्, होइन र ?

● **सरोज थिङ**, लोलाङ हाइट, काठमाडौं

विकासलाई गिज्याउने तस्बिर

यतिखेर देश निर्वाचनमय भएको छ । टोलटोलमा मतदातासामु पुग्दा उम्मेदवारहरूले विकासका सपना बाँडिरहेका छन् । मतदातालाई पूरा हुने नसक्ने विकासका गफ दिइरहेका छन् । तर, तिनै उम्मेदवारहरूले ठेक्का सुरु भएर पनि वर्षौंसम्म अलपत्र परेका विकास निर्माण र आयोजनाबारे कुनै चासो दिएको देखिन्न । के अलपत्र योजना समयमै पूरा गराउने दायित्वचाहिँ तिनको होइन ? के विकासलाई नै गिज्याउने यस्ता तस्बिर तिनले देख्दैनन् हो ?

● **कल्पना भुसाल**, बुटवल– ६, रुपन्देही

निर्वाचनसँग किन डर ?

यतीवेला प्रमुख दलका प्रमुख नेताहरूमा निर्वाचन हारिन्छ कि भन्ने भय देखिएको छ । यसपटक आफ्नो पुरानो क्षेत्र छाडेर अन्य क्षेत्रबाट निर्वाचन लड्न जानेको ताँती नै देखिन्छ । त्यहाँका जनतामा विवेक छ भने त्यस्ता भगौडा नेतालाई मत दिनुहुँदैन । हरेक नयाँ ठाउँमा जाने, रोइकराइ गर्ने र जनतालाई रनभुल्लमा पार्न मैले गर्न खोजेको हो फलानोले गर्न दिएन भन्दैमा जनताले कहिलेसम्म तिनलाई पत्याउने ? पुराना मतदाताले पत्याउँदैनन् भनेर नयाँ ठाउँमा नयाँ झुट बोल्न गएका त हुन् ती !

झापा ५ मा आफ्नो प्रतिस्पर्धी नै नदेखेका केपी ओलीलाई यसपालिको निर्वाचन 'फलामको चिउरा' बन्ने निश्चित छ । कहिले कसको त कहिले कसको फेर समातेर मतपरिणाम सजिलै आफ्नो पोल्टामा पार्न सफल हुँदै आएका ओलीलाई यसपटक भने ठुला नेता कसैको पनि साथ देखिन्न । ओली मात्र होइनन्, अन्य नेताहरू पनि मतदाताको घरघर गई रोइकराइ भोट मागिरहेको दृश्य देखिन्छ । अघिपछि जनतालाई नचिन्ने नेताहरू अहिले जनताका घरमा भकारो सोहोर्न, रोटी पकाउन, खेत खन्न, दाउरा चिर्न, घाँस या भारी बोक्नसमेत तयार भएको देखिन्छ । नेताहरूले जनहितमा राम्रा काम गरेका भए निर्वाचनको वेला यस्तो रोइकराइ गर्नुपर्थ्यो र ?

हामीकहाँ पत्रकार, कलाकार, शिक्षक, विद्यार्थी, व्यापारी सबका सब राजनीतिज्ञ भएका छन् । राजनीतिलाई किन यति सस्तो बनाए नेताहरूले थाहा भएन । सायद नेता सस्ता भएकैले अहिले सबै निर्वाचनदेखि त्रसित भएका हुन सक्छन् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

शिक्षाको नवउदारवादी वस्तुकरणको परिणाम

गलगोटियास विश्वविद्यालय प्रकरणले भारतका निजी विश्वविद्यालयहरू ज्ञान सिर्जनाभन्दा छवि निर्माणमा केन्द्रित हुँदै गएको देखाउँछ



देश/विदेश

● मनीषा चचरा

भारतमा आयोजित 'एआई समिट'मा गलगोटियास विश्वविद्यालयले प्रदर्शनमा राखेको 'ओरियन' नामको रोबोटको वास्तविकता खुलेपछि सो शैक्षिक संस्था अहिले हाँसोको पात्र बनेको छ । चीनबाट किनेको रोबोटलाई आफ्नो संस्थाले विकास गरेको भनेर प्रदर्शन गरिनुले एक शैक्षिक संस्थाको बेइमानी मात्र होइन, शिक्षाको अधिक निजीकरणसँगै आउने पतन उजागर भएको छ । जब गलगोटियास विश्वविद्यालयको बेइमानी पत्राउ पऱ्यो, तब विश्वविद्यालय सञ्चालक समितिले एक प्रेस विज्ञप्ति जारी गर्दै दोषजति सबै संलग्न फ्याकल्टी (विश्वविद्यालय शिक्षक)माथि लगाएको छ । खासमा यो कुनै शिक्षकलाई दोष लगाएर पन्छिनेभन्दा समग्र शैक्षिक समुदायले आत्मसमीक्षा गर्नुपर्ने घटना हो । सार्वजनिक बहसको सुरुवात भारतको 'नयाँ शिक्षा नीति (२०२०)'बाटै हुनुपर्छ ।

■ नयाँ शिक्षा नीति (२०२०) र विश्वविद्यालयहरूको बजारीकरण

भारतको 'नयाँ शिक्षा नीति (२०२०)'लाई विद्यालय र उच्च शैक्षिक संस्था दुवैमा रूपान्तरणकारी परिवर्तन ल्याउन सघाउने नीतिका रूपमा प्रचार गरिने गरेको छ । तर, यो नीति ल्याइएसँगै शिक्षाप्रति राज्यको जिम्मेवारी संकुचित भएको छ । उसो त भारतमा शिक्षाको निजीकरणको प्रवृत्ति सन् १९८० को दशकमै सुरु भएको हो र त्यसले सन् १९९० को दशकमा तीव्रता पाएको थियो । तर, अहिले सन् २०२० मा ल्याइएको नयाँ शिक्षा नीतिले भने खुलेर शिक्षाप्रति राज्यको कर्तव्य कम गर्ने भनेर जोड दिएको छ । अहिले भारतमा शिक्षालाई 'विशेष वस्तु' मान्दै कक्षाकोठालाई कर्पोरेटस्थल र शिक्षकलाई सेवा प्रदायकमा रूपान्तरण गर्ने बाटो खोलिएको छ । यस नीतिले सार्वजनिक शैक्षिक संस्थालाई दिइने सरकारी अनुदानलाई ऋणले प्रतिस्थापन गरेर बजारीकरण, व्यवसायीकरण र निजीकरणमा बढी जोड दिएको छ । ऋणको भार कम गर्न निजी शैक्षिक संस्थाले शुल्क बढाउने गरेका छन् ।

नवउदारवादको उदय र शिक्षाको वस्तुकरणले शिक्षक तथा विद्यार्थी दुवैलाई कर्पोरेट आदेशपालकमा बदलिदियो । यसले शैक्षिक संस्थाले मार्केटिङ र जनसम्पर्क विस्तार गर्ने कार्यक्रममा ध्यान दिनुपर्ने अवस्था सिर्जना गरिदियो । अहिले शैक्षिक संस्थाका लागि शिक्षक वा शिक्षाविद्भन्दा आफ्नो छवि निर्माण बढी महत्त्वपूर्ण बन्न पुगेको छ । र, संस्थामाथि कुनै समस्या आउँदा दोषजति फ्याकल्टीमाथि थोपरेर आफू चोखिने अभ्यास हवात्तै बेढेको छ । उसो त भारतमा पछिल्लो समय विश्वविद्यालयहरूले आफ्ना शिक्षक शिक्षिका(फ्याकल्टी)को विचारबाट 'राजनीतिक' भन्दै दूरी कायम गर्ने प्रवृत्ति नै बनेको छ ।

भर्खरै पिएचडी गरेका जनशक्तिमाथि अहिले अनुसन्धान गर्न र निष्कर्ष प्रकाशनमा जोड दिनुभन्दा 'बजार मूल्य'भएका कार्यक्रम सञ्चालन गर्न दबाब बढी हुन्छ । असहमति, सार्वजनिक बैठक, बहस र छलफल शिक्षाविद्का लागि दाल र भातजस्तै हुन् भन्ने सिकाइमा हुर्किएका मजस्ता धेरै पिएचडीधारीले अहिले आफूलाई प्रणालीमा अमिल्दो पाइरहेका छौं । यस शैक्षिक वातावरणले अनुसन्धान 'औसत नै ठिक' भन्ने भाष्यलाई हाबी गराउँदै छ । गलगोटियास प्रकरण यही शैक्षिक वातावरणको प्रमाण हो ।



■ फेसन बनेको 'एआई'

सन् २०२५ मा 'प्यु रिसर्च'ले गरेको एक अध्ययनमा बहुसंख्यक भारतीयमा 'एआई'बारे एकदम कम वा शून्य जानकारी रहेको पाइएको थियो । एआई अहिले तीव्र गतिमा विकास भइरहेको तथ्य स्विकार्न कुनै हिचकिचाहट गर्नुपर्दैन । भारतमा समय-समयमा, विभिन्न सार्वजनिक र निजी विश्वविद्यालयले एआईको प्रयोगबारे तालिम दिइरहेका हुन्छन् । साथै, यस नयाँ प्रविधिले शैक्षिक प्रणालीलाई कसरी परिवर्तन गर्न सक्छ भनेर संकाय विकास कार्यक्रम आयोजना भएको पनि देखिन्छ । पछिल्लो समय उच्च शैक्षिक क्षेत्रमा कलेज असाइनमेन्टदेखि सम्मेलनसम्म एआईको प्रयोग पनि भइरहेको छ । तर, चिन्ताजनक कुरा, विद्यार्थीले असाइनमेन्टहरूमा एआईको प्रयोग गर्दा लेखनमा एआईले दिएका सुझावलाई कसरी र के-कति जोड्न मिल्छ भनेर बुझ्न संघर्ष गरेको पाइन्छ । गलगोटियासको घटना दुई कारणले चिन्ताजनक र खतरनाक छ- पहिलो, फ्याकल्टी (शिक्षकशिक्षिका)ले 'ओरियन' नामको रोबोटलाई विश्वविद्यालयले नै विकास गरेको नवप्रवर्तनको परिणाम भनेर प्रचार गर्नुले एआई प्रयोगको प्रचारमा गलत सूचना उपयोगी हुने विश्वास देखियो । साथै, विभिन्न माध्यममा त्यस विश्वविद्यालयका प्रोफेसरले 'ओरियन'ले निगरानी र अनुगमनजस्ता काम गर्न सक्ने दाबी गरेको सुनियो, जसमा तिनले प्रविधिको नैतिक प्रभाव बिर्सिएको प्रस्ट हुन्छ ।

दोस्रो, यस घटनाले भारतको राष्ट्रियस्तरमा नजानी नजानीकनै एआईको कुन हदसम्म महिमागान भइरहेको छ भनेर देखाउँछ । शिक्षामा एआईको प्रयोग प्रशंसनीय विषय हो । शिक्षामा एआईलाई जोड्नुको अर्थलाई हामीले राम्ररी बुझ्नुपर्छ । तर, यहाँ एआईको प्रयोग शिक्षाको गुणस्तर बढाउनेमा भन्दा विश्वविद्यालयको छवि बढाउने औजार मानिँदै छ । अर्थात्, विश्वविद्यालयका पिआर (छवि विस्तार) संयन्त्रले एआईलाई संस्थाको छवि विकास गर्ने विषय मात्र मानेजस्तो देखियो । गलगोटियास प्रकरण खासमा आफैँमा समस्याभन्दा थप ठुलो समस्याको लक्षण मात्र हो, जुन समस्या प्रविधिबारे पर्याप्त ज्ञानले सिर्जित भएको हो । साथै, यस प्रकरणले भारतका निजी विश्वविद्यालयहरू वास्तविक ज्ञान विकासभन्दा छवि निर्माणमा कति केन्द्रित छन् भनेर देखाउँछ । यी सबका बिच सेवाका रूपमा शिक्षाको भने निरन्तर अवमूल्यन भइरहेको छ ।

द वायरबाट

थाइल्यान्डको सत्तामा फर्किएको पुरातन शक्ति



● थिटिनान पोडसुधिराक

लेखक थाइल्यान्डको चुलालोङकोर्न विश्वविद्यालयमा राजनीतिशास्त्रका प्राध्यापक हुन् ।



थाइल्यान्डमा पुरातन शक्ति फेरि सत्तामा फर्किएको छ । पहेँलो र रातो टिसर्टधारीको सडक प्रदर्शन, दुई सैन्य विद्रोह, र धेरै न्यायिक हस्तक्षेपको २६ वर्ष लामो उतारचढावपछि राजतन्त्रवादी-रूढीवादी भुमजैथाई पार्टी आमनिर्वाचनमा सबैभन्दा ठुलो दल बनेर उदाएको छ । यसक्रममा भुमजैथाईले सुधारवादी पिपुल्स पार्टीमाथि निर्णायक चुनावी जित हासिल गऱ्यो । तर, सो पार्टीका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले थाइल्यान्डलाई अहिलेको आर्थिक मन्दीबाट बाहिर निकाल्न सकेनन् र समाजमा विद्यमान गहिरो दरार कम गर्ने उपाय फेला पार्न सकेनन् भने फेरि पनि संस्थापनविरोधी प्रदर्शन निम्तिन सक्छ ।

यसअघि पनि राजतन्त्रवादी संस्थापन प्रगतिशील आन्दोलन (विशेष गरी दूरसञ्चार अर्बपति थाक्सिन सिनावात्राको नेतृत्वमा भएको आन्दोलन)सँग हारेको इतिहास छ । थाक्सिनको उदय हुनुभन्दा अगाडि थाई राजनीतिक दलहरू कमजोर थिए । त्यतिबेला पार्टी नेताहरू व्यापक दल अदलबदल गर्थे । थोरै स्थानीय मत तान्नकै लागि फजुल सरकारी खर्च गर्ने प्रवृत्ति नै बनेको थियो । संरक्षणवाद र भ्रष्टाचार व्याप्त थियो । त्यसपछि २००१ को आमनिर्वाचन भयो जसमा थाक्सिनको थाई राक थाई पार्टीले कुल ५०० संसदीय सिटमध्ये २४८ सिट जित्यो ।

थाई राक थाईले मतदातासँग प्रत्यक्ष सम्पर्क गरेर र विश्वव्यापी स्वास्थ्यसेवा, ऋणमा राहत, र लघु ऋण योजनाजस्ता 'लोकप्रिय'उपाय अघि सारेको थियो । प्रधानमन्त्री बनेपछि थाक्सिनले अपनाएको औद्योगिक नीति निकै सफल भयो, जसले थाइल्यान्डलाई बलियो विकासको बाटोमा अघि बढायो । सन् १९९० को दशकको अन्त्यतिरको एसियाली वित्तीय संकट भोगेको देश क्षेत्रीय शक्तिमा उदायो । थाक्सिनले सन् २००५ मा आफ्नो पहिलो प्रधानमन्त्रीको कार्यकाल पूरा गरे । सन् १९३२ मा निरंकुश राजतन्त्र समाप्त भएदेखि नियमित सैन्य विद्रोहको सामना गर्ने यस देशका लागि यो ठुलो उपलब्धि मानिएको थियो । त्यसपछि भएको निर्वाचनमा थाई राक थाईले भारी जित हासिल गर्दै संसद्मा ३७७ सिट जित्न सफल भयो ।

थाक्सिनको लोकप्रियताका बाबजुद, उनको सरकार विभिन्न भ्रष्टाचार काण्डमा फसेको थियो । त्यसमाथि दरबारियाहरू दलको लोकप्रियताले भयभीत भएका थिए । त्यसै अवसरमा पहेँलो वस्त्र लगाएका सरकारको विरोध गर्दै सडकमा उत्रिए । विरोध चर्किँदै गएर अव्यवस्था मच्चिएको वेला सन् २००६ मा सेनाले कु गऱ्यो । सेनाले थाक्सिनको राजनीति करिअर अन्त्य गर्न खोजेको थियो । तर, उनको जनसमर्थन बलियो साबित भयो । थाक्सिनको बहिर्गमनपछिका २० वर्षमा उनका भिनाजु, बहिनी, छोरी र उनको पार्टीका अन्य नेताहरूले चुनाव जितेर सरकार बनाए । तर, कहिले सेना र कहिले न्यायपालिकाले ती सबैलाई पदच्युत गऱ्यो । दुईपटक त उनको दललाई विघटन नै गरियो । हरेकपटक थाक्सिनविरुद्ध न्यायिक वा सैन्य कु हुँदा सडकमा उनको समर्थनमा रातो वस्त्रधारी उत्रिन्थे ।

लामो प्रयासपछि अन्ततः, थाक्सिनको राजनीतिक ब्रान्डलाई तह लगाएजस्तो देखिन्छ । अहिले उनी भ्रष्टाचार र शक्तिको दुरुपयोगको आरोपमा जेलमा छन् । उनले पछिल्लो समय खोलेको फेउ थाई पार्टीले यसै महिना भएको चुनावमा केवल ७४ सिट मात्र जित्न सक्यो । विगतमा थाक्सिनले प्रतिनिधित्व गर्ने उदार प्रगतिशील विचारको प्रतिनिधित्व गर्न एक नयाँ शक्ति देखापरेको छ । यसपटक, यो परिवर्तनको वाचा कुनै धनी नेताले होइन बरु युवाहरूले गरिरहेका छन् । यी तिनै युवा हुन् जसले हरेक पटकको विरोध सैन्य विद्रोह र न्यायिक कुटिलताबाट कमजोर भएको देख्दै हुर्किए । यो समूह थाइल्यान्डको राजतन्त्र, सेना, नोकरशाही र एकाधिकारवादी अर्थतन्त्रमा सुधार गरेर मात्र आफ्नो भविष्य राम्रो हुने आशा गर्छन् ।

यस आन्दोलनको चुनावीमाध्यम बनेको 'फ्युचर फर्वार्ड पार्टी'ले सन् २०१९ को चुनावमा तेस्रो स्थान हासिल गरेको थियो । तर, पार्टीलाई त्यही वर्ष संवैधानिक अदालतले विघटन गरिदियो । फ्युचर फर्वार्ड पार्टीका नेताहरूले मुभ फर्वार्ड नाममा नयाँ दल गठन गरे, जुन सन् २०२३ मा भएको निर्वाचनमा पहिलो दल बन्यो । पार्टी सरकार गठन गर्नका लागि आश्वयक मत हासिल गर्न अन्य लोकतन्त्र समर्थक दलहरूसँग गठबन्धन बनाउन सफल पनि भएको थियो । तर, राजावादी र सेनानिजिकको शक्तिले यसलाई सरकार बनाउनबाट रोके । त्यसपछि फेरि अदाललते त्यस दललाई पनि विघटन गरिदियो । पार्टीका मुख्य नेताहरूलाई १० वर्षसम्म कुनै सरकारी पदका लागि उम्मेदवार हुन नपाउने प्रतिबन्धसमेत लगाइयो ।

मुभ फर्वार्डको विघटनपछि अहिले युवा आन्दोलनको तेस्रो अवतार पिपुल्स पार्टी बनेर आएको छ । गत फेब्रुअरी ८ को चुनावअघि मतसर्वेक्षणमा अगाडि नै देखिए पनि यसले आफ्नो पूर्ववर्ती संस्करणजति सफलता हासिल गर्न सकेन । यसपटक सो पार्टी दोस्रो बनेको छ । पहिलो दल भुमजैथाईले अघिल्लोपटकको भन्दा दोब्बर सिट जितदै १९३ सिट सुरक्षित गर्दा पिपुल्स पार्टीले ११८ सिट मात्र प्राप्त गरेको छ ।

> थाई-कम्बोडियाली सीमा क्षेत्रमा भएको झडपसँगै लामो समयसम्म चलेको राजनीतिक अस्थिरताले सत्तारूढ दल भुमजैथाई पार्टीलाई स्थिरताको वाचाका साथ मतदाता लोभ्याउने आधार तय गऱ्यो । सेना र न्यायपालिकाको समर्थन, बलियो गठबन्धनका साथ भुमजैथाईले आफ्नो चार वर्षको कार्यकाल पूरा गर्न सक्छ ।

शासन वर्ष युवा सुधारवादी शक्तिहरूलाई विभाजन र कमजोर पार्ने प्रयासमा लागि परेको छ । उनीहरूविरुद्ध प्रयोग भएको कतिपय कदम विगतमा थाक्सिनको लोकप्रिय र पुनर्वितरणकारी एजेन्डालाई पराजित गर्न प्रयोग गरिएका रणनीतिकै झल्को आउने खालको छ । गत वर्ष थाई-कम्बोडियाली सीमाक्षेत्रमा भएको झडपसँगै लामो समयसम्म चलेको राजनीतिक अस्थिरताले भुमजैथाईका नेता अनुतिनलाई स्थिरताको वाचाका साथ मतदाता लोभ्याउने आधार तयार पारेको थियो । आफ्नो सैन्यवादी र राष्ट्रवादी सन्देशभन्दा पर पनि अनुतिनलाई दरबारबाट बलियो समर्थन प्राप्त भएको मानिन्थ्यो । अनुतिनले आफ्नो सरकारमा सफल टेक्नोक्रेटहरू सुफाजी सुथुम्पुनलाई वाणिज्यमन्त्री, एक्निति नितिथानप्रापासलाई वित्तमन्त्री र सिहासक फुआङकेटकेवलाई विदेश मन्त्री बनाएका छन् । तिनको सहयोगले अर्थतन्त्र वृद्धि गर्ने र भ्रष्टचार घटाउने उनको वाचालाई मतदाताले पत्तिएकोजस्तो देखिन्छ ।

राजतन्त्र र सेनाको कट्टर समर्थक मानिने क्ला थाम पार्टीका प्रतिनिधिलाई समेटेर अहिले अनुतिनले सरकार गठन गरेका छन् । त्यस पार्टीको नेतृत्व दोषी ठहरिएको लागऔषध तस्कर थमानत प्रोम्पोले गरिरहेका छन् । उसो त वर्तमान सरकारमा थाक्सिनको फेउ थाई पनि सामेल हुने सम्भावना छ । सम्भवतः उनले आफ्नो जेल सजाय नबढोस् भन्ने कुरा सुनिश्चित गर्न, आफ्नी छोरी पेटोङटार्न (पूर्वप्रधानमन्त्री पनि) माथिको अनुसन्धान अघि नबढाउने सर्तमा सरकारलाई समर्थन गरेर गठबन्धन थप बलियो बनाउन सक्छन् ।

सेना र न्यायपालिकाको समर्थन, बलियो गठबन्धनका साथ सत्तारुढ भूमजैथाई पार्टीले आफ्नो चार वर्षको कार्यकाल पूरा गर्न सक्छ । तथापि, सबै कुरा अहिले सोचिएजस्तो सहज भने हुनेछैन । ६५ प्रतिशतभन्दा बढी थाई मतदाताहरूले सेनाले तयार पारेको सन् २०१७ को संविधानलाई प्रतिस्थापन गर्ने चाहना देखाएका छन् ।

पिपुल्स पार्टी दोस्रो स्थानमा धकेलिए पनि उसले पाएको मत राम्रै देखिन्छ । सो पार्टीले देशको राजधानी बैंककका सबै ३३ निर्वाचन क्षेत्रहरू जितेको छ । राष्ट्रव्यापी पार्टी-सूचीअनुसार समानुपातिक आधारमा छुट्याइएका १०० सिटहरूमध्ये ३१ सिट सो पार्टी एक्लैले जितेको छ, जसमा भुमजैथाईको जम्मा १९ सिट मात्र छ । यो मत भनेको देशमा अझै पनि बलियो विपक्ष रहेको संकेत हो ।

अहिलेका लागि, थाइल्यान्डको पुरातन शक्ति विजयी भावमा मुस्कुराइरहेको छ । तर, परिस्थिति पूर्णरूपमा भुमजैथाई पार्टीको पक्षमा भने गइसकेको छैन । यदि अर्थतन्त्र आशातीत रूपमा नसुधिए विगतका विशेषाधिकारमा टाँसिएको शक्ति र राम्रो भविष्यको नारा लगाइरहेका युवा पुस्ताबिच पुनः द्वन्द्व भड्किन सक्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १४५५ : जोहानेस गुटेनबर्गको बाइबल प्रकाशित । जोहानेस गुटेनबर्गको बाइबल संस्करण मुभेबल टाइपमा छापिएको पहिलो पुस्तक थियो, जसले पश्चिममा छापिएको पुस्तकको युगको संकेत गर्छ ।

सन् १९१७ : रुसमा फेब्रुअरी क्रान्ति सुरु भयो । प्रदर्शन र सशस्त्र झडपले अन्ततः रुसी साम्राज्यको विनाश निम्त्यो ।

सन् १९३८ : १२ चिनियाँ लडाकु विमानले जापानमा शृंखलाबद्ध बम विस्फोट गराए ।

सन् १९४७ : इन्टरनेसनल अर्गनाइजेसन फर स्ट्यान्डर्डाइजेसन (आइएसओ)ले आफ्नो नियमित काम सुरु गऱ्यो । आइएसओले साइकल टायरदेखि मिति ढाँचासम्म सबै कुराको मापदण्ड जारी गर्छ ।

सन् १९४१ : ग्लेन टी सिबोर्ग र उनको टोलीले रासायनिक रूपमा प्लुटोनियम पहिचान । रेडियोधर्मी यो तत्वले परमाणु इन्धन वा आणविक हतियारको रूपमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

सन् १९५४ : पोलियोविरुद्ध पहिलो सामूहिक खोप सञ्चालन गरियो, हिलारी कोप्रोब्स्कीको लाइभ पोलियो खोपसँगै भाइरोलोजिस्ट जोनास साल्कको खोप आज पनि प्रयोग हुने दुई संस्करणमध्ये एक हो ।

सन् १९६७ : अमेरिकी सेनाले कम्बोडियन सीमानजिकै युद्धको सबैभन्दा ठुलो आक्रमण सुरु गऱ्यो ।

सन् १९७१ : रुसमा फेब्रुअरी क्रान्ति सुरु । प्रदर्शन र सशस्त्र झडपको परिणामस्वरूप अन्ततः रुसी साम्राज्यको अन्त्य ।

विश्व संक्षेप

दृष्टि गुम्न थालेपछि इमरानलाई कारागार स्थानान्तरण गरिँदै

इस्लामाबाद / पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई आगामी दुई महिनाभित्र इस्लामाबादस्थित नयाँ जेलमा स्थानान्तरण गरिने भएको छ । नयाँ जेल पूर्ण रूपमा निर्माण भएपछि त्यहाँ स्थानान्तरण गरिन लागेको गृहमन्त्री मोहसिन नक्वीले सञ्चारमाध्यमलाई बताए । तर, उक्त कारागार निर्माण सम्पन्न हुन अझै दुई महिना लाग्नेछ । मन्त्री नक्वीले मिडियालाई बताएअनुसार नयाँ जेलमा चिकित्सा सुविधा हुनेछ । भ्रष्टाचार र आर्थिक अनियमितताको मुद्दामा खानलाई इस्लामाबाद अदालतले दोषी ठहर गरेको थियो ।

खानले अदियाला जेलभित्र आँखाको ज्योति गुमाउनु, स्वास्थ्यमा गम्भीर गिरावट आउनु र लामो समयसम्म एकान्त कारावास भोग्नुपरेको रिपोर्ट बाहिर आएपछि नक्वीको टिप्पणी आएको हो । अदालतले नियुक्त गरेको एक वकिलको प्रतिवेदनअनुसार खानले अदियाला जेलभित्र आँखाको ज्योति गुमाउनु, स्वास्थ्यमा गम्भीर गिरावट आउनु र लामो समयसम्म एकान्त कारावास भोग्नुपरेको छ । पाकिस्तानको शक्तिशाली सैन्य प्रतिष्ठानको निगरानीमा खानलाई जानाजानी अमानवीय र अवैध व्यवहार गरिएको बताइएको छ । सर्वोच्च अदालतद्वारा नियुक्त एमिकस क्युरीद्वारा तयार पारिएको विस्तृत प्रतिवेदनले जेल अधिकारीले महिनौंसम्म बारम्बार चिकित्सा गुनासोलाई बेवास्ता गरेपछि इमरान खानको दाहिने आँखाको लगभग ८५ प्रतिशत दृष्टि गुमेको खुलासा गरेको छ । यसअघि, खानकी बहिनी अलिमाले आदियाला जेल सुपरिटेन्डेन्ट अब्दुल गफुर अन्जुमविरुद्ध अदालतको अवहेलना याचिका दायर गरेकी थिइन् ।



पाकिस्तानको सर्वोच्च अदालतले बिहीबार उनको स्वास्थ्य परीक्षणका लागि फेब्रुअरी १६ को समयसीमा तोकेको छ । पाकिस्तानका प्रधानन्यायाधीश याह्या अफ्रिदीले भने, 'इमरानको स्वास्थ्यको मुद्दा सबैभन्दा महत्त्वपूर्ण छ ।' दुई सदस्यीय बेन्चले खानलाई आफ्ना बच्चासँग कुरा गर्न अनुमति दिनुपर्ने पनि आदेश दिएको छ ।

'देशको हितलाई सर्वोपरिमा राखेर विदेश नीति तय'

ढाका / बंगलादेशका प्रधानमन्त्री तथा नेसनलिस्ट पार्टी (बिएनपी)का प्रमुख तारिक रहमानले देशको हितलाई प्राथमिकतामा राखेर विदेश नीति तय गरिने बताएका छन् । भारतसँगको सम्बन्धबारे सोधिएको प्रश्नमा प्रधानमन्त्री रहमानले भने, 'बंगलादेश र यहाँका जनताको हितले हाम्रो विदेश नीति निर्धारण गर्नेछ ।' 'देशका स्वतन्त्रताप्रेमी लोकतन्त्र समर्थक जनताले फेरि एकपटक बंगलादेश नेसनलिस्ट पार्टीलाई जित दिलाएका छन्,' उनले अगाडि थपे 'हामीले बंगलादेश र यहाँका नागरिकको हितको रक्षा गरेर हामी हाम्रो विदेश नीति तय गर्नेछौं ।'

सरकारले अन्तर्राष्ट्रिय सम्बन्धलाई कसरी हेर्ने भन्ने जवाफ दिँदै बिएनपीका वरिष्ठ नेता अमिर खसरु महमुद चौधरीले पार्टी बहुपक्षीयतामा अडिग रहने र देशकेन्द्रित दृष्टिकोणको पछि नलाग्ने बताए । यसो भनिए पनि प्रधानमन्त्रीको 'बंगलादेश पहिलो' नीतिले भारत, चीन र पाकिस्तानजस्ता छिमेकी देशसँग सम्बन्ध सन्तुलन गर्ने लक्ष्य राखेको बताए ।

भारतले निर्वाचित नेतृत्वको पुनरागमनलाई सम्बन्धमा देखिएको अवरोध सुधार गर्ने असवरका रूपमा लिएको छ । अहिले सम्पूर्ण भारतको ध्यान बिएनपीका कार्यवाहक अध्यक्ष तारिक रहमानमा केन्द्रित छ, जसलाई भारतीय अधिकारीले सावधानीपूर्वक हेरिरहेका छन् । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले रहमानलाई भारत भ्रमणको निम्तो दिएका थिए । प्रधानमन्त्री मोदीले छिमेकीलाई बाँध्ने गहिरो ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई जोड दिँदै दुवै राष्ट्रको शान्ति, प्रगति र समृद्धिप्रति भारतको प्रतिबद्धतालाई पुनः पुष्टि गरे ।

अमेरिकी आक्रमणको धम्कीबिच इरानमा अहिलेसम्मकै ठुलो विद्यार्थी प्रदर्शन



> अमेरिकाले इराननजिकै आफ्नो सैन्य उपस्थिति बढाइरहेका वेला विद्यार्थीले विभिन्न विश्वविद्यालयमा सरकारविरोधी विशाल प्रदर्शन गरेका हुन्

इरानमा विभिन्न विश्वविद्यालयका विद्यार्थीहरूले सरकारविरुद्ध विशाल प्रदर्शन गरेका छन् । जनवरीमा सरकारले प्रदर्शनकारीमाथि गरेको घातक दमनपछि विद्यार्थीले अहिलेसम्मको ठुलो प्रदर्शन गरेका हुन् । राजधानी तेहरानको सरिफ युनिभर्सिटी अफ टेक्नोलोजीको क्याम्पसमा प्रदर्शनकारीले प्रदर्शन गरे । राजधानी तेहरान र अन्यत्रका अन्य विश्वविद्यालमा पनि विरोध प्रदर्शन भएका थिए । जनवरीमा सरकारले गरेको दमनका क्रममा मारिएका हजारौंको सम्झनामा विद्यार्थीहरू भेला भएका थिए । अमेरिकाले इराननजिकै आफ्नो सैन्य उपस्थिति बढाइरहेका वेला यो प्रदर्शन भएको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले सीमित सैन्य हमलाको बारेमा विचार गरिरहेको बताएका छन् । तेहरानस्थित अर्को विश्वविद्यालयमा सरकारविरोधी प्रदर्शनकारीहरूले धर्ना दिए भने पूर्वोत्तर क्षेत्रमा ज्याली निकालिएका विवरणमा जनाइएको छ ।

अमेरिका र उसका युरोपेली साझेदारहरूले इरानको परमाणु कार्यक्रम अस्त्र विकासतर्फ बढिरहेको आशंका गरेका छन्, जसलाई तेहरानले अस्वीकार गर्दै आएको छ । अमेरिकी र इरानी अधिकारीहरूले मंगलबार स्विट्जरल्यान्डमा भेटवार्ता गरेका थिए । इरानको आणविक कार्यक्रमलाई रोक्ने उद्देश्यले गरिएको वार्तामा प्रगति भएको बताइएको छ ।

अमेरिकासँग झुक्दैनौं

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पले तेहरानको आणविक कार्यक्रममा सम्झौता गर्न सीमित हमला गर्ने विचार गरिरहेको बताएपछि अमेरिकाको दबाबमा नझुक्ने प्रतिबद्धता व्यक्त गरेका छन् । खाडीमा उच्च तनावबिच पेजेस्कियानको कडा टिप्पणी आएको हो । अमेरिकाले इराननजिकै दुई विमानवाहक र दर्जनौं जेट तैनाथ गरेर आफ्नो सैन्य उपस्थिति बढाइरहेको छ । 'अमेरिकाले भनेजस्तो हामीले कुनै पनि कठिनाइको सामना गर्नेछैनौं,' राजधानी तेहरानमा आयोजित एक कार्यक्रममा पेजेस्कियानले भने ।

'विश्व शक्तिहरू हामीलाई घुँडा टेकाउन कायरताका साथ उभिएका छन्, तर उनीहरूको सपना पूरा हुनेछैन,' उनले भने । इरान र अमेरिकाले यस महिनाको सुरुमा ओमानमा तेहरानको आणविक कार्यक्रमबारे अप्रत्यक्ष वार्ता पुनः सुरु गरे र गत साता स्विट्जरल्यान्डमा दोस्रो चरणको वार्ता गरे । वासिङटन र तेहरानले वार्तालाई समग्रमा सकारात्मक रूपमा वर्णन गरे वार्ता ठोस निष्कर्षमा पुग्न सकेन । इरानी विदेशमन्त्री अब्बास अराघचीले कूटनीतिक समाधान 'आफूहरूको पहुँच' रहेको र तेहरानले 'अर्को दुईदेखि तीन दिनभित्र' वासिङटन पठाउने मस्यौदा सम्झौतालाई अन्तिम रूप दिने योजना बनाइरहेको बताए ।

अन्योल यथावत्

तेहरानस्थित अलजजिराका संवाददाता तोहिद असादीका अनुसार दुई देश 'फेरि एकपटक मुठभेडको अवस्थामा' देखिन्छन् र तेहरान राजधानीका बासिन्दाहरूले कूटनीतिक प्रगतिको संकेतलाई नजिकबाट अवलोकन गरिरहेका छन् । 'युद्ध हुँदैन भन्न सकिँदैन' एक महिलाले अलजजिरालाई भनिन्, 'हामी आफ्नोबारेमा चिन्ता नगरे पनि सन्तानको भविष्यका बारेमा चिन्तित छौं ।'

एक व्यापारीको भनाइमा दुई देशबिचको सैन्य टकराव अन्ततः अपरिहार्यजस्तै देखिन्छ । 'किनभने अमेरिकीहरू इरानले आत्मसमर्पण गरेको हेर्न चाहन्छन्, जुन तेहरानलाई कदापि स्वीकार्य छैन,' उनले भने, 'यदि त्यसो भयो भने अवस्था अझ भयावह हुनेछ किनकि आन्तरिक व्यापार पहिले नै सुस्त अवस्थामा छ,' तर अर्का एक सर्वसाधारणले भने अमेरिकाले इरानलाई कुनै हालतमा जित्न नसक्ने दाबी गर्छन् । उनी भन्छन, 'अमेरिकाले अफगानिस्तान, इराक वा भियतनाममा साँच्चै युद्ध जितेको छैन । अन्तमा, वासिङटन इरानको अगाडि पनि झुक्नेछ । यसबारे मानिसहरूले चिन्ता गर्नुपर्दैन ।' इरान र अमेरिका गत वर्ष पनि आणविक वार्तामा संलग्न थिए, तर इजरायलले देशमा आक्रमण सुरु गरेपछि प्रयास असफल भयो जसका कारण १२ दिनको युद्ध सुरु भयो । अमेरिकाले फोर्दो, नातान्ज र इस्फहानमा तीन इरानी आणविकस्थलमा बम विस्फोट गराएर यसमा सामेल भयो । सरकारविरोधी प्रदर्शनकारीमाथि घातक इरानी कारबाहीपछि ट्रम्पले जनवरीमा सैन्य कारबाहीका धम्की दिए । तेहरानले यस क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डामा आक्रमण गर्ने धम्की दिनुका साथै खाडी अरब राज्य तेल निर्यातका लागि महत्त्वपूर्ण जलमार्ग होर्मुजको जलडमरु बन्द गर्न सक्ने चेतावनी दिएको छ ।

सन् २००३ पछिको ठुलो हवाई शक्ति

अमेरिकी मिडियाका अनुसार २००३ मा इराकमाथि आक्रमण गरेपछि वासिङटनले यस क्षेत्रमा जम्मा गरिरहेको हवाई शक्ति अहिलेसम्मकै सबैभन्दा ठुलो छ । पछिल्ला केही दिनमा अमेरिकाले मध्यपूर्वमा १२० भन्दा बढी विमान तैनाथ गरेको छ, जबकि विश्वको सबैभन्दा ठुलो विमानवाहक युएसएस जेराल्ड आर फोर्ड अरब सागरमा पहिले नै खडा गरिएको छ । त्यस्तै, विमानवाहक युएसएस अब्राहम लिंकन पनि तयारी अवस्थामा छ । इरानले शुक्रबार संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई लेखेको पत्रमा जोड दिएको छ कि निर्माणलाई 'केवल बयानको रूपमा लिनुहुँदैन ।' यद्यपि, इरानले 'तनाव वा युद्ध नखोजेको र युद्ध सुरु गर्ने मनस्थितिमा नरहेको बताइएको छ ।

पछिल्लो अवस्था हेर्दा अमेरिकाले जुनसुकै वेला इरानमा हमला गर्न सक्ने र तेहरानले प्रत्याक्रमणको सम्भावना देखिन्छ, जसलाई ट्रम्पका पछिल्ला अभिव्यक्तिले पनि पुष्टि गर्छन् । अमेरिकाले सीमित सैन्य कारबाही गर्न सक्छ कि सक्दैन भन्ने पत्रकारको प्रश्नको जवाफमा ट्रम्पले भनेका छन्, 'म भन्न सक्छु कि आक्रमणबारे मैले सोचिरहेको छु ।' क्षेत्रीय द्वन्द्वको डरले स्विडेन, सर्बिया, पोल्यान्ड र अस्ट्रेलियालगायतका देशहरूले इरानमा रहेका आफ्ना नागरिकहरूलाई देश छोड्न सल्लाह दिएका छन् । अमेरिकाले आगामी १० दिनभित्र इरानमा निर्णायक कदम चाल्न सक्ने अनुमान गरिएको छ ।

- अलजजिराबाट


अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ११ फागुन ०८२

भारतबाट थप सय मेगावाट बिजुली किन्ने दोस्रो टेन्डरमा पनि परेन आवेदन

प्राधिकरणले अहिले इन्डियन इनर्जी एक्सचेन्जबाट ६६४ मेगावाटसम्म र पिटिसी इन्डियाबाट १८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गरिरहेको छ



विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकाल भन्छन्-



मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतबाट थप सय मेगावाट विद्युत् खरिद गर्न दोस्रोपटक आह्वान गरिएको टेन्डरमा पनि भारतका कुनै कम्पनीले चासो देखाएन । नेपाल विद्युत् प्राधिकरणले आगामी अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म)मा भारतबाट थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न दोस्रोपटक १ फागुनदेखि १० फागुनसम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो । तर, दोस्रोपटक आह्वान गरिएको टेन्डरमा पनि एउटै आवेदन नपरेपछि प्राधिकरणले पाँच दिन म्याद थप गरेको छ । अब भारतीय कम्पनीले १५ फागुन (१७ फेब्रुअरी)सम्म प्रस्ताव पेस गर्न सक्छन् ।

प्राधिरकणले अहिले इन्डियन इनर्जी एक्सचेन्जबाट ६ सय ६४ मेगावाटसम्म र पिटिसी इन्डियाबाट एक सय ८० मेगावाट विद्युत् २४ घण्टा नै खरिद गरिरहेको छ । पिटिसीसँगको सम्झौताको म्याद मेसम्म भए पनि इन्डियन इनर्जी एक्सचेन्जबाट विद्युत् खरिद गर्न पाउने अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ । त्यसपछि २४ घण्टा नै बिजुली पाउनेमा चुनौती छ ।

सोही कारण प्राधिकरणले भारतबाट फेब्रुअरी, मार्च, अप्रिल र मेमा २४ घण्टा नै थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न जनवरी १९ देखि २८ तारिख (४ माघदेखि १४ माघ)सम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो । त्यसमा विद्युत्को खरिद दर अधिकतम ६.९० भारु तोकिएको थियो । तर, त्यसमा कुनै पनि प्रस्ताव परेन ।

त्यसपछि प्राधिकरणले सोही मूल्यमै अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म)मा १००-१०० मेगावाट विद्युत् खरिद गर्न १३ फेब्रुअरीदेखि २२ फेब्रुअरीसम्म (१ फागुनदेखि १० फागुनसम्म)को म्याद राखेर टेन्डर आह्वान गरेको थियो । दोस्रोपटक पनि प्रतियुनिट मूल्य ६.९० भारु नकट्ने गरी प्रस्ताव माग गरिएको छ । तर, दोस्रो टेन्डरमा पनि प्रस्ताव नपरेपछि आवेदन पेस गर्ने समय पाँच दिन थप गरिएको हो । यसमा भारतका विद्युत् व्यापार कम्पनी सहभागी हुन सक्नेछन् । प्रस्ताव पेस गर्ने कम्पनीले १०० मेगावाट नबढ्ने गरी न्यूनतम २५ मेगावाट र त्यसले भाग जाने परिमाणमा प्रस्ताव पेस गर्नुपर्नेछ । अर्थात्, २५ मेगावाट, ५० मेगावाट, ७५ मेगावाट वा १०० मेगावाट विद्युत् उपलब्ध गराउने गरी प्रस्ताव पेस गर्नुपर्नेछ । प्रस्ताव पेस गर्ने कम्पनीले ५० लाख भारु धरौटी पनि राख्नुपर्नेछ ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले प्रस्ताव पेस गर्ने म्याद पाँच दिन थप गरेको बताए । 'आवेदन नपरेपछि म्याद थप गरिएको हो । यद्यपि, यसपालि भारतीय कम्पनी विद्युत् बिक्री गर्न इच्छुकजस्तो देखिएका छन् । १० दिनको म्याद पर्याप्त नभएको भन्दै उनीहरूले म्याद थप गरिदिन आग्रह पनि गरेका छन् । सोहीअनुसार पनि म्याद थप गरिएको हो । १० दिन आफैंमा पर्याप्त समय पनि थिएन,' उनले भने, 'सायद, अबको पाँच दिनमा भारतीय विद्युत् व्यापार कम्पनीले आफ्ना उत्पादकसँग समन्वय गरेर प्रस्ताव पेस गर्छन् होला ।'

उक्त समयमा भारतमा पनि विद्युत् माग बढी हुने भएकाले चुनौती भएको उनको भनाइ छ । 'त्यसवेला गर्मी सिजन सुरु भइसकेको हुन्छ । भारतमा पनि विद्युत् माग उच्च हुन्छ,' उनले भने, 'त्यसले गर्दा यो समयमा विद्युत् पाउन मुस्किल नै हुन्छ । तर, यसपालि भारतीय कम्पनी सम्पर्कमा आउँदा आशा भने छ ।'

म्याद थपको विषयमा बोर्डसँग लिइएन सहमति

यसअघि प्राधिकरण सञ्चालक समितिले १० दिनको म्याद राखेर टेन्डर आह्वान गर्न व्यवस्थापनलाई सहमति दिएको थियो । तर, व्यवस्थापन समूहले बोर्डसँग समन्वयन नगरी टेन्डरको म्याद अर्को पाँच दिन थप गरेको स्रोतको भनाइ छ । 'बोर्डले दिएको समय १० दिनको हो । त्यो अवस्थामा कि टेन्डर रद्द गरेर पुनः टेन्डर आह्वान गर्नुपर्ने थियो कि बोर्डको सहमति लिनुपर्ने थियो,' स्रोतले भन्यो, 'तर, पाँच दिन थप गर्न बोर्डको सहमति लिइएको छैन ।'

सञ्चालक समितिका एक सदस्यले यसमा व्यवस्थापन समूह नै बढी जिम्मेवार हुने बताए । 'हामीले दिएको समय १० दिनकै हो । तर, अहिले विद्युत् पाउन सकेको अवस्था देखिएन । यो वेला कसरी हुन्छ विद्युत् ल्याउनु भनेका छौं,' उक्त सञ्चालकले भने, 'बोर्डले आवश्यक सहजीकरण गर्छ ।'

बर्खामा विद्युत् निर्यात गर्न सक्ने नेपाल सुक्खा याममा भने आयातमै निर्भर हुनुपर्छ । सुक्खा याममा भारतबाट विद्युत् ल्याएर आन्तरिक माग व्यवस्था गरिन्छ । अहिले पनि प्राधिकरणले भारतको पिटिसी इन्डियाबाट स्थिर मूल्यमा एक सय ८० मेगावाट विद्युत् आयात भइरहेको छ । दैनिक २४ घण्टा नै विद्युत् खरिद गर्ने यो सम्झौताको म्याद मेसम्म छ । यसैगरी, इन्डियन इनर्जी एक्सचेन्जबाट प्रतिस्पर्धी मूल्यमा ६ सय ५४ मेगावाटसम्म विद्युत् खरिद गर्न पाइन्छ । २४ घण्टा नै विद्युत् खरिद गर्न पाउने गरी भारतले दिएको यसको अनुमतिको अवधि भने १७ चैत (३१ मार्च)सम्म छ ।

त्यसपछि भारतले कुन मोडेलमा विद्युत् खरिद गर्न दिन्छ भन्नेमा अन्योल छ । भारतले यसअघि रातिको समय वा पिक आवरमा विद्युत् खरिद गर्न दिने गरेको थिएन । १७ चैतसम्म २४ घण्टा नै विद्युत् खरिद गर्न पाउने भए पनि त्यसपछि कुन मोडेलमा स्वीकृति पाइन्छ भन्नेमा अन्योल छ । भारतले २४ घण्टा नै विद्युत् नदिएको अवस्थामा पिटिसी इन्डियाबाट आउने एक सय ८० मेगावाट विद्युत् पर्याप्त हुँदैन । नेपालमा अभाव हुने समयमा नै भारतमा गर्मी उच्च हुन्छ । त्यसले गर्दा भारतमा विद्युत्को माग पनि उच्च हुन्छ । त्यहाँ उपलब्ध हुने विद्युत् अहिले नै बुकिङ भइसकेका छन् । त्यो वेलामा विद्युत् महँगो पनि हुन सक्छ । त्यही कारण अधिल्लो टेन्डरमा आवेदन नपरेको प्राधिकरणको विश्लेषण छ । यद्यपि, छुट्पुट, मौज्दात वा रद्द भएका विद्युत् पाउने आशामा प्राधिकरणले पुरानै दरमा नयाँ टेन्डर आह्वान गरेको थियो । तर, सुरुको म्यादमा आवेदन नपर्दा विद्युत् पाउने सम्भावना अझै पनि न्यून रहेको देखिन्छ । यद्यपि, भारतीय कम्पनी सम्पर्कमा आएका कारण केही आशा पनि रहेको प्रवक्ता ढकालले बताए ।

सात महिनामा भित्रियो साढे ६५ अर्ब वैदेशिक ऋण, कुल ऋण २७.३५ खर्ब

४५ प्रतिशतले बढेर सात महिनामा १२ अर्ब ८४ करोडको वैदेशिक अनुदान प्राप्त, चालू आर्थिक वर्षमा बाह्य ऋणको साँवा भुक्तानीमा २६ अर्ब ७६ करोड खर्च

पवन तिमिल्सिना/नयाँ पत्रिका



चालू आर्थिक वर्ष ०८२/८३ को सात महिना (साउनदेखि माघसम्म)मा ६५ अर्ब ५३ करोड रुपैयाँको वैदेशिक ऋण भित्रिएको छ । यो अघिल्लो आर्थिक वर्ष ०८१/८२ को सोही अवधिको तुलनामा ६ प्रतिशतले बढी हो । गत आवको पहिलो सात महिनामा ६१ अर्ब ९५ करोडको वैदेशिक ऋण भित्रिएको थियो । योसँगै नेपालको कुल ऋण २७ खर्ब ३५ अर्ब पुगेको छ । चालू आवमा सरकारले दुई खर्ब ३३ अर्ब वैदेशिक ऋण उठाउने लक्ष्य लिएको छ । वार्षिक लक्ष्यको तुलनामा सात महिनामा २८ प्रतिशत ऋण भित्रिएको हो । अर्थ मन्त्रालयको आइतबार बसेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको दोस्रो बैठकमा प्रस्तुत भएको तथ्यांक हो यो ।

त्यस्तै, वैदेशिक अनुदानमा पनि वृद्धि भएको देखिन्छ । चालू आवको सात महिनामा १२ अर्ब ८४ करोड वैदेशिक अनुदान प्राप्त भएको छ । गत आवको सोही अवधिभन्दा ४५ प्रतिशतले बढी हो । अघिल्लो आवको सो अवधिमा आठ अर्ब ८५ करोड मात्रै अनुदान भित्रिएको थियो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयअनुसार चालू आवको माघ मसान्तसम्म कुल वैदेशिक ऋण १४ खर्ब १६ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ । यो कुल गार्हस्थ्य उत्पादनको २४.३५ प्रतिशत हो । त्यस्तै, बाह्य ऋणको साँवा भुक्तानीमा सात महिनामा २६ अर्ब ७६ करोड खर्च भएको छ । बाह्य ऋणमा विदेशी मुद्राको विनिमय दरमा आएको उतारचढावले ७० अर्ब ६८ करोड नोक्सानीसमेत भएको छ ।

सार्वजनिक ऋण दायित्व दुई खर्ब १४ अर्ब ५६ करोड रुपैयाँले थपिएको छ । १ साउनसम्ममा देशको कुल सार्वजनिक ऋण दायित्व २६ खर्ब ७४ अर्ब पाँच करोड रुपैयाँ रहेकोमा माघ मसान्तसम्म आइपुग्दा २७ खर्ब ३५ अर्ब ७१ करोड कायम भएको छ । सरकारले ऋणको साँवा भुक्तानीमा एक खर्ब ५२ अर्ब ८९ करोड खर्चिएको छ । हालको ऋण दायित्व कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४५.९५ प्रतिशत हो ।

बाह्य ऋण सरकारको वार्षिक लक्ष्यको ४९.१९ प्रतिशत हो । चालू आवमा दुई खर्ब ३३ अर्ब ६६ करोडको बाह्य ऋण उठाउने लक्ष्य थियो । आन्तरिक ऋण दायित्व एक खर्ब ७८ अर्ब सात करोडले बढेर १३ खर्ब १९ अर्ब ५३ करोड कायम भएको छ । यो जिडिपीको २१.६ प्रतिशत हो । आन्तरिक ऋण भुक्तानीमा एक खर्ब २७ अर्ब ७६ करोड खर्च भएको छ । सरकारले खर्च धान्न राजस्व संकलन कमजोर हुँदा आन्तरिक ऋणमा निर्भरता बढाइरहेको देखिन्छ । सात महिनामा सरकारले लक्ष्यको ८१.७ प्रतिशत अर्थात् ६ खर्ब ६५ अर्ब राजस्व संकलन गरेको छ । यो आर्थिक वर्षमा सरकारले तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य छ ।



■ दुई निकायको फरक आँकडा

वैदेशिक ऋणसम्बन्धी तथ्यांकमा भने दुई निकायबिच फरक तथ्य देखिन्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालय (पिडिएमओ)का अनुसार चालू आवको सात महिनामा ३७ अर्ब ७९ करोड वैदेशिक ऋण थपिएको छ । पिडिएमओले दातृ निकायद्वारा आयोजनाहरूमा सोझै भुक्तानी गर्ने तथ्यांकको लेखांकन नगर्ने भएकाले यसको आँकडा महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकभन्दा कम देखिने गरेको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखाले महालेखाबाट वैदेशिक ऋणको तथ्यांक लिने गरेको छ । अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखा प्रमुख डा. धनीराम शर्माका अनुसार कतिपय आयोजनामा दातृ निकायबाट सोझै भुक्तानी हुने भएकाले त्यसको लेखांकन महालेखा नियन्त्रकको कार्यालयबाट मात्रै हुने गरेको हुँदा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भन्दा बढी अंक देखिएको हो । उनले भने, 'सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले दातृ निकायहरू आयोजनामा गर्ने सोझो भुक्तानीको तथ्य लेखांकन अहिले गर्दैन । त्यसैले त्यस निकायले देखाउने ऋणको तथ्यांक तुलनात्मक रूपमा कम नै हुन्छ ।'

पेट्रोलमा इथानोल मिसाउने नीतिबाट बहुपक्षीय क्षेत्र उत्साहित

नयाँ पत्रिका

पेट्रोलमा इथानोल मिश्रण प्रकियाबाट बहुपक्षीय क्षेत्र लाभान्वित हुने सरोकारवालाले बताएका छन् । देशको इन्धन सुरक्षा, आयात प्रतिस्थापन र विदेशी मुद्रा सञ्चितिमा महत्वपूर्ण योगदान पुऱ्याउने भन्दै बहुपक्षीय क्षेत्र उत्साहित भएको उनीहरूले बताएका हुन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनीहरूले यसका लागि सरकार र निजी क्षेत्र तयार रहेको बताएका हुन् । लामो समयदेखि चर्चामा रहेको यो विषयले हालै मन्त्रिपरिषद्बाट 'पेट्रोलमा इथानोल मिसावट गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' स्वीकृत भएसँगै यसले मूर्तरूप लिन लागेको हो ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिश्रण गर्दा नेपालबाट वार्षिक करिब ६ अर्बबराबरको पेट्रोलियम आयात घटाउन सकिने बताएका छन् । उनले पेट्रोलमा इथानोल मिसाउने निर्णय लामो अध्ययन र छलफलपछि कार्यान्वयनको चरणमा पुगेको बताए । इथानोल उत्पादनका लागि उखुजस्ता कृषि उत्पादन बढ्ने, कृषिभूमि उपयोग विस्तार हुने तथा आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने मन्त्री सिन्हाको भनाइ छ ।

नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले चिनी उद्योगबाट प्राप्त हुने मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली र सिमलतरुलजस्ता कच्चा पदार्थहरू इथानोल उत्पादनका लागि प्रयोग हुने जानकारी दिए ।

नेपाल चिनी उद्योग संघका अध्यक्ष शशिकान्त अग्रवालले २० वर्ष ढिलो गरी गठन आदेश आए पनि कार्यविधि नआएको जानकारी दिए । कार्यविधि नआउँदा अहिले पनि लगानी गरेर प्रक्रिया अघि बढाउन निजी क्षेत्र संशयमा रहेको उनले जानकारी दिए ।

उनका अनुसार एउटा चिनी उद्योगबाट दैनिक २० हजारदेखि ३० हजार लिटरका दरले १२ वटा उद्योगबाट दैनिक तीन लाख ६० हजार लिटरसम्म इथानोल उत्पादन गर्न सकिन्छ । कुल पेट्रोलको आयात परिमाणको करिब तीन प्रतिशत इथानोल स्वदेशी चिनी उद्योगबाट उपलब्ध हुन सक्ने उनले बताए ।

संक्षेप

'७० प्रतिशत लगानीकर्ता पर्ख र हेरको अवस्थामा'

काठमाडौं/ देशका सरदर ७० प्रतिशत उद्योगी-व्यवसायी थप लगानीका लागि 'पर्ख र हेर'को अवस्थामा रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ । जेन-जी विद्रोहपछि लगानीकर्ताको अवस्थाको विषयमा गरिएको अध्ययन प्रतिवेदनले यस्तो औंल्याएको हो । भदौ २३/२४ को जेन-जी विद्रोहका क्रममा निजी क्षेत्रका सम्पत्ति र भौतिक संरचनामाथि समेत आक्रमण भएको थियो । उद्योग-व्यवसायीमाथिको आक्रमणबाट भौतिक क्षतिसँगै मनोवैज्ञानिक असरसमेत परेको थियो । यसै सन्दर्भमा गरिएको अध्ययनले ९८ प्रतिशत लगानीकर्ताको मनोबल कमजोर भएको देखिएको हो । त्यस्तै, ९७ प्रतिशत व्यवसायीले लगानीको वातावरण कमजोर भएको महसुस गरेको तथा ७० प्रतिशत व्यवसायी थप लगानीका निमित्त पर्ख र हेरको अवस्थामा रहेको प्रतिवेदनमा औंल्याएको छ । २ प्रतिशत व्यवसायीले मनोबलमा फरक नपरेको तथा २१ प्रतिशत व्यवसायी भने थप लगानी गर्न इच्छुक रहेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

क्लिकमान्डु डटमकले हालै सार्वजनिक गरेको 'जेन-जी विद्रोहपछि लगानीकर्ताको आत्मविश्वास र व्यावसायिक वातावरण २०८२' शीर्षकको अध्ययन प्रतिवेदनले पनि निजी क्षेत्रको आत्मविश्वास इतिहासकै कमजोर विन्दुमा पुगेको देखाएको छ । 'जेन-जी प्रदर्शनका कारण व्यवसायीले भोगेको क्षतिको प्रकृति विश्लेषण गर्दा भौतिक क्षतिभन्दा ठुलो असर मनोबलमा परेको पाइएको हो,' प्रतिवेदनमा उल्लेख छ ।

'स्रोत अभावले औद्योगिक क्षेत्र निर्माणमा विलम्ब'



बुटवल/ नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठले सरकारले बजेटमा स्रोतको सुनिश्चित नगरीकन काम सुरु गर्दा अगाडि सारिएका आयोजनाले गति लिन नसकेको बताएका छन् । बुटवल उद्योग वाणिज्य संघको ७३औं स्थापना संघको स्थापना दिवसका अवसरमा बुटवलमा आयोजना गरिएको कार्यक्रममा बोल्दै उनले मोतीपुर औद्योगिक क्षेत्र निर्माणमा विलम्ब हुनुको कारण पनि त्यही नै भएको बताए ।

बुटवल उद्योग वाणिज्य संघको ७३औं स्थापना दिवसमा विभिन्न कार्यक्रम गरी मनाइएको छ । संघले स्थापना दिवस मनाउने क्रममा पूर्वअध्यक्ष निर्मलप्रसाद लाकौललाई सम्मान गरेको छ भने विभिन्न विद्यालयमा अक्षयकोष स्थापना गरेको छ । आइतबार संघमा आयोजना गरिएको कार्यक्रममा पूर्वअध्यक्ष लाकौललाई सम्मान गरिएको हो । लाकौल ०६१ देखि ०६३ सम्म अध्यक्ष थिए । संघले बुटवलका तीनवटा सामुदायिक विद्यालयमा छात्रवृत्ति अयक्षकोष स्थापना गरेको छ ।

मदिरा बिक्रीमा कडाइ

सप्तरी/ आसन्न निर्वाचनलाई लक्षित गर्दै स्थानीय प्रशासनले मदिरा बिक्रीमा कडाइ गर्ने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीमा आइतबार बसेको बैठकले निर्वाचनलाई मर्यादित बनाउन यस्तो निर्णय गरेको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।

बैठकले इजाजत प्राप्त मदिरा विक्रेताहरूले मदिरा बिक्री गर्न पाउने समय साँझ सात बजे र होटेल तथा रेस्टुरेन्टमा सेवन गर्ने समय बढीमा सटर बन्द गर्ने गरी आठ बजेसम्म मात्र रहने निर्णय गरेको छ । व्यवसाय दर्ता प्रमाणपत्रविना घरेलु मदिरासमेत बिक्री-वितरण गरिरहेको अवस्थामा प्रचलित कानुनबमोजिम कारबाही गर्ने निर्णय गरिएको बताए ।

जाडोमा कोटाअनुसार आयात गरेन निगमले ग्यास, बजारमा अभाव कायमै

जाडोका लागि तोकिएको मासिक कोटा ४९,५०० टन भए पनि पुसमा ४७,४६०, माघमा ४६,२८३ र मंसिरमा ४५,२२८ टन मात्रै आयात, ग्यास आयात बढाएको निगमको दाबी झुटो प्रमाणित

अजित अधिकारी/नयाँ पत्रिका

बजारमा ग्यास अभाव कायमै रहे पनि पर्याप्त ग्यास आयात गरेको भन्दै आयाल निगमले भ्रामक प्रचार गरेको तथ्य सार्वजनिक भएको छ । निगमको दाबीविपरीत माघमा अघिल्लो महिनाभन्दा कम ग्यास आयात भएको भन्सार विभागको तथ्यांकले पुष्टि गरेको छ । माघमा ४६ हजार दुई सय ८३ टन ग्यास आयात भएको विभागको तथ्यांक छ । जुन अघिल्लो महिना पुसको आयातभन्दा ११ सय ७७ टन कम हो । ग्यास बिक्री गर्दा नोक्सान व्यहोरिरहेको निगमले आफ्नो घाटा कम गर्न पनि ग्यास आयात बढाउन बेवास्ता गरेको निगम स्रोतको भनाइ छ । निगमले अहिले ग्यास बिक्री गर्दा प्रतिसिलिन्डर औसतमा दुई सय ५० रुपैयाँ नोक्सान व्यहोर्नुपरेको छ । सोही कारण ग्यास आयात जति बढी भयो, त्यति नै निगमको नोक्सान पनि बढ्छ ।

विभागको तथ्यांकअनुसार जाडो लागेयता निगमले तोकेको कोटाबराबर पनि आयात भएको छैन । निगमले जाडो मौसमका लागि मासिक ४९ हजार पाँच सय टन कोटा निर्धारण गरेको छ । तर, पछिल्लो तीन महिनायता कोटाअनुसार आयात नै



नभएको भन्सार विभागको तथ्यांक छ । मंसिरमा ४५ हजार दुई सय २८ टन र पुसमा ४७ हजार चार सय ६० टन ग्यास आयात भएको विभागले जनाएको छ । खपत बढ्ने वेलामा कोटाअनुसार ग्यास लोड नहुँदासमेत निगम व्यवस्थापनले चासो नदिएपछि माघ लाग्नासाथ अभाव सुरु भएको थियो ।

भन्सारको तथ्यांकअनुसार अघिल्लो वर्षभन्दा अहिले ग्यासको समग्र आयात नै ९.२४ प्रतिशत घटेको छ । जबकि, वार्षिक करिब १० प्रतिशतले ग्यास खपत बढ्ने प्रवृत्ति छ । बर्सेनि आयात परिमाण बढाउनुपर्ने दायित्वविपरीत आयात घटेको तथ्यांकलाई समेत निगम व्यवस्थापनले 'अनदेखा' गरेकाले अहिले बजारमा आपूर्ति असहजताको स्थिति आएको हो ।

निगम प्रवक्ता मनोज ठाकुरले भने फेब्रुअरी महिनाका लागि नियमितभन्दा दुई हजार टन बढी कोटा तोकिएको र सबै परिमाण लोड हुने अवस्थामा रहेको बताए । 'फेब्रुअरीलाई कोटा बढाइएको हो, सबै परिमाण उठ्ने अवस्था छ,' उनले भने, 'केही ठुला उद्योगले कोटाअनुसार ग्यास लोड गर्न नसक्दा माघ महिनाको आयात कम हुन गएको हो ।' त्यस्तै नेपालमा सबैभन्दा बढी ग्यास आयात हुने इन्डियन आयल कर्पोरेसन (आइओसी)को बरौनी रिफाइनरी मर्मतका कारण माघको पहिलो सातादेखि कोटाअनुसार ग्यास आयात हुन नसकेको निगमको भनाइ छ । नेपालमा ग्यास ढुवानी गर्ने धेरै भारतीय बुलेटहरूले पनि नेपालमा ढुवानी गर्न प्राथमिकता नदिएका कारण ग्यास आयातमा समस्या देखापरेको व्यवसायीहरू बताउँछन् । ग्यास ढुवानीमा प्रयोग हुने भारतीय बुलेटको भाडा भुक्तानीमा भएको विलम्बका कारण उनीहरूले नेपालमा छाडेर भारततर्फ नै काम गर्न थालेका कारण कोटाअनुसार आयात हुन नसकेको स्रोतको भनाइ छ ।

कोटाअनुसार ग्यास उठाउन उद्योगीलाई दबाब दिनुको सट्टा आयात बढाइरहेको भ्रामक जानकारी दिए पनि बजारमा आपूर्ति सहज नभएपछि निगमले टेकुस्थित पुरानो कार्यालयबाट नेपाल, एभरेस्ट र सुगम ग्यासको अस्थायी बिक्री डिपो सञ्चालन गरेको छ ।

■ नेपाल ग्यासलाई सचेत नगराउँदाको परिणाम

पछिल्लो तीन महिनायता 'नेपाल ग्यास'ले तोकिएको कोटाअनुसार ग्यास आयात गरेको छैन । नेपाल ग्यासका लागि मासिक २३ सय टन कोटा निर्धारण गरिएको छ । तर, प्रत्येक महिना ८० प्रतिशत हाराहारी मात्रै नेपाल ग्यासले आयात गरिरहेको छ । सो उद्योगले कात्तिक, मंसिर र पुसमा लगातार कम ग्यास ल्याएकाले माघ लाग्नासाथ काठमाडौं उपत्यकामा अभाव देखियो । 'निगम व्यवस्थापनलाई यसबारे जानकारी थियो, तैपनि नेपाल ग्यासलाई तोकिएको कोटाअनुसार ग्यास ल्याउन कसैले सचेत गराएनन्,' एक कर्मचारीले भने ।

सानिमा रिलायन्सको 'मिट द च्याम्पियन'

काठमाडौं/ सानिमा रिलायन्स लाइफ लिमिटेडले 'मिट द च्याम्पियन' कार्यक्रम आयोजन गरेको छ। कम्पनीले चालू आर्थिक वर्षको अर्धवार्षिक व्यावसायिक समीक्षाको कार्य मूल्यांकन, उत्कृष्टलाई सम्मान तथा बाँकी रहेको समयको व्यावसायिक रणनीति सम्बन्धमा छलफल गर्न यो कार्यक्रम गरेको बताइएको छ।

कार्यक्रममा कम्पनी सञ्चालक समितिका अध्यक्ष रतनलाल केडिया, प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, नायब प्रमुख कार्यकारी अधिकृत निराजन कँडेल, प्रमुख व्यवसाय अधिकृत, प्रदेश प्रमुख, विभागीय प्रमुख, क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजरहरू तथा उत्कृष्ट शाखा प्रबन्धकहरूको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनी अध्यक्ष केडियाले स्पष्ट लक्ष्य निर्धारण, प्रभावकारी रणनीति निर्माण तथा अनुशासित कार्यान्वयनमार्फत कम्पनीलाई सफलताको शिखरतर्फ अग्रसर गराउन सकिने उल्लेख गरे। चुनौतीपूर्ण आर्थिक अवस्था तथा मर्जरपछिको



परिवेशका बाबजुद पनि एकता, सामञ्जस्यता र प्रतिबद्धताका साथ कार्य गर्दा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने विश्वास व्यक्त गरे। सिइओ पाण्डेले कम्पनीको तथ्यांक तथा प्रगति विवरण प्रस्तुत गरेका थिए।

कार्यक्रममा आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्म विभिन्न विधामा उत्कृष्ट कार्य तथा लक्ष्य हासिल गरेका क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर शाखा, उपशाखा प्रमुखहरूलाई सम्मानित गरिएको थियो।

कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृतले उपलब्ध स्रोत, साधन, ज्ञान, सिप र उत्कृष्ट ग्राहक सेवामार्फत कम्पनीको ग्राहक संख्या विस्तार गरिने योजना रहेको बताए।

एसजे मोटो र हिमालयन जाभाद्वारा काठमाडौं आउटलेट सञ्चालन

काठमाडौं/ पोखराको पहिलो संयुक्त आउटलेटको सफलतापछि एसजे मोटो र हिमालयन जाभाले काठमाडौंमा रहेको आफ्नो दोस्रो आउटलेट नयाँ र परिमार्जित स्वरूपमा पुनः सञ्चालनमा ल्याएका छन्। सन् २०२१ मा स्थापना भएको यस आउटलेटलाई अहिले पूर्ण रूपमा नयाँ सजावट र फराकिलो सिटिङ एरियासहित स्तरोन्नति गरिएको बताइएको छ। यसको मुख्य उद्देश्य बाइक पारखी र कफीप्रेमीलाई एउटै छानामुनि ल्याउनु हो।



काठमाडौंको यो आउटलेटमा ग्राहकले प्रिमियम कफीको स्वाद लिँदै एक-आपसमा भेटघाट गर्न र मोटरसाइकल संस्कृतिको मज्जा लिन सक्नेछन्। यसलाई एउटा सामान्य क्याफे मात्र नभएर उत्कृष्ट लाइफस्टाइल डेस्टिनेसनका रूपमा विकास गर्ने एसजे मोटो र हिमालयन जाभाको साझा दृष्टिकोण रहेको बताइएको छ। नयाँ आउटलेटमा ग्राहकको सुविधा, आपसी भाइचारा र कनेक्टिभिटीलाई विशेष प्राथमिकता दिइएको छ।

एसजे मोटोका संस्थापक सौरभ ज्योतिले भने, 'पोखरामा पहिलो संयुक्त आउटलेट खोलेदेखि नै हामीले बाइकर र कफीप्रेमीको समुदाय बढ्दै गएको पाएका छौं।'

२७.५९ अंकले घट्यो नेप्से

काठमाडौं/ साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक २७.५९ अंकले घटेर बजार दुई हजार ६१४.५५ विन्दु कायम भयो। कारोबार रकम यसअघिको दिनको आठ अर्ब २२ करोडबाट घटेर ६ अर्ब ६६ करोड ५९ लाख रुपैयाँमा झऱ्यो।

आइतबार एक करोड ५९ लाख ८९ हजार कित्ता सेयर ७२ हजारपटक खरिद-बिक्री भयो।

नेप्सेका १३ वटै समूहका सूचक घटेका छन्। व्यापार समूह सर्वाधिक ३.६१ प्रतिशतले ओरालो लाग्दा विकास बैंक, होटेल तथा पर्यटन, जलविद्युत् र उत्पादन तथा प्रशोधन समूह एक प्रतिशतभन्दा धेरैले घट्यो। समग्रमा बजारका सबै सूचक घटे पनि आज सालपा विकास बैंकको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

यसैगरी, रिलायन्स स्पिनिङ मिल्स र कालिका लघुवित्तका लगानीकर्ताले क्रमशः नौ र पाँच प्रतिशतभन्दा धेरै कमाए।

नेपाल बैंक र सिग्मा डायग्नोस्टिक्सबिच सम्झौता

काठमाडौं/ नेपाल बैंक र सिग्मा डायग्नोस्टिक्सबिच छुट सम्झौता भएको छ। यस बैंकमा खाता रहेका ग्राहक, बैंकका कर्मचारी र उनीहरूका परिवारका सदस्यलाई छुट दिने सम्झौता गरिएको हो। शुक्रबार भएको सम्झौतामा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रमुख निर्मल सुवेदी र सिग्मा डायग्नोस्टिक्सका तर्फबाट ल्याब निर्देशक वेदप्रकाश मिश्रले हस्ताक्षर गरेका हुन्।



सम्झौताबमोजिम बैंकका ग्राहकले भक्तपुर- ९, राधेराधेस्थित सिग्मा डायग्नोस्टिक्समा प्याथोलोजी ल्याबका विविध सेवा शुल्कमा २० प्रतिशतदेखि ५० प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको छ। यो सहयकार्यबाट बैंकका ग्राहकले उक्त ल्याबबाट प्रदान गरिने छुटको लाभ उठाउन सक्नेछन्।

बिमालेख हराएको सूचना

मिति २०८२/११/०१ गते महोत्तरी बाट सिन्धुलि हुँदै काठमाडौं सम्म जाँदा मेरो Life Insurance Corporation (Nepal) Limited बाट जारी भएको बिमा लेख हराएको हुँदा फेला पार्नुभएका महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क स्थानमा जानकारी गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु।

नाम : **अम्बिका प्रसाद गौतम**
बिमा लेख नं. : ११००५७३३९
सम्पर्क नं. : ९८४८६४८५५६

शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.

मध्यपुर थिमी-४, शंखधर चोक, भक्तपुर, फोन नं ०१-५०५३३५२

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८२/११/११ गते

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गर्नुभएको ऋण रकमको संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनका लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा पनि चुक्ता गर्न आउनु नभएकोले ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको सम्पर्कमा आई आफुले लिएको ऋणको बुझाउन बाँकी सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरो/तिरान बुझाई ऋण चुक्ता/भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी र जमानीकर्तालाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र पनि सो ऋण चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरूलाई कालोसुचीमा राखी फोटोसहित पत्रपत्रिकामा तथा अन्य निकायमा नाम प्रकाशन गर्ने जानकारी गराउदै ऋणको सुरक्षणको रूपमा संस्थालाई दृष्टीबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जेजस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, सहकारी निर्देशिका, संस्थाको विनियमावली तथा कार्यविधि र अन्य प्रचलित ऐन कानून बमोजिम धितो रहेको जग्गा तथा सो जग्गामा निर्मित घर तथा लिगलगापात समेत लिलाम बिक्री गरि संस्थाको लेना रकम असुल उपर गरिनेछ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाममा बिक्री नभएमा उक्त सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम संस्थाले सकार गरी लिन सक्ने छ। उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता असुल नभएमा प्रचलित कानून बमोजिम घर घरानाबाट समेत असुल उपर गरी आवश्यक कारवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

धितोको विवरण

ऋणीको विवरण र नाम, ठेगाना	ऋणीको फोटो	धित्तो सुरक्षण विवरण
नाम थर :**टिका रामपोखरेल** पत्नी : अप्सरा घिमिरे बुबा: हिरा लाल पोखरेल बाजे: इश्वरी प्रसाद पोखरेल ठेगाना: हाल सूर्यबिनायक न.पा.-४, धादिङ् ना.प्र.नं : १८४४, धादिङ्ग		**धनी शुभश्री बचत तथा ऋण सहकारी संस्था लि.को नाउँमा दृष्टीबन्धक पास गरि दिएको** (मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको) जग्गाधनीको नाम : टिका राम पोखरेल ठेगाना: धादिकोट-९ कित्ता नं.: ६९६०, क्षेत्रफल: ०-३-०-० र सो जग्गामा बनेको पक्की घर तथा लिगलगापात समेत
जमानीको विवरण र नाम, ठेगाना नाम थर : **अप्सरा घिमिरे** पती: टिका रामपोखरेल बुबा:भिम प्रसाद घिमिरे ससुराको नाम : हिरा लाल पोखरेल ठेगाना : हाल सूर्यबिनायक न.पा.-४, धादिकोट ना.प्र.न.:२७०६५, धादिङ्ग	**जमानीको फोटो** 	

Government of Sudurpashchim Province
Ministry of Physical Infrastructure Development
Ground Water Resources And Irrigation Development Division Office
Dhangadhi, Kailali

Invitation for Electronic Bids

Date of Publication: 2082/11/11 (23th February 2026)

1. Ground Water Resources And Irrigation Development Division Office Dhangadhi, Kailali invites Electronic NCB Bids for the Project given in the table below.

S. N	Contract identification	Description of works	Estimated Amount Including VAT & PS	Bid Security Amount (Nrs.)	Bid Security Validity Period	Cost of Bid Doc. Fee (Nrs.)
1	GWRIDDO/ WORKS/NCB/ PDSTW/28/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Bhimdatt 1,3,7,8,9 & 10	29,96,080.53	65000.00	120 Days	3000
2	GWRIDDO/ WORKS/NCB/ PDSTW/29/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Bhimdatt 2,5,6,7,9,18 & 19	29,96,080.53	65000.00	120 Days	3000
3	GWRIDDO/ WORKS/NCB/ PDSTW/30/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Bhimdatt 1,3 & 7	59,92,161.09	130000.00	120 Days	3000
4	GWRIDDO/ WORKS/NCB/ PDSTW/31/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Bhimdatt 8, 9 & 10	59,92,161.09	130000.00	120 Days	3000
5	GWRIDDO/ WORKS/NCB/ PDSTW/32/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Bhimdatt 2, 5, 6, 17 & 19	49,84,405.71	110000.00	120 Days	3000
6	GWRIDDO/ WORKS/NCB/ PDSTW/33/2082-083	Construction of 5" Power Drill Tubewell & pump installation works at Godawari 1,3,7,& 10	29,96,080.53	70000.00	120 Days	3000
7	GWRIDDO/WORKS/ NCB/STW/34/2082-083	Construction of 4" Dia. Shallow Tubewell & 2" Dia. Joint Tubewell at Suklaphanta & bedkot	99,70,026.22	215000.00	120 Days	3000
8	GWRIDDO/WORKS/ NCB/PH-DS-ELE-P/35/2082-083	Construction of Pump house ,distribution System, Electrification and pump works at Suklaphanta 4	61,20,102.57	130000.00	120 Days	3000
9	GWRIDDO/WORKS/ NCB/PH-DS-ELE-P/36/2082-083	Construction of Pump house ,distribution System, Electrification and pump works at Suklaphanta 8	26,18,198.83	55000.00	120 Days	3000
10	GWRIDDO/WORKS/ NCB/PH-DS-ELE-P/37/2082-083	Construction of Pump house, distribution System, Electrification and pump works at Krishnapur 9	70,46,825.95	150000.00	120 Days	3000
11	GWRIDDO/WORKS/ NCB/PH-DS-ELE-P/38/2082-083	Construction of Pump house ,distribution System, Electrification and pump works at Ghodaghodi 3	62,42,613.97	135000.00	120 Days	3000
12	GWRIDDO/WORKS/ NCB/PH-DS-ELE-P/39/2082-083	Construction of Pump house ,distribution System, Electrification and pump works at Bhajani 1	29,99,579.66	65000.00	120 Days	3000

2. Eligible Bidders may obtain further information from PPMO's Website: WWW.bolpatra.gov.np/egp.

Division Chief

Government of Nepal
Ministry of Forests and Environment
Department of Forests and Soil Conservation
Climate-Resilient Landscapes and Livelihoods Project

Babarmahal, Kathmandu, Nepal, Phone: +977-1-5320303
Website: http://dofsc.gov.np/, Email:crllpcmu@gmail.com

Invitation for Re-Bids

Date of Notice publication: 23 February, 2026

Grant No. and Title: 0972
Contract No. and Title: CRLLP/PCMU/GOODS/G-01B/2082-083
Deadline for Submission of Bids: 10 March, 2026 12:00 hours, Nepal Standard Time (NST)

1. The Government of Nepal has received financing from the Asian Development Bank (ADB) toward the cost of Climate-Resilient Landscapes and Livelihoods Project. Part of this financing will be used for payments under the contract named above. Bidding is open to bidders from eligible source countries of ADB.
2. The Department of Forests and Soil Conservation, Climate-Resilient Landscapes and Livelihoods Project Project Coordination and Management Unit ("the Purchaser") invites electronic bids from eligible bidders for the Supply and Delivery of 4 WD Double Cab Pickup (the Goods). The delivery/ completion period is Fifteen (15) days from the date of signing of the contract.
3. Open competitive bidding will be conducted in accordance with ADB's Single-Stage: One-Envelope bidding procedure and is open to all bidders from eligible countries as described in the Bidding Document.
4. Only eligible Bidders with the following key qualifications defined in the Bidding Document may participate in this bidding:
   - Successful completion as main supplier within the last 5 (Five) years, of at least 2 (Two) contracts of vehicle supply each valued at Nrs. **24,937,000.00** (Without VAT)
   - The Bidder shall demonstrate that the goods (vehicle) offered have been sold a minimum of Ten (10) units of similar type over the last Five (5) years.
   - Minimum average annual turnover of Nrs **53,436,000.00** calculated as total payments received by the Bidder for contracts completed or under execution over the last 5 (Five) years.
5. To obtain further information and inspect the Bidding Documents, bidders should contact: Attention: The project director Climate-Resilient Landscapes and Livelihoods Project Project Coordination and Management Unit (PCMU), Babarmahal, Kathmandu Nepal Tel No.: 01-5320303 E-mail: crllpcmu@gmail.com
6. Bidder may download the bidding documents for CRLLP/PCMU/GOODS/G-01B (Supply and Delivery of 4 WD Double Cab Pickup) for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit a nonrefundable fee of NPR 5,000.00 and pay in the form of Bank Voucher deposited in the Project's Rajaswa (revenue) account in favor of Department of Forests and Soil Conservation: Name of Bank: Rastriya Banijya Bank Ltd.Teku Branch, Kathmandu Revenue Account No.: 1000200010000 Office Code: 329013501, Revenue Heading No: 14229.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected. Submit your bid
   - on or before the deadline: 10 March, 2026 at 12:00 hrs (Local Time);
   - together with a Bid Security as described in the Bidding Document
   - Bids will be opened on 10 March, 2026 at 13:30 hrs (Local Time); in the presence of Bidders' representatives who choose to attend.
8. When comparing Bids, Domestic Preference will be applied as stipulated in the Bidding Document.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

सुपर खुदी हाइड्रोपावर लिमिटेड
Super Khudi Hydropower Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.३० चारखाल, डिल्लीबजार, काठमाण्डौं, नेपाल। फोन नं.: ०१-४५२४६५५
ईमेल : info@superkhudi.com.np, वेभसाइट : www.superkhudi.com.np

साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिने बारेको सूचना

सुपर खुदी हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी रु.एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी रु. एकतीस करोड मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० (एकतीस लाख मात्र) कित्ता साधारण शेयर सर्वसाधारणको लागि छुट्टाइएको मध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूलाई बाँडफाँट गरी बाँकी १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार मात्र) कित्ता साधारण शेयर मध्ये १०% अर्थात् १,५५,००० (एक लाख पचपन्न हजार मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि र ५% अर्थात् ७७,५०० (सतहत्तर हजार पाँच सय मात्र) कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुमा बाँडफाँट गरेपश्चात् बाँकी रहेको १२,८६,५०० कित्ता (कर्मचारीहरुको लागि छुट्याइएको ३१,००० कित्ता बाहेक) साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८२ फागुन ०५ गते मंगलबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरीदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ फागुन ११ गते** (बैंकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानि साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ फागुन ११ गते** (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गदछौं।

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	**दरखास्त दिन पाउने अधिकतम कित्ता :**	१,००,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्र.सं.	विवरणपत्र हेर्न र प्राप्त गर्न सकिने स्थान	वेभसाइट
१.	निष्काशनकर्ता कम्पनी : सुपर खुदी हाइड्रोपावर लिमिटेडको रजिष्टर्ड कार्यालय का.म.न.पा.३०, काठमाण्डौं।	www.superkhudi.com.np
२.	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं।	www.globalimecapital.com

साथै, श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट www.sebon.gov.np मा हेर्न मिल्ने।

सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

कम्पनीको संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व.२०८२/०८३ आश्विन मसान्त	आ.व. २०८२/०८३	आ.व. २०८३/०८४	आ.व. २०८४/०८५
प्रति शेयर नेटवर्थ (रु.)	१००.१७	१२७.२७	१३३.०८	१३७.५३	१५१.८७	१६१.९३	१७४.६५
प्रति शेयर आम्दानी (रु.)	–	१६.७७	१५.७०	४.४५	२५.७३	१०.०६	१२.७२
संचित नाफा/नोक्सानी (रु. हजारमा)	१,०२५	२,१५,५५३	४,१०,१७५	४,६५,३५०	८,०३,९६३	९,५९,९६०	११,५७,११९

नोटः *आर्थिक वर्ष २०८२/८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षक आचार्य एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री किरण आचार्यद्वारा प्रमाणित गरिएको।

प्रति मेगावाट लागत सम्बन्धी विवरण : संगठित संस्थाको आ.व.२०८१/८२ को आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रकम रु.२०,६९,३८,८९६.५४ मात्र (निर्माण अवधिको ब्याज सहित) रहेको छ भने कुल लागत रु.५,३८,०४,११,३१०।- रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण : विद्युत विकास विभाग बाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था : लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.२१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.४२ वर्ष रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेश्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम भएको व्यवस्था बमेजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाण्डौंबाट मिति २०२५ नोभम्बर १८ गते इस्युअर रेटिङ्ग गराई "CARE-NP BB(Is) [Double B (Issuer)]" रेटिङ्ग प्रदान गरेको छ। यसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (moderate risk of default regarding timely servicing of financial obligations in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ संख्या ४८) मा उल्लेख गरिएको छ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : ई.सं. २०२५/११/१८ **बहाल रहने अवधि : ई.सं. २०२७/०२/११**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ माघ २३ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.superkhudi.com.np, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं।
फोन: ९७७-०१-५९७०१३८ फ्याक्स नं.: ९७७-०१-४५४४७०२
Email: info@gicl.com.np; Web: www.globalimecapital.com

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
सोमबार ११ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

साबिक विजेता भारतविरुद्ध दक्षिण अफ्रिकाको सानदार जित

१८८ रन पछ्याएको भारत १८.५ ओभरमा १११ रनमा अलआउट हुँदा दक्षिण अफ्रिका ७६ रनले विजयी

एजेन्सी

साबिक विजेता भारतले १०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर ८ मा कमजोर सुरुवात गरेको छ। सुपर ८ को समूह '१' को पहिलो खेलमा दक्षिण अफ्रिकाले भारतमाथि ७६ रनको सानदार जित निकालेको हो। जितसँगै दक्षिण अफ्रिकाले महत्त्वपूर्ण २ अंक जोडेको छ। अहमदाबाद रंगशालामा टस जितेर पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले २० ओभरमा सात विकेट गुमाएर १८७ रनको मजबुत योगफल बनाएको थियो।

प्रत्युत्तरमा भारत १८.५ ओभरमा १११ रनमै समेटिँदा दक्षिण अफ्रिका ७६ रनले विजयी भयो। दक्षिण अफ्रिकाले सन् २०२४ को टी-२० विश्वकप फाइनलमा भारतसँग व्यहोरेको हारको बदला लिएको छ। सो विश्वकप फाइनलमा भारतले दक्षिण अफ्रिकालाई पराजित गरेको थियो। दक्षिण अफ्रिका र भारत आ-आफ्नो समूहका विजेता थिए। उनीहरूले समूह चरणमा कुनै पनि खेल गुमाएका थिएनन्। चालू विश्वकपमा भारतको यो पहिलो हार हो।

दक्षिण अफ्रिकाले आफ्नो अपराजित खेल संख्या पाँच पुऱ्याएको छ। भारतविरुद्ध सानदार जित दर्ता गर्ने क्रममा दक्षिण अफ्रिका मार्को जानेसनले घातक बलिङ प्रदर्शन गरे। उनले ३.५ ओभरमा २२ रन खर्चेर चार विकेट लिए। उनले १.१ ओभरमा तिलक बर्मा, ४.३ ओभरमा अभिषेक शर्मा, १८.४ ओभरमा शिवम दुबे र १८.५ ओभरमै जसप्रीत बुमराहको विकेट लिँदै दक्षिण अफ्रिकालाई २ अंक दिलाए। यसैगरी स्पिनर केशव महाराजले पनि कसिलो बलिङ गरी भारतका तीन विकेट आफ्नो नाममा लेखाए।

केशवले १४औँ ओभरमा उत्कृष्ट स्पेल फ्याँकेका थिए। उनले सो ओभरमा तीन विकेट हात पारेका थिए। १४.१ ओभरमा हार्दिक पान्ड्या, १४.३ ओभरमा रिंकु सिंह तथा १४.६ ओभरमा अश्रदीप सिंहको विकेट लिएका थिए। यसैगरी, कोर्बिन बोचले १२ रन दिँदै दुई विकेट लिए। उनले ७.२ ओभरमा वासिंटन सुन्दर र ९.१ ओभरमा सूर्यकुमार यादवको महत्त्वपूर्ण विकेट लिए।



साबिक विजेताको फितलो ब्याटिङ

१८८ रनको लक्ष्य पछ्याएको भारतले सुरुवातदेखि नै कमजोर ब्याटिङ गऱ्यो। इनिङ्सको ०.४ ओभरमै विकेट गुमाएको भारतले त्यसपछि पुनरागमन गर्न सकेन। दक्षिण अफ्रिकाले निरन्तर विकेट लिँदै गएको थियो। भारतका लागि सर्वाधिक रन शिवम दुबेले जोडेका थिए। उनले ३७ बलमा तीन छक्का र एक चौका प्रहार गरी ४२ रन बनाए। हार्दिक पान्ड्याले १७ बलमा १८ तथा कप्तान सूर्यकुमारले २२ बलमा १८ रन जोडेका थिए। ओपनर ईशान किसन शून्यमा आउटट भए। तिलक बर्माले १ रन जोडे। आक्रामक ब्याट्सम्यान रिंकु सिंह सामना गरेको दोस्रो बलमै पेभेलियन फर्के।

दक्षिण अफ्रिकाको दमदार ब्याटिङ

यसअघि पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाको सुरुवात कमजोर भएको थियो। भारतीय फास्ट बलर जसप्रीत बुमराहले दुई र अश्रदीप सिंहले एक विकेट लिएपछि दक्षिण अफ्रिका ३.६ ओभरमा २०/३ को नाजुक अवस्थामा रह्यो। समूह चरणमा उत्कृष्ट ओपनिङ गरेका कप्तान एडेन मार्क्राम र क्विन्टन डी ककले १० रनको साझेदारी गरेका थिए। डी ककले सात बलमा ६ रन जोडे। त्यसपछि कप्तान मार्क्रामले सात बलमा ४ रन बनाए। रायन रिकल्टनले सात बलमा ७ रन बनाएर आफ्नो विकेट बुमराहलाई दिए।

सुरुवातमा धरमराएको ब्याटिङ इनिङ्स डेवाल्ड ब्रेभिस र डेभिड मिलरले सम्हाले। दुवैले चौथो विकेटका लागि केवल ५१ बलमा ९७ रनको साझेदारी गर्दै दक्षिण अफ्रिकालाई बलियो स्थितिमा पुऱ्याए। ब्रेभिसले आक्रामक ब्याटिङ गर्दै २९ बलमा ४५ रन जोडे। उनले समान तीन चौका र छक्का प्रहार गरेका थिए। उनी शिवम दुबेको ओभरमा अभिषेक शर्माबाट क्याच आउट भए। त्यसपछि मिलरले ट्रिस्टनसँग पाँचौँ विकेटका लागि २१ बलमा ३५ रन बटुलेका थिए।

क्रिजमा सेट भइसकेका ब्याट्सम्यान डेभिडलाई वरुण चक्रवर्थीले क्याच आउट गराए। डेभिडले ३५ बलमा सात चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ६३ रनको योगदान दिए। उनी आउट हुँदा दक्षिण अफ्रिका १५.४ ओभरमा १५२/५ को बलियो अवस्थामा रह्यो। ट्रिस्टनले अन्तिमसम्म नटआउट रही दक्षिण अफ्रिकाको रनरेट उकास्ने काम गरे। उनले भारतीय बलरविरुद्ध डेथ ओभरमा आक्रामक हुँदै उत्कृष्ट स्ट्रोक लगाए। उनले २४ बल खेलेर तीन छक्का र एक चौका प्रहार गरी ४४ रनको योगदान दिए। दक्षिण अफ्रिकाले आठौँ विकेटका लागि सात बलमा २० रन जोडेको थियो। भारतले ११ अतिरक्त रन दिएको थियो।

सुपर ८ अंक तालिका

समूह '१'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	१	१	०	२	३.८०
भारत	१	०	१	०	-३.८०

समूह '२'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
इंग्ल्यान्ड	१	१	०	२	२.५५
न्युजिल्यान्ड	१	०	०	१	०.००
पाकिस्तान	१	०	०	१	०.००
श्रीलंका	१	०	१	०	-२.५५

इंग्ल्यान्डविरुद्ध श्रीलंकाको कमजोर ब्याटिङ

पालिकेले/ दुईपटकको विजेता इंग्ल्यान्डले आइसिसी टी-२० विश्वकपअन्तर्गत सुपर ८ मा आयोजक श्रीलंकालाई ५१ रनले पराजित गरेको छ। जितसँगै समूह '२' मा इंग्ल्यान्डले महत्त्वपूर्ण २ अंक जोडेको छ। घरेलु मैदानमा श्रीलंकाले इंग्ल्यान्डविरुद्ध फितलो ब्याटिङ प्रदर्शन गऱ्यो। पहिलो ब्याटिङ गरेको इंग्ल्यान्डले २० ओभरमा नौ विकेट गुमाएर १४६ रन बनाएको थियो। सहज लक्ष्य पछ्याएको श्रीलंका १६.४ ओभरमै ९५ रनमा समेटियो।

चालू विश्वकपमा श्रीलंकाले पहिलोपटक फितलो ब्याटिङ प्रदर्शन गरेको हो। यसअघि समूह चरणमा श्रीलंकाको ब्याटिङ अब्बल थियो। इंग्ल्यान्डको जितमा विल ज्याकले अलराउन्ड प्रदर्शन गरे। उनले ब्याटिङमा १४ बलमा २१ रन बनाउनुका साथै बलिङमा २२ रन खर्चेर तीन महत्त्वपूर्ण विकेट हात पारे। यसै प्रदर्शनका कारण उनी खेलका म्यान अफ दी म्याच भए। प्रतिस्पर्धामा दुसान सनकाले टी-२० आई फर्म्याटमा श्रीलंकाली खेलाडीमध्ये सर्वाधिक छक्का प्रहार गर्ने नाम आफ्नो नाम लेखाए। उनले समग्रमा ९८ छक्का प्रहार गरेका छन्। यसअघि कुशल मेन्डिसले ९७ छक्का ठोकेका थिए। पालिकेलेमा बनेको कुल योगफल श्रीलंका र इंग्ल्यान्डबिच सबैभन्दा कम रह्यो। यो खेलमा दुवै पक्षको ब्याटिङबाट २४१ रन योगफल खडा भएको थियो।



फिलको अर्धशतकीय इनिङ्स

इंग्ल्यान्डले पहिलो ब्याटिङ गर्दा ओपनर फिल साल्टले मात्र अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ४० बलको सामना गरी दुई छक्का र ६ चौकाको सहयोगमा सर्वाधिक ६२ रनको योगदान दिए। ओपनिङ ब्याटिङ गरेका फिल इनिङ्सको १४.२ ओभरमा आउट भए। उनले लगातार छैटौँ विकेटका लागि साझेदारी गरेका थिए। उनी आउट हुँदा इंग्ल्यान्ड १०६-६ को कमजोर अवस्थामा थियो। मध्यक्रमका विलले आक्रामक रूपमा ब्याटिङ गरी चार चौका प्रहार गरे। यसैगरी जेमिए ओभर्टनले १० बलमा १० रन जोडेका थिए।

इंग्ल्यान्डको मध्यक्रम बलियो मानिन्छ। तर, इंग्ल्यान्डले श्रीलंकाविरुद्ध सबैभन्दा बलियो पक्षबाट आशा गरेजस्तो योगदान पाउन सकेन। टोम बान्टोनले ६, कप्तान ह्यारी बुकले १४, साम कुरानले ११ तथा लिआम डवासनले ६ रन जोडे। बलिङमा श्रीलंकाका लागि दुनिथ वेलागागेले २६ रन खर्चेर तीन विकेट लिए। दिल्सान र महिस थिक्षनाले समान दुई विकेट हात पारे।

श्रीलंकाका कप्तान मात्र चले

इंग्ल्यान्डले दिएको १४७ रनको लक्ष्य सहज देखिएको थियो। इँग्लिस बलरले ओसिलो पिचमा श्रीलंकाली ब्याट्सम्यानलाई स्टोक लगाउन अवसर नै दिएनन्। स्ट्राइक बलर जोफ्रा आर्चरले पहिलोपटक उत्कृष्ट बलिङ स्पेल गरे। उनले तीन ओभरमा २० रन खर्चेर दुई विकेट लिए। जिआमले २७ रनमा दुई तथा आदिल रसिदले १३ रनमा दुई विकेट लिँदा श्रीलंकाको ब्याटिङ कमजोर भयो। श्रीलंकाका लागि कप्तान दुसानले सर्वाधिक ३० रनको योगदान दिए। उनले २४ बलमा दुई छक्का र एक चौका प्रहार गरेका थिए। श्रीलंकाका शीर्ष पाँच ब्याट्सम्यान ३४ रनभित्र पेभेलियन फर्केका थिए।

आजको खेल

जिम्बावे — राति ७:१५ बजे — वेस्ट इन्डिज

द हन्ड्रेड बल अक्सनमा सन्दीपले नाम दर्ता गराए

नयाँ पत्रिका

नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछानेले इंग्ल्यान्डमा हुने 'द हन्ड्रेड बल' क्रिकेट प्रतियोगिताका लागि अक्सनमा नाम दर्ता गराएका छन्। अक्सनका लागि ३१ हजार पाउन्ड न्यूनतम मूल्यमा नाम दर्ता गराएका हुन्। बिबिसीका अनुसार आगामी मार्चमा हुने अक्सनमा १८ राष्ट्रका एक हजार खेलाडीले नाम दर्ता गराएका छन्। अक्सन ११ र १२ मार्चमा हुँदै छ। सन्दीप सन् २०२१ मा ओभल इन्भिन्सिबल्सको टोलीमा एक लाख पाउन्डमा अनुबन्ध भएका थिए। तर, भिसा प्रक्रिया ढिलो हुँदा उनी इंग्ल्यान्ड जान पाएनन्। द हन्ड्रेड बलमा आबद्ध हुँदा पनि उनले खेल्न पनि पाएनन्। डेढ महिनाअघि बंगलादेशमा भएको बंगलादेश प्रिमियर लिगमा उनी आबद्ध थिए। उनीआबद्ध टोलीले उपाधि जितेको थियो। बंगलादेश प्रिमियर लिगमा सन्दीपले धेरै अवसर नपाए पनि प्राप्त अवसरमा स्तरीय बलिङ प्रदर्शन गरेका थिए।

नेपालका सन्दीप लामिछानेले इंग्ल्यान्डमा आयोजना हुने द हन्ड्रेड बलमा औसत मूल्य ३१ हजार पाउन्ड राखेका छन्

यसपटकको अक्सनमा अस्ट्रेलिया, दक्षिण अफ्रिका, न्युजिल्यान्ड र वेस्ट इन्डिजबाट कम्तीमा ५० जना खेलाडीले नाम दर्ता गराएको बिबिसीले जनाएको छ। 'विश्वप्रसिद्ध खेलाडीले पनि अक्सनमा समावेश भएका छन्,' बिबिसीले उल्लेख गरेको छ, 'अस्ट्रेलियादेखि वेस्ट इन्डिजका खेलाडी आएका छन्।'



पाकिस्तानका ६७ खेलाडी

द हन्ड्रेड बलमा पाकिस्तानका ६७ जना खेलाडीले अक्सनमा नाम दर्ता गराएका छन्। इंग्ल्यान्डका पूर्वकप्तान माइकल भनले द हन्ड्रेड बलमा सबै राष्ट्रका खेलाडीलाई अक्सनमा छुट भएको बताएका छन्। 'यस प्रतियोगितामा कुनै नियम राखेका छैनौँ। सकेसम्म धेरै खेलाडी आऊन् भन्ने चाहना हो,' उनले भने, 'इंग्ल्यान्डमा हुने द हन्ड्रेड बलको फरक किसिम छ।' गत संस्करणमा पाकिस्तानका साहिद अफ्रिदी तथा ह्यारिस राउफले प्रतिस्पर्धा गरेका थिए। उनीहरूले यसपटक पनि आफ्नो नाम समावेश गरेका छन्। पाकिस्तानी खेलाडीले आफ्नो बोर्डबाट अनुमति लिएपै अक्सनमा नाम समावेश गरेको भनको भनाइ छ। सन् २००९ देखि पाकिस्तानी खेलाडी इन्डियन प्रिमियर लिगमा आबद्ध छैनन्। आइपिएलबाहेक पाकिस्तानी खेलाडीहरू विश्वका विभिन्न फ्रेन्चाइज लिगमा आबद्ध भइरहेका छन्।

सर्वाधिक मूल्य एक लाख पाउन्ड

द हन्ड्रेड बलको अक्सनमा खेलाडीले एक लाख पाउन्डसम्म नाम दर्ता गराएका छन्। पाकिस्तानका सैम आयुब, सदाव खान, मोहमद नवाज तथा नसिम साहले अक्सनमा आफ्नो नाम दर्ता गराउँदा एक लाख पाउन्ड मूल्य राखेका छन्। यसैगरी पाकिस्तानका स्पिनर उस्मान तारिकले पनि एक लाख पाउन्ड नै मूल्य राखेका छन्। यसपटक सहभागी फ्रेन्चाइजले ४५ प्रतिशत पारिश्रमिक बढाएका छन्। इंग्ल्यान्डका जोए रुट, लेग स्पिमर आदिल, विकेटकिपर जोनी बेरिस्टो तथा जोर्दानले पनि अक्सनमा नाम समावेश गरे। चर्चित खेलाडीमा दक्षिण अफ्रिकाका क्विन्टन डी कक, डेभिड मिलर तथा एडेन मार्क्रामसँगै वेस्ट इन्डिजका जासन होल्डर, सेफाने रुथफोर्ड तथा सिमोरान हेटमेयरले पनि अक्सनमा नाम समावेश गरेको बिबिसीले जनाएको छ।

बास्केटबलमा बेलमोन्ट विजयी

काठमाडौं/ मानसिंह र बेलमोन्टले प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको महिलातर्फ सहज जित निकालेका छन्। आयोजक तेजस्वी एकेडेमीको कोर्टमा आइतबार मानसिंहले ह्वाइट हेभेनलाई १६-१० ले पराजित गऱ्यो। बेलमोन्टले एन्जल्स हार्ट नेसनल स्कुललाई २२-१६ ले हरायो। तेजस्वीले संस्कृति शिक्षालयलाई २३-१८ तथा ल्यान्डमार्क एकेडेमीले ह्वाइट हेभेनलाई २५-१५ ले पाखा लगाए।



राष्ट्रिय लिगमा एपिएफ शीर्ष स्थानमा

काठमाडौं/ एपिएफ क्लब राष्ट्रिय लिग फुटबलको शीर्ष स्थानमा उक्लिएको छ। आइतबार भएको खेलमा नवजनजागृति क्लबलाई ४-१ ले हराउँदै एपिएफ शीर्ष स्थानमा उक्लिएको हो। एपिएफले ६ खेलबाट १६ अंक बनाएको छ। उसले मच्छिन्द्र क्लबलाई गोल अन्तरमा पछि पारेको हो। नवजनजागृतिको यो लगातार छैटौँ हार हो। सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा जनजागृतिले अप्रत्याशित रूपमा ३०औँ मिनेटमा १-० को अग्रता लियो। टोलीका लागि निश्चय थापाले अग्रता दिलाएका थिए। जनजागृतिको अग्रता धेरै बेर टिकेन। खेलको ४३औँ मिनेटमा एपिएफले १-१ को बराबरी गोल फर्कायो। एपिएफका कप्तान हरि कार्कीले बराबरी गोल गरेका हुन्। एपिएफले मध्यान्तरपछि १५ मिनेटको अन्तरमा तीन गोल गर्दै बाजीमा मारेको हो। खेलको ४६औँ मिनेटमा युवराज खड्काले एपिएफलाई २-१ को अग्रता दिलाए। खेलको ५६औँ मिनेटमा समीराज थोकरले ३-१ का लागि गोल गरे। अनिश घर्ती क्षेत्रीले ५८औँ मिनेटमा गोल गरेपछि एपिएफको जित सहज भयो।

काबुलमै प्रशिक्षण गराउने गरी नयाँ प्रशिक्षक छान्दै अफगानिस्तान

एजेन्सी

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको समूह चरणबाट बाहिरिएपछि अफगानिस्तानले नयाँ प्रशिक्षक नियुक्त गर्ने भएको छ। विश्वकपमा प्रशिक्षण दिएका प्रशिक्षक जोनाथन ट्रटको राजीनामासँगै अफगानिस्तानले तत्काले नयाँ प्रशिक्षक चयनका लागि प्रक्रिया अगाडि बढाएको हो। अफगानिस्तानको राष्ट्रिय टोलीको प्रशिक्षक बन्न त्यति सहज हुनेछैन। अफगानिस्तान क्रिकेट बोर्डले काबुलमै बसेर प्रशिक्षण गराउनुपर्ने सर्त राखेको छ।

'अफ सिजनका लागि चयन हुने प्रशिक्षकले काबुलमै बसेर खेलाडीलाई प्रशिक्षण गराउनुपर्ने हुन्छ,' बोर्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो सर्त मान्न तयार नहुने प्रशिक्षकका लागि सिफारिस गरिनेछैन।' बोर्डका प्रमुख कार्यकारी अधिकृत नसिब खानले प्रशिक्षकबाहेक सपोर्ट स्टाफलाई समेत खेल नभएको समयमा अनिवार्य रूपमा अफगानिस्तानमै बसेर काम गर्नुपर्ने बताएका छन्। 'अब नयाँ प्रशिक्षक नियुक्त गर्दै छौँ, तर उनको काम गर्ने स्थान काबुल हुनेछ। यसबाहेक अन्य क्षेत्रमा प्रशिक्षण गराउन पाइँदैन,' खानले भने, 'राष्ट्रिय टोलीका प्रशिक्षक घरेलु क्रिकेट र युवा खेलाडीबारे जानकार हुनुपर्छ।' चालू विश्वकपमा अफगानिस्तानले समूह 'डी'मा दुई जित र हारको सामना गरेको थियो। ४ अंकका साथ अफगानिस्तान समूहको तेस्रो बनेको थियो।

दक्षिण अफ्रिकी र एसियाली प्रशिक्षकका चासो

जोनाथनको राजीनामासँगै अफगानिस्तानको मुख्य प्रशिक्षक बन्न दक्षिण अफ्रिका र एसियाली मूलका व्यक्तिले चासो देखाएको सिइओ खानले बताएका छन्। 'अहिले तीनजनाको सर्ट लिस्ट बनाएका छौँ। जसमा दुईजना दक्षिण अफ्रिकाका र एकजना एसियाका प्रशिक्षक छन्,' खानले भने। नयाँ बन्ने प्रशिक्षकले तत्काले श्रीलंकाविरुद्धको एकदिवसीय सिरिजका लागि तयारी गर्नुपर्ने हुन्छ। 'प्रशिक्षकसँगको सम्झौता फाइनल भएपछि श्रीलंका सिरिजमा संलग्न हुन्छौँ,' खानले भने।



अफगानिस्तानको घरेलु क्रिकेट तथा युवा खेलाडीको अवस्था बुझ्न नयाँ प्रशिक्षकले काबुलमा बसेर राष्ट्रिय टोलीलाई प्रशिक्षण गराउनुपर्ने सर्त बोर्डले राखेको छ। अहिलेसम्म दक्षिण अफ्रिकी दुई र एक एसियाली राष्ट्रका प्रशिक्षकले निवेदन दिएका छन्।



जोनाथनको चारवर्षे कार्यकाल

सन् २०२२ मा जोनाथन जोखिम मोलेर अफगानिस्तानको मुख्य प्रशिक्षक बनेका थिए। उनले बोर्डलाई प्रस्ट रूपमा आफूले तटस्थ भूमिमा अफगानी खेलाडीलाई प्रशिक्षण दिने बताएका थिए। यसक्रममा उनले विश्व क्रिकेटकै शक्तिशाली राष्ट्रहरूलाई हराउने दाबी गरेका थिए। जोनाथनले भनेझैँ अफगानिस्तानले यो चार वर्ष अवधिमा शक्तिशाली राष्ट्रहरूलाई हराए। तर, उनले भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरिरहेको टी-२० विश्वकपमा अफगानिस्तानलाई सुपर ८ सम्म पुऱ्याउन सकेनन्। दक्षिण अफ्रिका र न्युजिल्यान्ड जस्तो बलियो टोली समावेश समूहमा रहेको अफगानिस्तानले उनीहरूलाई हराउन सकेन। यद्यपि, दक्षिण अफ्रिका र न्युजिल्यान्डलाई कडा चुनौती दिएका थिए।

जोनाथनको प्रशिक्षणमा अफगानिस्तानले एउटा उचाइ पाएको थियो। आइसिसीले आयोजना गरेका प्रतियोगितामा अफगानिस्तानले पाकिस्तान र अस्ट्रेलियालाई हराउनु नै ठूलो उपलब्धि रह्यो। यसैगरी, सन् २०२४ को टी-२० विश्वकपमा अफगानिस्तानले पहिलोपटक सेमिफाइनलमा स्थान बनाएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com